CC-0. In Public Domain. Digitization by eGangotri

न. 2603

षडानन्दचरित महाकाव्य

भोग्यप्रसाद भण्डारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ने. 2603
दर्ता नं. 96043

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

2603

श्री षडाननचरित महाकाव्य

कवि

भोग्यप्रसाद भण्डारी

प्रकाशक

सनातनधर्म सेवासमिति,

धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक

श्री सनातनधर्म सेवासमिति,

धरान

प्रथम संस्करण—१००० प्रति

मूल्य १५)५० पैसा

C सर्वाधिकार लेखकाधीन

दर्ता नं. १६०५३

मुद्रक

अभय कुमार

आर्यभूषण प्रेस,

ब्रह्माघाट, वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री :

सम्मति

दिलाका संस्कृत विद्यालयका संस्थापक गुरु आबालब्रह्मचारी षडानन ज्यूको नाम प्रसिद्ध छ। वहाँको नाम बारेमा "कलौ विप्रः षडाननः" भन्ने श्लोक उहाँका एक शिष्यले सपनामा पाएकोले 'षडानन' नै हो जस्तो लाग्यो। तर धेरैले 'षडानन्द' भन्ने गरेको, विश्वनाथ "कोही"ले आफ्नो पुस्तकमा 'षडानन्द' उल्लेख गरेको हुँदा दुवै नामले वहाँलाई मान्न सकिन्छ।

वहाँका मुख्य शिष्य नन्दिकेश्वर गुरुज्यूले "आचारादर्शक" भन्ने पुस्तक द्वारा वहाँको जीवनी प्रकाशित गर्नु भयो। स्व० पं० यज्ञनिधि चापागाईज्यूले पनि वहाँको जीवनी प्रकाशित गर्नु भएकोथियो। गोरखपुरको गीता प्रेसबाट पनि वहाँको संक्षिप्त जीवनी प्रकाशित थियो। हाल दिलामा पढाउने ज्ञानराज सुवेदीबाट प्रकाशित 'स्मृति काव्य' पनि हेरियो।

हालै पिण्डेश्वर संस्कृत विद्यापीठका उपप्रा पं० भोग्य प्रसाद भण्डारीले प्रकाशित गर्न तयार पारेको श्लोकबद्ध विस्तृत रूपको वहाँको जीवन चरित्र मा आधारित 'षडानन चरित्र महाकाव्य' सुन्नपाउँदा झन् खुसीलाग्यो। जनतामा चरित्रबल थप्न र ती कुराहरू नयाँ-नयाँ पींढिमा सार्दै गर्नु पर्ने हुनाले आदर्श महापुरुष रामचन्द्र आदिका जीवनी ऐलेका नयाँ पींढि सम्म पनि सार्दै ल्याएका छौं।

झन् बालब्रह्मचारी गुरुका ता १८९२ संवत्मा साधारण कुलमा जन्मनु भएर पनि अनेक आसाधारण काम देखिएका छन्। वहाँ असाधारण चाल चलन, व्यवहार, शिक्षा प्रचार, नैतिकताका साथ धर्म प्रचार साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सतीप्रथा हटाउने आदि समाज सुधारका काममा जीवन भर लाग्नु भयो । वहाँका साथ बस उठ गर्ने, मन्त्र सुन्ने, संगत गर्ने मानिसहरू अहिले सम्म पनि जीवितै हुनाले उनी हरूका साथ सोध पुछ गरी बुझी यो लेखेको हुँ भनी लेखकले बताएको र मैले पनि आफ्ना दाजु, बाबु र अरूबाट पनि सुने बुझेका नै धेरै कुरा परेकाले प्रचार गर्न लायक जीवन चरित्रात्मक काव्य हुँदा प्रत्येक नेपालीले हेर्न योग्य र प्रेरणादायक छ ।

यस्ता उत्तम चरित्रबाट हामीलाई कस्तो भावना मिल्छ भने—आफ्नु बच्चा पाल्ने काम पशु पक्षीहरू पनि बहु संख्यामा गर्दै छन् । त्यो बाहेक राष्ट्र उन्नतिका निम्ति काम गर्नु, शक्ति अनुसार तेस्ता काममा तन, मन, धन, लगाउनु नै मुख्य काम हो । त्यही नै मनुष्य जन्मको सफलता पनि हो । झन् ब्रह्मचारी गुरुका ता नेपाली जनता नै परिवार जस्तो भयो, तिनकै निमित्त जीवन समर्पित थियो । यस्ता महपुरुषको प्रत्येक विद्यालय र विद्यापीठहरूमा जन्मदिन मनाउने र वहाँको जीवनी सुन्ने र सुनाउने कामहुनुपर्छ । यस क्रममा स. ध.स.से.धरानले उहाँको १५२ औं जन्म जन्यती मनाइ यस कार्यको शुभारम्भ गरिसकेकोछ ।

उक्त जीवनी लेख्न प्रकाशित गर्न र खोज गर्न समेत पद्मव-बहादूर बस्नेत ज्यूले प्रोत्साहन समेत दिदै प्रोत्साहित गर्नु भएको हो भन्ने कुरा लेखक बाटै सुनेकोले वहाँलाई पनि धन्यवादक छ ।)

उक्त महापुरुषको पुस्तक चाँडै प्रकाशित भै सर्वत्र फिजियोस् भन्ने शुभकामना गर्दछु ।

१५२ औं षडानन जयन्ती
मार्ग शुक्ल पंचमी
(२०४३।८।२०)

छविलाल पोखेल
अध्यक्ष
सनातनन धर्म सेवा समिति धरान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संमति

दिलाका आबाल ब्रह्मचारी, महर्षिकल्पगुरु, षडानन अधिकारीज्यूको जीवनीमा आधारित छ यो "षडाननचरित महाकाव्य" तत्कालीन सामाजिक ऐतिह्यलाई समेत टिपेर चलेको छ-ऐतिहासिक महाकाव्य। वास्तवमा काव्य–साहित्यमा समाजकै प्रतिबिम्ब हुन्छ। यस्ता काव्यमा कविकृत विविध रूपको उत्प्रेक्षा हुन्छ, रूपण-निरूपण हुन्छ। दार्शनिक त्यो गरिमा जसले जीवनको अवलोकन गर्छ-यहाँ झल्किन्छ अनि धर्मशास्त्र, नीतिशास्त्र, व्यवहार शास्त्र आदिको समेत प्रकाश पाइन्छ, अनि पाइन्छ 'समुचित सन्निवेश चारुत्व।' यसरी सबै कुराको एकत्र प्रस्तुत भव्य स्थितिले यसलाई अझ उत्कृष्टताको मान प्रदान गर्छ। कविहरूको मार्ग-सरणि एउटै जस्तो देखिए पनि स्व-स्व अभिप्रेत अनुसार यस्ता सबै काव्यमा भिन्नरूपता स्पष्टै प्रतीत हुन्छ। प्रतिभाको चमत्कारले यसमा अझ निखार-निखुरताल्याइदिन्छ। यसरी गएर काव्य हृदयहारी बन्न जान्छ। शब्द, अर्थ, गुण, अलंकार, रीति, वृत्ति, प्रवृत्ति एवं औचित्य इत्यादि सबै कुरामा ध्यान पुऱ्याउनाले काव्यको गरिमा बढ्छ। हृदयस्पर्शी भाव वा रस-आनन्दले त्यसलाई लोकातित बनाइदिन्छ र यस्ता काव्यको स्रष्टा-कवि जिउँदै अमर बन्दछ। काव्यामृतको रसाऽऽस्वादन अरूहरूले पनि गर्न पाउँछन्। आनन्दित हुन्छन्। तर कस्तो असजिलो छ यो मार्ग ! यता यी माथिका सबै कुरामा यथोचित ध्यान राख्तै रसाऽऽस्वादन गराउने लक्ष्य रहन्छ कविको भने उता तदनुकूल मर्यादाको यथार्थलाई पनि उत्तिकै विर्सन पाइन्न। अर्को थप कुरा कवि स्वयं पनि त्यस कृतिबाट सन्तुष्ट हुनुपर्छ। यी सबै कुरामा सावधान सचेष्ट हुँदै कृतिकार कवि यो असजिलो बाटामा अघि बढ्छ–एउटा नयां मुलुक खडा गर्न।

त्रिभुवन विश्वविद्यालय—पिण्डेश्वर—संस्कृत-विद्यापीठका उप-प्राध्यापक पण्डित भोग्य प्रसाद भण्डारीज्यूले यो ऐतिहासिक महाकाव्यको रचना गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो। नेपालको राजधानी काठमण्डप देखि पूर्व, त्यसवेलाको चारनम्बर भोजपुरमा पर्छ–दिला भन्ने गाऊँ। यो सप्तकोशीको प्रमुखतम नदी अरूण-नदीको दाहिने पाटामा नदी-तरंगसित लहवरी खेल्ने सुशीतल हावाले आफ्नो गायको पसिना सुकाउँछ एकातिर भने, अर्कातिर विश्वको सर्वोच्च पर्वत हिमालका नजीकै रहेका चुचुरा कुम्भ कर्ण र मकालूका साथ ठाडो शिरगरी मुसुक्क हाँसेर बातमार्छ यो दिला। सुन्तला र रुद्राक्षको महिमाले चिनिने यो दिलामांझ किरातको उत्तरी शान्त एकान्त भाग हो। यसरी प्रकृतिले चिनेको भए पनि यो दिला विद्या र प्रकाशको दृष्टिबाट टाढै पर्दथ्यो। यसमा विद्याको प्रथम प्रकाश आयो-आबाल ब्रह्मचारी गुरु षडानन अधिकारी ज्यूबाट। यहां पूर्णव्यवस्थित—विद्यालय—खुल्यो उहाँकै दूरदर्शिताले। धर्म, कर्म, संस्कार-संस्कृति, सुधार इत्यादिको आलोक पनि अरूतिर भन्दा निकै पहिले यहां देखिएको हो। विद्या-मन्दिर, मन्दिर, पाटी-पौवा र सतसंग स्थल आदिबाट त्यसवेला शुरू भएका उहांका लोक कल्याणकारी क्रियाकलापका नमूना आजपनि अवशिष्ट रूपमा देख्न पाइन्छन्। त्यसवेलादेखि विद्योतित विद्या ज्योतिले त्यस भेकको जन-मानसमा आजपनि आलोक पुऱ्याइरहेकै छ। स्वधर्मनिष्ठ, आचारवान् भई स्वयमेव आफ्नो व्यक्तित्वलाई वलिष्ठ बनाउन अघि सर्नु पर्दछ भन्ने उहांको शिक्षा, शब्दहरूको उपदेशबाट भन्दा पनि उहांले स्वयमेव अंगीकार गरिएको आचरण, जीवन-पद्धतिबाट, कहीं अधिक हाम्रो त्यस वरिपरिको समाजले ग्रहण गरेको छ।

उहां एउटा सिद्ध महापुरुष हुनुहुन्थ्यो। यी कुरा त्यस तर्फ विविध रूपमा चलि रहेको वार्त्ता प्रसंगबाट र स्वयमेव देख्ने सज्जनहरूका परम्पराबाट अवगत हुन्छन्। सिद्धिहरू थुप्रै छन्, सिद्धिहरूले पछ्याइएको महापुरुषनै सिद्ध कहलाउँछ। यहां म अहिले विश्वप्रसिद्ध विद्वान् महामहोपाध्याय पण्डित गोपीनाथ कविराजज्यूका योग-गुरु, महान् सिद्ध, श्री स्वामी विशुद्धानन्दज्यूलाई संझिरहेको छु र श्रीमद्भागवतको 'अन्तरायान् वदन्त्येता युञ्जतो योगमुत्तमम्। मया सम्पद्यमानस्य कालक्षपणहेतवः। (भागवत ११ स्क. १५ अ. ३३), श्लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि संझिरहेको छु । स्वामीज्यू काशीमा बस्नुहुन्थ्यो । उहांमा विविध योग सिद्धिहरू विद्यमान थिए। भक्तहरूको आग्रहमा कहिलेकांही केही रूपमा तिनको प्रदर्शन पनि दिनुहुन्थ्यो। तर तिनबाट आफू कहिल्यै पनि प्रभावित हुनुहुन्नथ्यो, आकर्षित हुनुहुन्नथ्यो। नपाइएको लौकिक-अलौकिक वस्तुको योग-प्राप्ति नै सिद्धि हो भन्ने सर्वोत्तम प्राप्ति परमात्मालाई प्राप्त गर्ने, परमोच्च ध्येय राख्ने यस्ता महापुरुषहरु यी सिद्धिहरूलाई अन्तरायरूप नै मान्दछन् भन्ने माथिको श्लोकको भाव स्वामी विशुद्धानन्दजस्ता महापुरुषहरूमा चरितार्थ भएको देखिन्छ। यिनै कुरा हाम्रा गुरुमहाराज षडाननज्यूमा पनि यथार्थ घटित हुन्छन् । उहांका त्यस्ता केही सिद्धिहरूका झलक यस महाकाव्यमा पनि पर्न गएका छन्, तर तिनबाट गुरु स्वयं प्रभावित किंवा आकर्षित हुनुभएको कुरा यहां र अन्य उपलब्ध परिचायक सामग्रीमा पनि पाइन्न।

उहां हाम्रो वैदिक सनातन धर्मावलम्बी हुनुहुन्थ्यो। गायत्री—वेदमाताका उपासक हुनुहुन्थ्यो। उहांको क्रियाशीलता, निस्काम कर्म, लोकसंग्रहीभाव, समाजकल्याणकारी चेतना, सर्वत्र प्रसिद्ध छन्। उहांको उपासना पद्धति सरल सर्वजनसंवेद्य थियो, रहस्यात्मक किं वा गोपनीय थिएन। उहां महान् हुनुहुन्थ्यो। तर विश्वले त्यसबाट कुनै राप किंवा ताप पाएन, बरू पायो आह्लादकारी शीतलतानै। उहांको कुनै वाद थिएन, त्यसैले विवादपनि थिएन। उहांको सभा, समिति, कुल, समाज, संघ, संस्था, आश्रम, आदिकेही मा पनि एकाधिकार थिएन र यस्ताको असर उहांमा निकै कमथियो उहांले त्यस्तो कुनै 'मिशन' खडा गर्नु भएन, चेलाको परिपाटि पनि रहेन। उहां, एक्लै आफ्नो बाटोमा अघिबढि रहनु भएको, लोकमंगलभावनाले अभिप्रेरित आदर्श पथिक हुनुहुन्थ्यो।

जम्मा ९ सर्गमा रचना गरिएको यस महाकाव्यमा उहांको जन्म, जीवन, कर्मपथ, सिद्धि-सान्निध्य, अलौकिक विस्मयकारिता, अरू कर्महरू र अवसान-प्रयाणको प्रसंग धाराप्रवाहरूपमा, मर्मस्पर्शी ढंगले प्रस्तुत भएको छ। साथै देश, हिमालय, पर्वत, नदी, नालाहरु, दिंला – ग्राम आदिको पनि रमणीय रूप,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थाका र प्रतिभाका संगममा उत्रन गएको छ। त्यस वेलाको सतीप्रथा, दासप्रथाको अवाञ्छनीयतामा गुरुमहाराजको टडकारो स्पष्ट धारणा अभिव्यक्त भएको छ। मनुष्य जीवनको श्रेष्ठता र त्यसको उपयोगिता, धर्म र समाज, देश-राष्ट्र प्रतिका दायित्व, आचार र संस्कार, विद्या र अविद्या, सम्पन्नता, संस्कृति, भाषा, जन्मभूमि इत्यादि व्यापक विषयहरूमा गुरुमहाराजको सुल्झिएको दृष्टिकोण यहां प्रस्तुत हुन आएको छ।

आवाल ब्रह्मचारी षडानन गुरुज्यूका विषयमा समय समयमा स्मृति-कृति हरू न निस्केका हैनन्, तर यसमा निश्चयनै व्यापकता छ र छ काव्यगत मनोरम छटा। विद्वान् 'मण्डारी' ज्यूले यस्तो गुरुत्वपूर्णकाम हातमा लिएर र यस्तो रमणीय रूपमा प्रस्तुत गरेर अति प्रशंसनीय कार्य गर्नु भएकोछ। आशा छ यसबाट गुरुमहाराजको सच्चरित्रमा समाजले अझ टडकारो प्रकाशपर्न गएको कुरा अनुभवगर्नेछ। विद्वान्लेखकज्यूको लेखनीले मातृभाषा नेपालीलाई यस्ता आदर्श सत्साहित्यको उपहार चढाउँदै जाओस्, समाज त्यसबाट लाभान्वित हुंदै जाओस्। म उहांको समुन्नतिको कामना गर्दछु। शुभम्।

२०४३ फागुन ७ गते

टीका प्रसाद शर्मा
सह-प्राध्यापक
त्रिभुवन विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ, धरान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री:

लेखकका-दुईशब्द

ॐ वयं राष्ट्रे जागृयामः पुरोहिताः — शुक्ल यजुः, अ०९ म० २३

प्रात: स्मरणीय, आवालब्रह्मचारी, महर्षि, श्री पडानन अधिकारीज्यूका अलौकिक क्रियाकलाप जीवन घटनाहरू वाल्यावस्था देखि नै यदाकदा सुन्ने सौभाग्य मिलेको हो। सुन्दै जाँदा चाख वढदैगएर टिपन टापन गर्न थालें। वहां भोजपुर जिल्लाको दिङ्ला गडीगांऊँमा विक्रम संवत् १८९२ मार्गशीर्ष पंचमीका दिन जन्मनु भएको हो र देहावशान काठमाण्डौको पचलीघाटमा १ .७३ जेष्ठ कृष्ण त्रयोदशी का दिन ८२ वर्षको उमेरमा भएको हो।

त्यो अन्धकार युगमा माझकिरात दिङ्लामा वहांले स्थापना गरेका पाठशाला, पुस्तकालय, मन्दिर, वगैंचा, पोखरी, धारा, पाटी, छात्रावासहरूले देशैलाई शिक्षा दिए। काठमाण्डौमा रानीपोखरी संस्कृत पाठशाला पनि यसपछि मात्र खोलिएको हो। त्यो वेला सम्म देशमा पाठशाला नभएको भान हुन्छ। कुरीतिहरू रूढभै सकेका थिए। ती सवै वहांको उपदेश र शिक्षाले हटेर "सा प्रथमा संस्कृति विश्ववारा" त्यो प्राचीन, सवैले स्वीकारिएको संस्कृति, विशुद्धरूपले दुनियांमा फैलिन लाग्यो। ती सवै सुधारको झलक यो सानो पुस्तकमा प्रस्तुत गरिएको छ।

यस्ता देशसुधारक विभूतिमहापुरुषका जीवन घटना र उपदेशहरू लुप्त नहुन्। हामी सवैलाई सत्प्रेरणा प्रदान गरून् भन्ने उद्देश्य राखेर वहाँ संग धेरै दिन वसी पढेका विद्वान्, ज्ञानवृद्ध, वहांका शिष्य आप्त महापुरुषहरूले प्रत्यक्ष देखेका र वहां वाट सुनेका चर्चा उपचर्चाको मधुकरी संकलन यसरूपमा प्रस्तुत गरिएको छ। श्री नन्दिकेश्वर अधिकारीज्यूले स्वप्नामा पाएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक "कृते सनत्कुमारोऽसौ त्रेतायां षण्मुखोऽभवत् । द्वापरे शान्तनु र्भीष्मः कलौ विप्रः षडाननः ॥" मा "शान्तनु र्भीष्मः" यो व्याकरण अशुद्धि, वसुका अवतार भीष्म भन्ने भारतीयकथा संग न मिल्दो सनत्कुमारको अवतार भन्ने कुरा कल्पभेदले पनि हुन सक्तछ भनी आप्तवाक्यानुसारै राखियो। साथै सबै षडानन्द भन्दथे यो श्लोक भेटे पछि मैले षडानन नामनै उल्लेख गरेकोछु। अर्को कुरा नदी पारि पुगेको सबैले देखे, नाउ चढेको कसैले देखेनन् र खराउलाएर तरे कि ? रूमालओछ्याएर तरे भन्ने किम्वदन्ती धेरै वाट सुनें। ती खराऊ र रूमाल कसैले देखेनन् अन्दाज मात्र गरे। देवता र सिद्धलाई न रूमाल चाहिन्छ, न खराऊ चाहिन्छ, न भित्ताले छेक्छ न डांडा कांडाले रोक्छ, हनुमानजी लङ्का गए जस्तै स्वच्छन्द आफ्नो इच्छा शक्ति अनुसार जान सक्ने हुंदा सिद्धिको आधारवाट वारिपारि गरेको उल्लेख गरेको छु। खराऊ र रुमालको उल्लेख गरिन।

षडानन गुरुका किंवदन्तीहरू प्रत्यक्ष देखेर र वहां वाटै सुनेर वताउने उहांका शिष्य मेरा आप्त महापुरुष गुरुहरू यस प्रकार हुनु हुन्छ :—

मेरा पितामह स्व० श्रीनन्दलाल भण्डारीज्यूले काठमाण्डौ वाट काशीमा नाउ डुवेको चर्चा, पं० नन्दिकेश्वरका शिष्य श्री डी० लक्ष्मी प्रसाद आचार्यवाट पं० नन्दिकेश्वरले स्वप्नामा श्लोक पाएको घटना, पं० श्री दुर्गा प्रसाद लंसालज्यूवाट वालक अवस्यामा मावलमा वसेको, वहां न जन्मदै पिताको देहावसान भएको, वेठीमा मुखियाले फिराएको, वोधने दर्जीले टोपी लगाई दिएर अर्ति समेत दिएको, वहांको रिस गर्ने ले ठांउं नै छोडनु परेको सरासर हिड्ने र कपाकप खाने देवता चिन्हाएको, पानी समाउंदाको औठी-दान, रोगी न सोधी खवर ल्याउने हात औषध पठाई रोगी निको पारेको, गायत्रीवाट खुर्पा र चारचक्रभएको शालिग्राम पाएको, स्व० श्री पं० भीम प्रसाद गौतमज्यूवाट आफना पिताको भनाइ अनुसार सूर्य ग्रहण न्वाहुंदा नाउ विना अरुण नदी तरी, सबै भन्दा पहिले मनकामना मन्दिरमा पुगेको स्व० श्री पं० त्रैलोक्यनाथ भण्डारीज्यूवाट वहांको योगिक धौतक्रिया देखेर वाक्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धिको वरदान पाएको, पाठशालाका निमित्त कटाएका काठ दिन्न भन्ने छिमेकीका घरमा आगो लागेको, स्व० श्री कविराज नरपति पोख्रेलज्यूबाट लुकेर तमाखु खांदा गुरु वहीं पुगी तमाखु मागेको, जुन देवतामा चित्त मुक्तछ उनैको मन्त्र दीक्षा लिनू भनी शिव दीक्षा लिएको, पचलीघाटमा वस्ता दिएका उपदेशका केही अंशहरू, रोगहरूमा हैजा रोजेको र त्यसैको निहुंले वेरामी देखिई समाधि लगाई देहत्यागेका प्रसंगहरू, मु० पदमवहादुर वस्नेतज्यूबाट नवागत छात्रले सप्ताह र पाठशाला दुवैतिर गुरुलाईदेखेको न्वांगीका चामल बॉड्दा पनि उत्ति नै रहेको, कप्तान करवीर थापा संग मित्रता, कर्फोकका स्वामीसंग पाठशाला राख्ने सल्लाह गरेको, तीज र पन्जमीको पूजा प्रसङ० ग, गंगोत्तरी–स्वप्ना, सवै रोग निको पार्ने तत्कालीन राणा प्रधान मन्त्री चन्द्र शंसेरलाई गरिएको उपदेश, आफूले कौमुदी थालेको, स्व० श्री पं० नरनाथ दाहालज्यूबाट सांझमा भूमिभन्दा माथि गुरु उभिएको, मर्यादा पालनाको उपदेश दिएको, पं० श्री अविचन्द्र भण्डारीज्यूबाट–वाल्यावस्थामा दिदीका घर खोटाङ० गएको, त्यहीं व्रतवन्ध भएको, तिरहुत पढ्न गएको, जांदा वाटामा रामदर्शनमिलेको, पढ़ाइको शुरू, गायत्रीमा निष्ठा, सिद्धिप्राप्ति काशीमा विद्याध्ययन, प्रयागमा कल्पवास, पोखरामा तपस्या, साधुसङगति, तीर्थयात्रा, तपोभूमिको शान्ति चाला, गंगादर्शन, गंगाको उपदेश ठुटामा वाघको भ्रान्ति, सिद्धिको प्रयोग, स्वदेश फिर्ता, मातृदर्शन, मातृवियोग, देशको अवस्था, पाठशालाको प्रबन्ध, सप्ताहमा पूजाकोठेले सनकादि सवैलाई देखेको छिमेकीहरूमा वस्नेतहरूको विशेष श्रद्धा, भान्सा अक्षय पारेको, सामाजिक उपदेशहरू, राजप्रशंसा, ब्रह्मचर्य, छात्र प्रशंसा, गृहस्थप्रशंसा, वानप्रस्थ, संन्यास चन्द्रसंशेरलाई मोक्षको उपदेश, सनातन धर्म, योगगायत्री महिमा, देशभक्ति, भागवत महिमा, राम महिमा, सन्तान प्रति माता पिताको कर्तव्य, विवाहका अवस्था र परिणामका उपदेशहरू, श्री गंगा प्रसाद वाणाज्यूबाट श्रावणीस्नानमा पोखरीमा नडुवी घुमेको, हरिलाल लंसालकोमा सती जोगाएको, पं० श्री माधव प्रसाद वरालज्यूबाट एकसौआठ राम मन्त्रजपे सवै बिघ्न टर्ने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हज्जारनामको फल एकै रामनामले दिने, नौलो भनेको सधैं उदाउने सूर्य भन्ने आदि घटना चमत्कारहरू प्राप्त भएका हुन्। प्रा० दैवज्ञराज न्यौपाने-ज्यू र ज्ञानराज सुवेदीबाट पनि महत्वपूर्ण सम्मतिहरू प्राप्त भए। श्री विश्वनाथ 'कोही' र श्री हेमराज शास्त्रीका पुस्तक र कक्षा आठमा पढ़ाइने पुस्तकको समेत आधारबाट यो पुस्तक तयार गरिएको हो।

विषय अति उत्तम हो। तर लेख्ता यस्तै मात्र भयो। "प्रांशुलभ्येफलेलोभादुद्वाहु रिव वामन" यो सूक्ति सार्थक भएको छ। पाठकले अनुभव गर्नु हुने नै छ। यी षडानन गुरुका शिष्यभक्त मेरा गुरु स्थानीय सबै आप्त महापुरुषहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

विशेष गुरु श्री अविचन्द्र भण्डारीज्यूको १०५ वर्षको उमेरमा पनि ताजा रहेको संस्मरण र उपदेशमाधुर्यकले म धेरै मुग्ध भएकोछु। मु० पदमबहादुर बस्नेतले यो ग्रन्थमा प्रेम राखी बाराबर सुन्ने, अमूल्य सुझाव दिने र पटक पटक—धरान विराटनगर र एक पटक दिङ्ला सम्मको पनि मार्ग-व्यय व्यहोरिदिएर लगाएको गुन म बिर्सन सक्तिन। यो ग्रंथलाई सत्यं शिवं सुन्दरं पार्न सधैं सचेष्ट रहने पाण्डुलिपि सुन्दा "तन्मे मनः शिव सङ्कल्पमस्तु" भन्दै ध्यानग्न रहने—

गौतमो भीमनामासौ सुवर्णपदकद्वयी।
आचार्यपदमाहेन्द्रविद्याभूषणभूषितः ॥

मनिने वरिष्ठ वैदिक विद्वान् पं० श्री भीम प्रसाद गौतमज्यूको असामयिक स्वर्गवासले ठूलो आघात परेको छ। वहां प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दछु।

यो प्रकाशनका निमित्त डौ० दीपबहादुर बस्नेतज्यूको निर्देशन अनुसार श्रद्धालुव्यक्तिहरूबाट केही रकम जम्मा गरी स्थानीय सनातन धर्म सेवा समिति धरान शाखासंग प्रार्थना गर्दा बाँकी रकम खर्चगरी प्रकाशित गराएकोले सबै आर्थिक सहयोगी र समितिलाई समेत कृतज्ञता व्यक्तगर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफनो अमूल्य मन्तव्य दिएर ग्रन्थको गौरव बढाइदिने भू० पू० प्रधानाचार्य उप प्रा० श्री छविलाल पोखेलज्यू, भू० पू० पीठप्रमुख सह प्रा० श्री टीका प्रसाद वस्तीज्यू, पं० श्री शालिग्राम पोखेलज्यू, पं० श्री दुर्गा प्रसाद लंसालज्यू र अर्थ संकलनमा अथक प्रयास गर्ने पं० श्री हेमन्तराज अर्यालज्यू पं० श्री हरिराज बरालज्यूप्रति आभार व्यक्त गर्दछु । यो पाण्डुलिपिलाई साफी गर्ने सानो छोरा गंगाराम भण्डारीलाई एवं मुद्रण सहयोगी छात्र डेगराज पौडेल र पुत्र गोपाल भण्डारीलाई पनि शुभाशीर्वाद दिन्छु ।

दिनांक २०४३।१२।२०

भोग्य प्रसाद भण्डारी
उप प्राध्यापक
पिण्डेश्वर क्याम्पस धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

भोजपुर दिंलामा जन्मनु भएका असाधारण व्यक्तित्वका धनी प्रातःस्मरणीय बालागुरु श्रीषडानन शर्माका जीवनीमा आधारित प्रस्तुत महाकाव्यको प्रकाशन गर्ने अवसर प्रदान गर्नु भएकोमा यसका लेखक प्रा. श्री भोग्य प्रसाद भण्डारीज्यूप्रति आभार प्रकट गर्दछौं। प्रशस्त अध्ययन र अनुसन्धान गरी लेखिएको यस ग्रन्थले शैक्षिक, सामाजिक, सांस्कृतिक र आध्यात्मिक जागरणमा सकारात्मक योगदान पुऱ्याउला भन्ने आशा लागेको छ। यस्तो महत्वपूर्ण कृतिको प्रकाशनार्थ आ-आफ्ना तर्फबाट आर्थिक सहयोग गर्नु हुने सम्पूर्ण चन्दादाता महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ। यस्तै सहयोग र सद्भावना प्राप्त हुँदै गएमा यस किसिमका ग्रन्थहरूको प्रकाशन गर्ने हाम्रो उत्साह अझै विकसित हुने थियो।

वाराणसी
२०४३।१२।२५
राम नवमी,

गोपाल भण्डारी
सचिव
सनातन धर्म सेवा समिति धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामादारी जुंगा रात्रा जटा फेटा सुहाउने ।
पीताम्बर लगाएका मुनिमाधुर्य पाइने ।।



श्री १०८ आबालब्रह्मचारी षडानन्द अधिकारी
दिङ्गलाका ज्योती
१८९२–१९७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री षडाननचरित महाकाव्य

श्रीगणेशाय नमः

प्रथम सर्ग

गणेश सूर्य दुर्गा श्री शिव विष्णु स्वरूपका ।
परमेश्वरमा मेरा नतिछन् दिन रातका ॥१॥

विनायकसदा सेव्य भूतिभूषित विग्रह ।
भुजगालिङ्गिततनु खुसिहुन् हरिशंङ्कर ॥२॥

बाल्मीकि व्यास सप्तर्षि नारदादि सबैकन ।
नमस्कारार्ह मुनिमा सर्वदा छन् नमो नमः ॥३॥

सच्चिदानन्द भै आफू प्रकृति संग खेलँदा ।
ब्रह्माण्डहरूका साथै विश्व सर्ग जुदा जुदा ॥४॥

गराउने परब्रह्म परमात्मा अनन्त छ ।
उनैमा विश्व ब्रह्माण्ड चराचरटिकि रछ ॥५॥

सृष्टिका पहिले विष्णु शेषशायी भए जब ।
चराचर धराप्राणी शून्यमा सृष्टि भो जल ॥६॥

न सूर्य न शशी तारा ग्रह नक्षत्रको गण ।
न द्यावापृथिवीलोक न रात छ न वा दिन ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबैको शेष नै शेष जल भित्र सुतीरछ ।
पानीमा उत्रिएको त्यो नाम्लो झैं गुडुलीरछ ॥८॥

उसमा परमात्माको दिव्य मूर्ति विराजित ।
शङ्ख चक्र गदा पद्म वनमाला सुशोभित ॥९॥

किरीट कुण्डलाभाले पीताम्बर टलक्कछ ।
निद्रामुदित आँखाले गलेको भान पर्दछ ॥१०॥

विश्व ब्रह्माण्डको सृष्टि स्थिति प्रलयकारण ।
हुँदा लामु थकाईले हो कि ? त्यो आलसीपन ॥११॥

यसरी नै गयो काल निशा ब्राह्मी समाप्त भो ।
नाभिको पद्ममा आफैं विधाता निस्कनुभयो ॥१२॥

ब्रह्माले गर्नु भो ध्यान मिल्यो प्रत्यक्ष दर्शन ।
वेद वेदान्तको सार खुलस्त संग वर्णन ॥१३॥

गरेर सृष्टिका निम्ति आज्ञा भो परमेशको ।
सनकादि भए पैले देव दानव वर्गको ॥१४॥

क्रमैले लोकको सृष्टि नदी नाला धराभए ।
लता वृक्ष पशु प्राणी नर वानर फैलिए ॥१५॥

ज्ञान ज्योति जगाएर भुक्ति मुक्ति दिलाउन ।
योग याग सदाचार सवैलाई सिकाउन ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुनिरूप धरी सारा श्रुतिस्मृति पुराणको ।
बाल्मीकि व्यास देवर्षिहरूको उपदेश भो ॥१७॥

यज्ञ योग क्रिया कर्म व्रत पूजा अनेकन ।
गराई वेदको रक्षा साथैभो लोक रञ्जन ॥१८॥

ज्ञानले भक्तिले योगमार्गले ब्रह्मचर्यले ।
वेदाध्ययन गायत्रीजपादि शुभ कर्मले ॥१९॥

लोक कल्याणका साथै परमेश्वर संमको ।
सारूप्यादि हुँदै मुक्त कैवल्यैमा विलीन भो ॥२०॥

सृष्टिमा गुणको मात्र उनमा तमको वल ।
हुँदा मानवमा आयो धर्ममा पनि खल्वल ॥२१॥

उही वेद सदाचार लुप्त प्राय हुँदै गयो ।
सूर्यले लोकमा जस्तै जस्ले ब्रह्म प्रकाश भो ॥२२॥

वेदयज्ञादिले शून्य स्वेच्छाचारी मनुष्य भो ।
सूर्य अस्ताउँदा जस्तै लोकमा अन्धकार भो ॥२३॥

यस्तामा साधु वा सन्त स्वयं ईश्वर नै पनि ।
आएर गर्दछन् लोक हितकार्यहरू अनि ॥२४॥

झुलुक्क झुल्कंदा घाम अन्धकार हराउँछ ।
त्यस्तै ईश्वर चेष्टाले लोक धार्मिक बन्दछ ॥२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुख दुःख सदाचार अनाचार निशादिन ।
शीतोष्ण पाप पुण्यादि द्वन्द्व लोक विषेछन ॥२६॥

सुख हो धर्मको पक्ष दुःख हो पापको फल ।
एक वेशी भए अर्को तर्फमा पर्छ खल्बल ॥२७॥

वेद यज्ञादिमा बाधा उत्पन्न हुन गो जब ।
हटाउने ध्येय राखी अवतार भए तव ॥२८॥

कला अंश र अंशांश आवेश पूर्ण पूर्णता ।
रूपले गर्ने रक्षा भेदछन् अवतारका ॥२९॥

कला कपिल कूर्मादि आवेश पशुराम हो ।
अंशांश हुन् मरिच्यादि अंश ब्रह्मादि देव भो ॥३०॥

नृसिंह रामहुन्पूर्ण कृष्णजी परिपूर्ण हुन् ।
वेला वेला यिनै आई धर्मलाई जगाउँछन् ॥३१॥

माछो कमठ भै कैल्हे वराहादि अनेकन ।
भएर वेदको रक्षा गर्दछन् ती जनार्दन ॥३२॥

जुन वेला छ जे खाँचो सोही पूर्ण गराउन ।
आउने ईशको व्याख्या गर्छन् व्यास पुराणमा ॥३३॥

अवतार लिंदै गर्ने लोक कल्याण ईशको ।
यथार्थ महिमा जानी बताउन समर्थ को ? ॥३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनै ईश्वरले हाम्रो देश उज्वल पारन ।
गायत्री वेदवेदाङ्ग सबैलाई सिकाउन ॥३५॥

पठाउँदा स्वयं आए सनत्कुमार विप्र भै ।
षडानन भई जन्मे दिङ्ला माझ किराँत मै ॥३६॥

नेपालको उत्तरमा हिमाल मुस्कुराउँछ ।
सिमानामा बसेकोले देश यो छ सुरक्षित ॥३७॥

होचा अग्ला ठूला साना थुम्का छन् यसमा कति ।
हिमले छोपिंदा चाँदी तुल्य नै देखिए जति ॥३८॥

अरुणोदय वेलामा सुनौला रूप देखिने ।
महत्ता यसको हामी जस्ताले छ न जानिने ॥३९॥

यदा कदा कतै काँही देखिन्छन् हिम मानव ।
देखे भने अरूलाई बन्दछन् झट्ट गायब ॥४०॥

पुराणले बताएको यहीं मानसरोवर ।
गंगा र ब्रह्मपुत्रैको उद्गमस्थान सुन्दर ॥४१॥

यही सगरमाथाको सर्वोच्च चुचुरो जहाँ ।
शेर्पातेंजिङले राखे देशगौरव लोकमा ॥४२॥

कुम्भकर्ण र लाम्टाङ लार्के आदि अनेकन ।
हिमाली चुचुरा गर्छन् तत्कालै मन मोहन ॥४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको वास कैलाश यसैमा छ मनोहर ।
तपस्वीहरूका निम्ति अति उत्तम यो थल ॥४४॥

विदेशीहरू आएर चढ्दछन चुचुरा कति ।
कोही सफल भै फर्छन बन्दछन् विफलै कति ॥४५॥

सिमाना नाघी यसको जानु हुन्न उँभो तिर ।
जादा दैवी विपत् पर्दा फिर्न मुस्किल पर्दछ ॥४६॥

अलकापुरका निम्ति गएथे भीम वयै पर ।
हुँदैन भनी फर्काए हनुमानजीले तर ॥४७॥

युधिष्ठिरजीले धेरै संपत्ति यहीं भेटियो ।
मर्दा बचाउने संजीवनी बूटी यहीं थियो ॥४८॥

रातमा झलमलाकार बल्ने औषध छन् यहाँ ।
गन्धर्व अप्सरा गर्छन् बिहार यस भूमिमा ॥४९॥

अत्यन्त महिमाशाली यसको महिमा ठूलो ।
पुराणहरूले भन्छन् शिवको ससुराली हो ॥५०॥

किनारमा लतावृक्ष औषधि छन् अनेकन ।
मृतसंजीवनी जस्ता बुटी मिल्छन् हजारन ॥५१॥

कस्तूरी चौरीको जत्था जमात बनी खेल्दछ ।
अदृश्य दिषले काहीं भारी कष्ट गराउँछ ॥५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झर्ना धारानदी झर्छन् अनेक थरिका यहाँ ।
यिनैको जलधाराले हुन्छ सेचन देशमा ॥५३॥

देशको रक्षक बनी बसेको छ हिमालय ।
हिउँले छोपिएका ती थुम्का हेर्दै मनोहर ॥५४॥

हिमालबाट निस्केर बहेकी अरुणानदी ।
दक्षिणै तर्फ जाँदामा लिदै साना ठूला नदी ॥५५॥

कतै घुम्दै कतै फिर्दै कतै चट्टान फोरदै ।
कतै पर्वत फेदीमा दिव्य शोभा गराउँदै ॥५६॥

बहन्छिन् वरुणा वैनी साथमा अरुणा दिदी ।
ठण्डा मीठा जलाधार सबैलाई पिलाउँदी ॥५७॥

चिर्खुवा खकुवा खोला मिल्छन् अरुणमा तल ।
यिनैको बिचमा राम्रो दिङ्ला नामक गाऊँ छ ॥५८॥

शिर उत्तरमा पारी ढल्केको हो कि मानव ?
पश्चिमै तर्फमा राम्रो मैयूं नामक लेक छ ॥५९॥

पूर्वमा अरुणा बग्छिन् तुम्लिङ्टार फराकिलो ।
आग्नेयतर्फमा पर्ने दृश्य हेर्दै रमाइलो ॥६०॥

बीच भञ्ज्याङ नाभो झैं दिङ्ला नाम सुरम्य छ ।
त्यसैको पूर्वमा विप्रनिवास गडीगाऊँ छ ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो तुम्लिङ्टारको उत्तर्कुनामा मनकामना ।
साङ्राङ् पश्चिममा पर्ने साल्मा उत्तर तर्फमा ॥६२॥

ब्याँसी बडहरे अर्को मलिलो यस ठाउँमा ।
यिनैको धानले गर्छन् गुजारा जनता त्यहाँ ॥६३॥

आरुवोटे र तुंगेछाहरु गाऊँ वरिपरी ।
हुनाले बहुतै राम्रो देखिने यो सधैं भरी ॥६४॥

मकालु भन्छ दुनियाँ त्यो छ सेतो सबैतिर ।
हो, तँ कालु म हुँ गोरे भन्न गर्ने उचाशिर ॥६५॥

हेमन्तमा अर्धचन्द्राकार सामु हिमालय ।
छोरो देखेर भू-माता मुस्कुराए समान छ ॥६६॥

सबैथरी सबैजात बस्ने दिङ्ला रमाइलो ।
अझ गौरव वेशी भो द्विजाति अधिकारीको ॥६७॥

सदाचार र गायत्री निष्ठा यो वंशको ठूलो ।
हुँदा सनत्कुमारैले जन्मने ठाउं रोजियो ॥६८॥

विधि संगै सब जातक कर्म भो
द्विज गएर लगन्ठहराइयो ।
तव षडानन नाम हुँदो भयो
जननिको ननिको पिर दूर भो ॥६९॥

इति प्रथम सर्गः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयसर्ग

दिला भोजपुरजिल्लामा अठ्ठारसयविक्रम ।
विचजन्मनु भो बालब्रह्मचारी षडानन ।।१।।

अठ्ठारसौ वयानव्वे साल मंसिरमास हो ।
पञ्चमी शुलकपक्षैको नक्षत्र श्रवणै थियो ।।२।।

पिताको नाम हो लक्ष्मीनारायण बडा गुणी ।
पतिव्रता सतीसाध्वी माताको नाम रुक्मिणी ।।३।।

अधिकारी सदाचारी द्विजातिकुलमा वहाँ ।
जन्मनाले उज्यालो भो श्रीसूर्यसरि पूर्वमा ।।४।।

हाँउको गर्भमावास पिताको स्वर्गवास भो ।
गर्भिणी विधवालाई गर्भैले सान्त्वना दियो ।।५।।

स्वप्नामा द्विजआएर वेद गुञ्जन चल्दथ्यो ।
सुकिली महिला आई हाँसेर मुस्मुस्याइयो ।।६।।

जन्मला द्विव्य वाला यो भन्ने प्रष्टैगराउँथ्यो ।
यिनैलक्षणलेगर्दा शोक आफैं हटेर गो ।।७।।

गडीगाऊँ महाँ जन्मे प्यार गर्थे सबै जन ।
शुक्ल पक्षविषे चन्द्रसरि भो बढने क्रम ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिदी तीन थिए जेटी विधवा माइतै थिइन् ।
तिनैले भाइ कान्छाको शाल नाल समालिथिन् ॥९॥

माहिली आरूवोटेकी गौतमी गृहिणी भइन् ।
कान्छी खोटाङ सिम्पानी बसने घिमिरेनी हुन् ॥१०॥

दाजुचारथिए जेठा देवीचरण नाम हो ।
माहिला नर्मदानन्द सानैमा स्वर्ग वास भो ॥११॥

साहिला माधवै भन्ने काँहिला हरिलालहो ।
कान्छा गुरु षडानन्द जस्को वर्णन लेखियो ॥१२॥

प्रतिभा सर्वतोगामी आवाल ब्रह्मचर्यको ।
महिमाले वत्योबत्ती दशाशा झलमल्ल भो ॥१३॥

गोठाले काम खेताले घँसिया हँसिया लिंदै ।
वाल्यकाम विताएथे यशोदासुत कृष्णझैं ॥१४॥

खेताले काम गर्दामा यौटा ठक्कर जो पऱ्यो ।
त्यसैले ज्ञानको ढोका वहाँको उघ्रंदो भयो ॥१५॥

वेठी तिर्नगए मामा न सक्ता षडुवालक ।
मुखियाले फिराएछन् भन्दै खन्दैन यो ठग ॥१६॥

ठूला वडा धनी मानी मुखिया मगरै थिए ।
यिनको धाकले सारा रैती खूब डराउँथे ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वोधने नामका दर्जी वेठी वाजा वजाउँथे ।
जाँदथिए उतै आए षड्रुञ्चे स्वरूपले ॥१८॥

देख्तैमा दर्जिको चित्त दयाले परिपूर्ण भो ।
सहसा षड्मा उन्को प्रेमले उपदेश भो ॥१९॥

आँसु पुछिदिए टोपी फाटेको फालि नै दिए ।
नयाँ टोपी लगाएका षड्ले सर्सरी कहे ॥२०॥

"वेठीमा मुखियाबाले गर्दा गाली फिरें म त ।
मामालाई कसो पर्ला ठूलो चिन्ता परिरछ ॥२१॥

"मलाई टेर्न छाडयो त्यो काठाले, चाखला अव ।
वसाइनै पारि दिन्छु" मुखियाका कुरा सव ॥२२॥

सुने सज्जनले सारा त्यो बेला गाउँगाउँमा ।
मुखियाहरूको धाक चल्दथ्यो सव रैतीमा ॥२३॥

संझाउँदै षड्लाई बुढा सज्जनले भने ।
खेतालो अरूको वन्न हुँदै हुन्न द्विजातिले ॥२४॥

पढेर तिमीले धेरै अरूलाई पढाउनू ।
ज्ञानी ठूला पण्डितभ (महात्मा) सवैलाई सपारनू ॥२५॥

काम ब्राह्मणको जानी नरोई घर जाउल ।
वृद्धको उपदेशै यो जमेछ षड्मा सब ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपदेश लिए देखि चम्कन्छ पछि बालक ।
न लिने विग्रँदै जान्छ यो हो संसारको रित ॥२७॥

मुखियाको थियो गाली वृद्धको उपदेश भो ।
चिल्लापात हुने वृक्ष समानै षड्मा फुरयो ॥२ ॥

दिङ्लाका गडिगाउँको मामाका घरवास भो ।
त्यहीं नै अक्षरारम्भ उनैका साथमा भयो ॥२९॥

दिदीका साथ खोटाङ सिम्पानी पछि जानु भो ।
व्रतबन्ध भयो त्याहीं केही पछि विवाहको ॥३०॥

कुरा सुन्दा नगर्ने नै अठोट मनमा भयो ।
स्वप्नामा तिरहुत् जानू भन्ने वचन सुन्नु भो ॥३१॥

दिदीसंग विदामागी तिरहुत्तिर जानु भो ।
हिंडेर जाँदा वाटामा एक जंगल भेटियो ॥३२॥

जाँदा जाँदै रात परयो देखिदैन कतै पनि ।
वनैया जन्तुको त्रास थकाई भोकले अनि ॥३३॥

सताउँदा भयो चिन्ता, मुर्छा आतेशले भयो ।
रुँदै श्री रामको नाम आत्तिएर पुकारियो ॥३४॥

धनुर्धारी त्यहाँ राम श्री सीता लक्ष्मणै संग ।
आउँदामा गयो चिन्ता भोक त्रासहरू सब ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अदृश्यमै सबैलाई गर्छ रक्षण ईशले ।
तत्काल भक्तमा गर्छ दया आर्त पुकारले ॥३६॥

हात्तीलाई वचाएथ्यो दयालु जुन ईशले ।
दुःश्शासन लजाएथ्यो द्रौपदीको पुकारले ॥३७॥

भक्तवाक्य पूरागर्न खम्बामा निस्कने हरि ।
आउँदा जन्मभरिका सबैदुःख गए टरी ॥३८॥

न रोई जाऊ हे नानी, भन्ने आवाज निस्कियो ।
लेऊ खुकुरी यो भन्दै स्पर्श श्री रामको भयो ॥३९॥

उज्यालो भो सबै तर्फ सूर्योदय समानको ।
मनोव्यथा दूर हुंदा शरीर फुर्तिलो भयो ॥४०॥

हीरा झैं चंकने सेतो खुकुरी हातमा पऱ्यो ।
झल्यांस्स व्युंझंदा खेरि दृश्य आफैं विलीन भो ॥४१॥

प्रकाश त्यो हराएर अंध्यारै नै भयो तर ।
देखियो मार्ग उत्साह जान आएर जांगर ॥४२॥

जाँदा जाँदै प्रभातैमा पाठशाला मिल्यो तव ।
गुरुका साथमा भेट कुराकानी भए सब ॥४३॥

गुरुबाट उसैवेला खानाको परिबन्द भो ।
पाठली पढने काम त्यहींबाट शुरू भयो ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेद चण्डी सदाचार पढ्नु भो सजिलैसंग ।
गायत्री भक्तिले खोज्दा पुग्नु भो तपसीसंग ।।४५।।

पुरश्चरण धेरै नै पल्ट गर्ने मिले गुरु ।
शिक्षा उनैबाट मिल्थो गायत्री जपको शुरू ।।४६।।

गर्दै जानुभयो फेरि वाग्मतीका किनारमा ।
बसी तपस्या गर्दामा सिद्धि जागे धमाधम ।।४७।।

अनेक भक्तको ताँती घुम्न लाग्यो दिनैदिन ।
इच्छा पूर्ण हुंदा थाले साधुका गुण गाउँन ।।४८।।

त्यो देखी सिद्धिका खेल लुकाई जप पूर्ण भो ।
बनारस कुरुक्षेत्रमा पुगी पढ्न थाल्नु भो ।।४९।।

गुरुको मगनीराम नाम ब्रह्मर्षि भन्दथे ।
उनैका साथमा धेरै शास्त्राभ्यास पूरा भए ।।५०।।

काशीमा चल्दथ्यो राम्रै गुरुको पाठ पद्धति ।
भाषा संस्कृतबाटै नै कहिन्थे काव्य कौमुदी ।।५१।।

नबुझेर हटे धेरै छात्र मुस्किल संझंदै ।
षडानन भने जागे घिउले अग्नितुल्य झैं ।।५२।।

वेदवेदाङ्गको सार पारावार समान हो ।
तथापि उनका निम्ति गाइको खुरतुल्य भो ।।५३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थोरै दिन बसी कृष्ण बलराम समान नै ।
वहाँका शास्त्र अभ्यास योगाभ्यास भए सबै ॥५४॥

न्याय ज्योतिष मीमांसा आयुर्वेद सबैतिर ।
हेरदै नेत्रले सारा खिच्यो सार-सरोवर ॥५५॥

कौमुदी कोष हो चाबी शास्त्र ताल्चा समान हो ।
चाबीले खुलने ताल्चा लोकको नै स्वभाव हो ॥५६॥

वेदवेदाङ्गको सार वहाँमा परिपूर्ण भो ।
मानौ वर्षा हुँदा पूर्ण भरिएको तडाग हो ॥५७॥

गुरु भक्ति, सदाचार, तपोनिष्ठा विशेषले ।
गंगा स्नान शिवार्चाका समस्त महिमा खुले ॥५८॥

मिष्ट भोजनले जस्तै ज्ञानले परिपूर्ण भो ।
तीर्थयात्रा गरी देश घुमने मन्सुवा भयो ॥५९॥

पोखरामा पनि केही दिन गर्नुभयो तप ।
प्रयाग कुम्भ मेलामा भएथ्यो कल्पवास त ॥६०॥

तीर्थभारत घुंदै भै गायत्री जपमा रत ।
हुंदै साधारणै आफू गर्नु भो साधु सङ्गत ॥६१॥

यौटा स्वप्ना भयो राती देवीको दर्शनै भयो ।
शालिग्राम शिला एक चारचक्र समेतको ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हतियार पनि एक त्यही वर्दान झैं मिल्यो ।
ब्युँझदा ती दुवै पाई लिएर अनि जानु भो ॥६३॥

फलाशा नगरी राम्रा कर्म गर्ने विचार भो ।
चारै धाम घुमी स्नान देव दर्शन गर्नु भो ॥६४॥

समस्त तीर्थमा भागीरथीले मन लोभियो ।
गंगा दर्शनमा फेरि समुत्कण्ठा बढेर गो ॥६५॥

गंगोत्तरी जान भनी एक्लै हिँड्नु भयो गुरु ।
डाँडा काँडा नदी नाला पुष्पोद्यान लता तरु ॥६६॥

ढकमक्क कतै फूल लटरम्म कतै फल ।
झर्ना धारा नदी नालाहरूको हुन्छ कलकल ॥६७॥

बाघ भालुहरू बाटो छोडी स्वागत गर्दथे ।
आकारबाट नै भक्ति भावना व्यक्त गर्दथे ॥६८॥

हेर्दा प्रकृतिको शोभा मन आनन्द बन्दथ्यो ।
त्यो तपोवनको शोभा सांच्चै मोह गराउँथ्यो ॥६९॥

फूलको रस पाएर भ्रमरा गुन्गुनाउँछन् ।
होस शान्ति भनी मानूं स्वस्तिवाचन गर्दछन् ॥७०॥

लचक्क पुष्प गुच्छाले नुहेका छन् लता कति ।
मधुरो गीत गाएर घुंदछन् भ्रमरा जति ॥७१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोयलीको कुहू शब्द चराको चिर्विरे पन ।
पञ्चबाजा बजाएको हो कि ? वा गीतको धुन ॥७२॥

बहन्थ्यो सिसिरे हावा सुगन्ध लिई पुष्पको ।
गर्मी थकाइ लानाले फूर्ति जोश बढाउँथ्यो ॥७३॥

कतै उद्यान झैं धेरै थरीका फल देखिए ।
खाँदा टिपेर ती जम्मै पूर्ण तृप्ति गराउँथे ॥७४॥

अम्बा केरा उखु आँप ऐंसेलु स्याउ अंगुर ।
सबैं ऋतु मिली जम्मा पारेको हो कि डंगुर ॥७५॥

बाघ भालु जरायो वा खरायो खेल्दथे कतै ।
बनेल बन घोडा औ मृग खेल्थे जताततै ॥७६॥

सबै हिंस्रक ती जन्तु द्यौता मानेर हेर्दथे ।
घोरैं छोडेर बाटामा भक्ति भाव जनाउँथे ॥७७॥

झर्ना झंकारले काहीं लयलीन गराउँथ्यो ।
नदीका नखरा काहीं देखी चित्त रमाउँथ्यो ॥७८॥

चराको चंचले चाल चमत्कार गराउँछ ।
बटुवाका अगाडि नै मीठा फल गिराउँछ ॥७९॥

काला नीला ठूला साना हाँगे फुर्के अनेकन ।
रूखको सुषमा देखी को न होला विमोहन ॥८०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गंगाका तटमा यस्तै दृश्य हेरेर जानु भो ।
गंगोत्तरी पुगी रात पर्दा शयन भै रथ्यो ॥८१॥

स्वप्नामा माई गंगाको मिल्यो प्रत्यक्ष दर्शन ।
सेतो दरवारमा सेतै कपडाले सुशोभन ॥८२॥

चतुर्भुजा जगन्माता प्रत्यक्षै अब देखियो ।
दरबार पनि माछो रूपमा बदला भयो ॥८३॥

माछाले फर्फरा गरी अभिशेष हुंदो भयो ।
झलल्ल मनमा दिव्य चिति शक्ति प्रकाश भो ॥८४॥

हर गंगे भनी उनका पदमा शिर लत्रियो ।
अपार शान्तिको भेल मनभित्र छचल्कियो ॥८५॥

देखेर जननीलाई भिक्षा खातिर जानु भो ।
भिक्षार्थी उनमा माता गंगाको करुणा भयो ॥८६॥

सुवर्णथालको भिक्षा वहाँले नै खुवाइयो ।
मीठो अतिमिठो खाना स्वास्थ्यकारी शरीरको ॥८७॥

पाँचै गाँस थियो किन्तु खाँदा तृप्ति अनन्त भो ।
गंगाले करुणाकारी दयादृष्टि फिराइयो ॥८८॥

सुनको खुकुरी एक गुरुलाई प्रदान भो ।
निरापद सदानन्द भक्तगाथ गराइयो ॥८९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुभयो सबै सिद्धि तिमीमा परिपूर्ण छ।
जानु हुन्न उँभोमाथि यहींबाट तिमी फिर ॥९०॥

उँभो हो देवको लोक जानुहुन्न मनुष्यले।
पाञ्चभौतिक यो देह छाडी पाउँछ पुण्यले ॥९१॥

यो हो कलि, बली पाप, धर्म निर्धो घराप छ।
यसैले धर्ममा टेवा तिमीले दिनुपर्दछ ॥९२॥

वेदवेदाङ्गको शिक्षा देवाराधन पद्धति।
सदाचार सिकी देश गरोस ईशमा नति ॥९३॥

यत्तिकैमा खुल्यो स्वप्ना जपना परिपूर्ण भो।
गंगाको दर्शन मिल्यो अव फिर्ने विचार भो ॥९४॥

प्रभातको थियो स्वप्ना खुल्दा खड्ग सिरानमा।
देखेर लिनु भै गर्न स्नान वा जप तर्पण ॥९५॥

झरेर तल गंगमा भयो स्नान क्रमैसंग।
गायत्री जप पूजाको हुन लाग्यो उपक्रम ॥९६॥

गंगाको उर्लंदो भेल ठेल मेल विशाल छ।
फनन्न भुमरी घुम्छन् हेर्दै चित्त डराउँछ ॥९७॥

जलको चंचले चाल तरमा छाल आंउछ।
अव्यक्त मिष्ट भाषामा मानू संगीत गाउँछ ॥९८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पल्लो किनार टाढा छ अगाध जलको ह्रद ।
शक्तिशाली पनि नौका विना को तर्न सक्तछ ।।९९।।

पारिछ रूखको घारी लता वृक्ष वनस्पति ।
फुले फलेका देखिन्छन् सबैको छ समुन्नति ।।१००।।

देखेंर वनको शोभा गंगा दृश्य मनोहर ।
पूजा प्रसङ्गको ध्यान मनमा परमेश्वर ।।१०१।।

जप चल्दै थियो देखि दृश्य चित्त रमाउँरथ्यो ।
अकस्मात त्यहाँ गाई रामेको शब्द सुन्नुभो ।।१०२।।

हेर्दा हेर्दैंन, वाघ आई गाई मार्न तयार भो ।
गाई बचाई त्यो बाघ हटाउने विचार भो ।।१०३।।

छुट्यो जप दया लाग्यो तत्कालै पारि पुग्नुभो ।
अगाध जलले योगीलाई के रोक्न शक्तथ्यो ।।१०४।।

पुग्दा दोटा ठूटामात्र न गाई न त बाघ छ ।
विचार भो खुल्यो तत्व गंगाको करुणा र छ ।।१०५।।

ती अष्ट सिद्धिका खेल भन्ने ज्ञान खुलस्त भो ।
प्राप्ति सिद्धि अंगालेर फेरि वारि सवारीभो ।।१०६।।

जप पूजा सकी झट्टै फिर्नु भो गुरुजी अब ।
हेर्दै वनलता पुष्प फलको दिव्य गौरव ।।१०७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माउका साथमा खेल्ने मृगवच्चा अनेकन ।
देखेर मनमा जाग्यो मातृदर्शनको क्रम ।।१०८।।

माताको घरको गाउँ सबैको संझना भयो ।
जननी जन्मभू भवित भुलुल्लभई निस्कियो ।।१०९।।

चेष्टा शकुन स्वप्नाले लक्ष्य मातातिरै गरयो ।
नगई नहुने अन्त्य वेलाको ज्ञान भान भो ।।११०।।

साधारण मनुष्यैको वेशले देश पस्नु भो ।
अत्यावश्यकमा मात्रै थोरै सिद्धि प्रयोग भो ।।१११।।

पर्छन् आपद टर्दछन तर सबै
प्रहलाद झैं वस्तछ ।
सत्कर्मै गरने, कुकर्म गरदा
ठूलैपनि गिर्दछ ।
चम्कन्छन् असहाय बालक पनि
दैवी दया भो भने
नाशिन्छन् सब सौरव्याशाली जनता
त्यो दैव देब्रो भए ।।११२।।

सिद्धिलाभारव्य द्वितीय सर्ग ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय सर्ग

हिमालभाल नेपाल विशाल महिमालय ।
तमाल ताल वा शाल रसाल भरमार छ ॥१॥

पूर्व देखि परै सम्म सुतेको लमतन्न छ ।
दक्षिणी भेकमा राम्रो धान झुल्ने तराई छ ॥२॥

डाँडा खोला नदी नाला उत्तरी भेकमा छन ।
लेक व्याँसी मिलेको छ कतै वस्ति कतै वन ॥३॥

रक्षा सबैको गर्ने हो जगज्येष्ठ हिमालय ।
छोरा नाति पनाति झैं देखिन्छन् अरू पर्वत ॥४॥

कोशी र गण्डकी जस्तै कर्णालीको प्रवाह छ ।
यिनको शुद्धधारा झैं नेपाली भाव शुद्ध छ ॥५॥

परिश्रम सधैं गर्छ पर्छ फेला चलाखको ।
अन्यायदेखि त्यो डर्छ मद हर्दछ शत्रुको ॥६॥

भोर मुङलान दौडन्छ खन्छ खोस्रन्छ जोत्तछ ।
दयालु हिम्मती वीर तर शिक्षा विहीन छ ॥७॥

सिधा साधा छ नेपाली पढे चम्कन्छ मोती झैं ।
न पढे बिग्रंदै जान्छ दुर्गतैको मनुष्य झैं ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने अनेक थरिको तर्क गर्दै मनैं मन ।
स्वजन्म भूमिको पैले गर्ने दर्शन भो मन ।।९।।

शान्त सुन्दर यो देश हेर्दै दिला सवारी भो ।
त्यो जन्म भूमिमा पुग्दा अन्तरात्मा रसाई गो ।।१०।।

सुवर्णमय त्यो लंका रामलाई उराठ भो ।
जननी औ जन्मभू त्यो स्वर्ग भन्दा विशाल हो ।।११।।

"अपि स्वर्णमयी लंका न मे लक्ष्मण रोचते ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" ।।१२।।

घुम्दै-फिर्दै देश हेर्दै यसरी घर पुग्नु भो ।
मातृ दर्शनले भित्री अन्तरात्मा रसाइ गो ।।१३।।

माताका पदमा कान्छा षडूको लत्रियो शिर ।
उता धेरै पछि छोरो देखेर दूर भो पिर ।।१४।।

माताजी रोग लागेर बेरामी भेटिनूभयो ।
तर पाएँ देखन भनी दुवैमा हर्ष नै भयो ।।१५।।

दुवैमा वर्षियो हर्ष नेत्रबाट झरेर गो ।
मानू जीवनको हाल यसैले स्पष्ट गर्दियो ।।१६।।

आरामीको भयो प्रश्न प्रत्यक्षै पनि सोधियो ।
जस्तो बिते पनि हाल राम्रै भन्ने जबाफ भो ।।१७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतीतमा थियो दुःख कहँदा सुख नै भयो ।
घरका परका बात दुवैबाट सुनाइयो ॥१८॥

मीठो मसीनु खानाले छोरालाई त तृप्ति भो ।
रोग बढ्दै गएकाले आमालाई अशान्ति भो ॥१९॥

माता बन्धु र मित्रैले गुरु ढुक्क हुनुभयो ।
कठोर रोगको धक्का मातामा छट्पटी बढ्यो ॥२०॥

बिते यसरी नै तीन दिनमा रोग चंकियो ।
हेर्दा हेर्दा देह छाडी मातालाई लिएर गो ॥२१॥

कहाँ त्यो लामु पर्देश यात्रा वर्णनको क्रम ।
कहाँ यो जननी साथ वियोगी कष्ट कारण ॥२२॥

जस्तो परे पनी खप्ने यो मनुष्य शरीर हो ।
ऐग्र आत्थो गरी कस्को त्यसै दुःख हराउँथ्यो ॥२३॥

सानु ठूलो गुणी दोषी वियोगी योगी जो मिल्यो ।
टपक्क पारिलैजाने कालको यैं स्वभाव हो ॥२४॥

पुरानु कपडा फाली नयाँ लिन्छ मनुष्यले ।
जीर्ण देह त्यजी त्यस्तै नयाँ खोज्दछ जीवले ॥२५॥

न शस्त्रकाट्छ यस्लाई न आगोले जलाउँछ ।
न गलाउँछ पानीले न हावाले सुकाउँछ ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मने निश्चयै मर्छ मर्नेको जन्म नित्य छ।
अपरिहार्य यस्तामा शोक गर्नु अनर्थ छ ।।२७।।

गीताका यी महावाक्यबाट शोक हटेर गो ।
और्ध्वदैहिक सारा त्यो क्रिया काज समाप्त भो ।।२८।।

अनेकौं दिन पर्यन्तै न चमत्कार देखियो।
विराटनगरी बस्ने पाण्डवै तुल्य गर्नु भो ।।२९।।

माताको सकियो काम अब चित्त उराठ भो :
समाज हितको काम गर्नु वेश विचारियो ।।३ ।।

गाँऊ मुलुककै चाल क्रमैले अब हेरियो ।
शिक्षा धर्म सदाचार फिजाउन अठोट भो ।।३१।।

अन्धविश्वाशले पूर्ण रूढिवाद प्रशस्त छ ।
समस्त देशमा काँही न शिक्षाकै प्रचार छ ।।३२।।

किराँत देशको माझ किराँत ख्यात नाम छ।
नामझैं जनसाराको वेशभूषा रिवाज छ ।।३३।।

राजा कैंदसमानै छन दोस्रै को चल्छ शासन ।
गादिको बाजिमा चल्छ हिंसा मारण मोहन ।।३४।।

बलैले पनि पोलिन्छ नारी सती गराउन ।
मनुष्यको विक्रीहुन्छ दासदासी बताउन ।।३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दया धर्म र सत्कार विपरीत समान छ ।
साधु सन्त महन्तैको उपदेश अनेक छ ॥३६॥

स्वार्थ कै सिद्धिमा चल्थ्यो सबैको यत्न पौरुष ।
जिम्मा झुत्ता थरयाँईको हुकुम देशभित्र छ ॥३७॥

देखेर गाँउँको चाला शिक्षा दीप जगाउन ।
मन भो यसकै निम्ति घुम्नु भो गुरु क्यै दिन ॥३८॥

भूगामा वस्तथे एक करवीर वडाधनी ।
गर्गगोत्रीय थापा ती साधु संगतले गुणी ॥३९॥

श्रद्धालु भक्तका साथ बस्नु भो गुरु क्यै दिन ।
पूजा सामान सेवामा आदिले हुन्न थ्यो कम ॥४०॥

त्यहाँ पनि थिए एक महात्मा ती दुवै संग ।
शिक्षा सम्बन्धको चर्चाचल्दा भो राय संगत ॥४१॥

इलामनेर कर्फोकमा पनि एक साधुको ।
गरी दर्शन ली राय गुरुजी फिरनू भयो ॥४२॥

अशिक्षा दूर गर्नामा सबै भद्रभलादमी ।
संग बात हुँदा आयो सबैको मञ्जुरी पनी ॥४३॥

उन्नाइस्सय बत्तीस साल कैलाशमा अब ।
पाठशाला स्थापना भो नर्मदेश्वरका संग ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारी जंगलको घारी अल्गो थुम्को फराकिलो ।
त्यसैको नाम कैलाश, पाठशाला त्यहीं खुल्यो ॥४५॥

उन्नाइस सहेसाल बत्तीस चैत्रमा समा ।
प्रतिष्ठागरिएका हुन् श्रीराम नवमी महाँ ॥४६॥

सीता र रामका मूर्ति सोनपूर स्वयं गई ।
ल्याइयो लक्ष्मणै साथ स्थापना भो यथा विधि ॥४७॥

हाम्रामुलुकको पैला पाठशाला यहाँ खुल्यो ।
काठमाण्डौं महाँ यस्को निकै चर्चा हुँदै रह्यो ॥४८॥

रैतानहरूको यस्तो कामले चेतना भयो ।
सर्कारले पनी रानीपोखरी शुभ नामको ॥४९॥

स्रोभान्सा

पाठशाला पाकशाला मिलाइकन खोलियो ।
चौंतीससालमा यस्को शुभारम्भ हुँदो भयो ॥५०॥

छात्रशिक्षकको भेला क्रमैले बढदै गयो ।
केन्द्रीय पाठशालाले देश गौरवपूर्ण भो ॥५१॥

खुलेको स्कूलदर्बार त्यो दशैंसालमा थियो ।
तर दर्बारियामात्र उसमा पढ्न पाउँथ्यो ॥५२॥

अब सम्पूर्णले पढ्ने त्यसमा स्थान मिल्न गो ।
यसरी जनतालाई शिक्षाको द्वार खुल्न गो ॥५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँ हेरी दुबै तर्फ पाठशाला बनाइयो ।
छात्रवर्ग दुबैतर्फ क्रमसँग बढेर गो ॥५४॥

देहाती जीवन यता उता शहर सौख्य भो ।
पढाई र सदाचार भने ढिलै रमाइलो ॥५५॥

प्यूठान स्वर्गद्वारी त्यो साच्चै नै स्वर्गद्वार हो ।
तपस्वीहरू धेरैले यो तपोभूमि रोजियो ॥५६॥

सल्यान रूपिटमा, जन्मी त्यहाँ पद्मगिरी बसे ।
कुष्ठरोग तपस्याले हटाई स्वस्थ्य भै रहे ॥५७॥

आवाल ब्रह्मचारी यो महाप्रभु पछि भए ।
यज्ञशाला र गोशाला पाठशाला पनि खुले ॥५८॥

यज्ञ याग सदाचार साथै नै वेदपाठ भो ।
चण्डी रुद्री पढाएर पूजा होम हुँदै रह्यो ॥५९॥

अटूट वेदको पाठ शिवार्चा होम नित्य भो ।
उद्देश्य यसको मुख्य तपस्या नै प्रधान हो ॥६०॥

आचार यसका धेरै मिल्दा जुल्दा भए सब ।
पढाई योग्यता चाहिं ढिङ्ला नै भो सगौरव ॥६१॥

उन्नाइस सहेसाल त्रिपन्न तिर यो खुल्यो ।
ढिङ्ला चाहिं त यो बेला प्रौढतामा पुगीरथ्यो ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै संसारका सौख्य शिवाराधनले दिने ।
वेद वेदाङ्ग गायत्री शिवैलाई बताउने ॥६३॥

सदाचार संगै छात्रलाई ज्ञानदिलाउन ।
पाठशाला संगै देवालयको पनि थापना ॥६४॥

गर्नु उचित संझेर ठाउँको तर्जुमा भयो ।
त्यहीं प्रतिष्ठा हुन गो नर्मदेश्वर नामको ॥६५॥

नर्मदा नाम जप्तामा विषशान्ति गराउँछ ।
यो नदी भित्रको ढुङ्गो नर्मदेश्वर वन्दछ ॥६६॥

अतिउत्तम मानिन्छ त्यहाँको शिवलिङ्ग यो ।
त्यसैले पनि होला यो नर्मदेश्वर थापियो ॥६७॥

नर्मदा नामका दाजु पैले नै स्वर्गमा गए ।
कि पुण्यस्मृति उनकैमा नर्मदेश्वर थापिए ॥६८॥

नामले दाजुको होला कल्याण र उनैप्रति ।
पुण्यार्पण गरेको हो किंवा श्लिष्ट छ पद्धति ॥६९॥

नर्मदा नामकी आफ्नीदिदीका हित खातिर ।
नर्मदेश्वर थापेको अथवा हुनुपर्दछ ॥७०॥

जे होस शिवको पूजा हुन लाग्यो सबैदिन ।
ज्ञान ऐश्वर्यकालागि अति उत्तम यो क्रम ॥७१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन देखिको हाम्रो ईशाराधन पद्धति ।
सिकाउने गजबको हो देवार्चन वा नति ।।७२।।

पच्पन्न सालमा सोही तल भज्जाङ्मा सर्‍यो ।
पाठशाला मठभने माथि कैलाशमै रह्यो ।।७३।।

श्री सीतारामका मूर्ति पाठशाला संगै तल ।
लगिए छोडिए त्याहीं शिव श्री नर्मदेश्वर ।।७४।।

सजिलो सबको पर्दा तल उन्नति वेश भो ।
पानी नजीक भै वस्न छात्र वर्ग खुशी भयो ।।७५।।

यसका योजना लेखा राजामा विन्ति पारियो ।
राजाबाट पनि यस्को प्रशंशा परिपत्र भो ।।७६।।

गुठी सनद रुक्काको ताम्रपत्र तयार भो ।
पाटी र पाठशाला औ देवालय बनाइयो ।।७७।।

आवाल ब्रह्मचारीको विद्यावैभव फैलियो ।
गुरु श्री पाठशालाको महिमा झलमलल भो ।।७८।।

'योगी' 'गुरु' 'महाराज' भन्न थाले ठूला जन ।
'हजूर' भन्दथे धेरै आवाल वनिता जन ।।७९।।

सबै मायिदया गर्ने सबैका हितचिन्तक ।
हुँदा प्यारो मछु भन्ने पर्ने भान सबैं संग ।।८०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लामादारी जुँगा राम्रा जटा फेटा सुहाउने ।
पीताम्वर लगाएका मुनि माधुर्य पाइने ॥८१॥

शरीर बहुतै राम्रो मुख धप धप वल्दथ्यो ।
पूर्णचन्द्र सरी कान्ति सबैलाइ दिलाउँथ्यो ॥८२॥

वहाँका बात सुन्दामा सबैमा शान्ति आउँथ्यो ।
स्वर्गीय सुखको भास सुन्नेलाई दिलाउँथ्यो ॥८३॥

अनेकथरिका प्रशन गर्दै शङ्का हटाउँथे ।
पीयूष पानले जस्तै सबै टन्न अघाउँथे ॥८४॥

चेष्टा अनेक थरिका देखेर गुरु राजमा ।
भगवान सरी मान्य संझन्थ्यो जनता त्यहाँ ॥८५॥

वहाँको करुणा पाए मूर्ख विद्वान वन्दथे ।
गरीव धनी नै हुन्थे रोगीका रोग छुट्तथे ॥८६॥

यो काम तिमीले गर्न सक्छौ भन्नुभयो भने ।
जस्तै ठूलो पनि काम उनैले सिद्ध गर्दिने ॥८७॥

पचासौं जनले गर्न न सक्ने काम एकले ।
गर्दथे सजिलै साथ गुरुको वरदानले ॥८८॥

लामु चेप्टो ठूलो ढुङ्गो ल्याएको एक ज्यामीले ।
इनाम गुरुवाट भो तव सोह्रोर एकले ॥८९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आशीष पाउँदा वन्ध्या पनि पुत्रवती हुने ।
हटाई ताप सबको सुख शान्ति दिलाउँने ॥९०॥

श्रीराम शिवका राम्रा देवालय बनाइए ।
धर्म शिक्षा सदाचार त्यहींबाट सिकाए ॥९१॥

षडेश्वर रह्यो नाम त्यहाँका शिवलिङ्गको ।
श्रद्धालु जनताबाट सहयोग बढेर गो ॥९२॥

श्रद्धाले भक्तको ताँति तँछाड र मछाड भो ।
बर्षियो धनको धारो गुठी गाँठी निकै भयो ॥९३॥

सर्कारको पऱ्यो दृष्टि लाल मोहर गर्दियो ।
पछि हिना मिना होला भन्ने भय हटेर गो ॥९४॥

हेर्वाहा गरने यस्को गुठियार नियुक्त भो ।
कर्मानुसारको धान सबैमा वाँडिने भयो ॥९५॥

विद्वानहरूको भेला त्यो बेला बढ्दै गयो ।
पानीमा आउँछन् माछा भन्ने बात यथार्थ भो ॥९६॥

बालाचतुर्दशी मेला शतवीज छरेर गो ।
रथयात्रा संगै जाने भक्तको जयकार भो ॥९७॥

श्रीराम नवमीमेला व्रतपूजा गरेर भो ।
उसरी नै भक्त मेला भई शोभा बढाइयो ॥९८॥

शिवरात्रिहरू जम्मै पर्वमान्थे सबै त्यहाँ ।
ठूलो तीर्थ बनी हाल्यो त्यो दिला नाम गाउँमा ॥९९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म नीति सदाचार शिक्षा दीक्षा समस्त भो ।
शास्त्रीय मत चर्चाले अन्धविश्वाश दूर भो ॥१००॥

घरको छेउमा रोप्न तुलसी हुन्न भन्दथे ।
पँधेरा छेउमा रोपी पूजा आजा चलाउँथे ॥१०१॥

गुरूले घर दैलामा रोपनू भन्दिनू भयो ।
रोपे सबैले अब ता घरै पिच्छे छँदैछ यो ॥१०२॥

बिरालो खोजी बाँधिन्थ्यो श्राद्धमा अब त्यो हट्यो ।
पितृपर्व महाँ माँस चल्दथ्यो त्यो पनि हट्यो ॥१०३॥

श्राद्धमा द्विज आफैं नै बस्तथे ऋषि रूपले ।
अपसव्य भई पूजा गर्दथे यजमानले ॥१०४॥

हटाइयो त्यहीं देखि कुशको ऋषिराखिने ।
व्यवस्था भो गरे ते सै लोक शास्त्र मिलाउने ॥१०५॥

एकादशाहको दान नलिने नै प्रथा भयो ।
सप्ताहपूजा घरमै गर्दा फाप हुँदै गयो ॥१०६॥

सतीप्रथा दासप्रथा रोग सामाजिकी थिए ।
हटाउन दुवैलाई राजामा विन्ति पारिए ॥१०७॥

सती दासप्रथा दोटै केही पछि हटाइयो ।
रोपेको विरूवा केही पछि फल्ने स्वभाव हो ॥१०८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालय सँगै एक छात्रावास बनाइयो ।
पुस्तकालयले त्यस्मा कमिको परिपूर्ति भो ॥१०९॥

धर्मशाला बन्यो एक पोखरीको प्रबन्ध भो ।
अरुमन्दिरका साथै बाटिका फूलको बन्यो ॥११०

उन्नाइस सहे साठी सालको शिवरात्रिमा ।
षडेश्वर प्रतिष्ठा भो थापिए मन्दिरै महाँ ॥१११॥

कोषागार बन्यो एक जगेडा घर एक भो ।
अनेकथरिका ग्रन्थ उसैमा राखिने भयो ॥११२॥

पाटी, सत्तल, राधाश्रीकृष्ण मन्दिर साथमा ।
पुराणनिम्तिमा बेग्लै घर भो उस ठाउँमा ॥११३॥

घर मन्दिरको खर्च बेहोर्ने धनबानको ।
जमात जंजमाएर जिम्मा-जम्मा भई लियो ॥११४॥

रमानाथ र वद्री श्री जयधर्म र यज्ञले ।
नन्दिकेश्वर श्रीजीवनाथ श्रीशिवलालले ॥११५॥

मिलेर सत्तलै साथ छात्रावास बचाउन ।
कसेकम्मर जिम्मा भो हेर्न थाले सबै दिन ॥११६॥

पाटी जिम्मा लिए आफैं जमान्सिह विचारीले ।
कृष्ण मन्दिरको जिम्मा जंदार बलभद्रले ॥११७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाठशालाको

पूजा र सदावर्त चले व्यवस्था हुन गो सब ।
रेख-देख सबैबाट हुन थाल्यो बराबर ॥११८॥

गुरुको मञ्जुरी पाई भक्तले शिवलिङ्गको ।
स्थापना गरदा आफ्नै नाम दर्ता गराइयो ॥११९॥

शिवेश्वर भयो एक जयधर्मेश थापिए ।
यज्ञेश्वर र जीवेश लक्ष्मीश्वरहरू भए ॥१२०॥

जमार्सिंहेश रामेश बलभद्रेश छेउमा ।
यसरी शिवको भक्ति फैलियो उस ठाउँमा ॥१२१॥

अक्षरारम्भका साथै पढाई गणितै अनि ।
कौमुदीकोष थालिन्थ्यो हितोपदेशको पनि ॥१२२॥

व्रतबन्ध गरी वेद सारस्वर संगै अब ।
स्तुतिपाठ र गायत्रीजप चल्थ्यो क्रमैसंग ॥१२३॥

लेख्ने थियो धुलेपाटी बाँसका खबटा पनि ।
मालिङ्गो पाउने बन्थे राम्रा कलमका धनी ॥१२४॥

परीक्षा मौखिकै चल्थ्यो लेखनथाले पछि पछि ।
उत्तीर्ण छात्रको धान बढ्थ्यो पाठ बढे जति ॥१२५॥

विद्या पढे त्यहाँ धेरै छात्रले, ज्ञान फैलियो ।
सर्कारको पनि दृष्टि हितकारी हुँदै गयो ॥१२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सालमा भन्ने एक ब्यांसी अर्को वडहरे भयो ।
यिनैको धानले पाठशाला राम्ररी नै चल्यो ॥१२७॥

आवाल ब्रह्मचारीका ढोगेर पदपङ्कज ।
श्रद्धाले पढने सारा बने पण्डित दिग्गज ॥१२८॥

प्रधान कार्यकर्ता श्रीनन्दिकेश्वरजी थिए ।
उनैबाट सबैकाम त्यहाँका बनिदै गए ॥१२९॥

अगाध गरिमा पाए वेदमा जयधर्मले ।
वद्री व्याकरण ज्ञाता धुरन्धर हुँदाभए ॥१३०॥

लक्ष्मीभक्तजीले पाए भद्र भागवती गति ।
पूजाकोंठे पाठछोडी ब्रह्ममा गर्दथे प्रेति ॥१३१॥

देवीप्रसाद लंसाल[1] धर्म ज्ञाता धुरन्धर ।
भए, दिङला फटहरे विर्ता हो बितलब् घर ॥१३२॥

टाढा देखि पनि छात्र पढ्न आउँदथे त्यहाँ ।
आशीष मात्रले फुर्थ्यो ज्ञानधारा सबै महाँ ॥१३३॥

हितकारी सबैलाई जरीबुटी लगाइयो ।
पछाडि उसको नाम जगेडा बन राखियो ॥१३४॥

बगैंचा पुष्प उद्यान शमी सल्ला अनेकन ।
पार्वतीकुण्ड श्रीसीता कुण्डले छन् सुशोभन ॥१३५॥

१. लक्ष्मीधर्म संवादका लेखक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमत्कुण्डले धेरै तीर्थको महिमा बढ्यो ।
भावना शुद्ध गर्नें यो परिपाटी मिलाइयो ॥१३६॥

पानी कमल अन्यत्र यहाँ ता स्थल पद्म छ ।
अनेक थरिका पुष्प वीचमा त्यो सुहाउँछ ॥१३७॥

रुद्राक्षारण्यको घारी-भारि शोभा गराउँछ ।
वारिबाट सबैतारी पारि लान तयार छ ॥१३८॥

श्रीरामधारा नजिकै धारा लक्ष्मण नामको ।
बनाइयो त्यहींनेरै व्यवस्था परिपूर्ण भो ॥१३९॥

वेदध्वनि संगै यज्ञ हुन लागे धमाधम ।
छात्रागमनले गर्दा बढयो गुल्जार दिन्दिन ॥१४०॥

पुरश्चरण गायत्री मन्त्रको विधि साथ भो ।
अतिरुद्र महारुद्र धान्यपर्व हुंदै रह्यो ॥१४१॥

पूजा, पुराण, गायत्रीपुरश्चरण चल्दथ्यो ।
विड्लाको पाठशाला यो देशैको नमूना भयो ॥१४२॥

धर्म कर्म सदाचार दीक्षा शिक्षा अनेकन ।
यज्ञ, याग संगै चल्थे दान, धर्म विवेचन ॥१४३॥

जसलाई छ जे खाँचो द्युँला लेउ यथा स्थिति ।
भन्दाभन्दै अपभ्रंश दिङलानाम भएछ कि ? ॥१४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाठशाला नगीचैमा दिङला सानु बजार छ ।
सानै भए पनि लाखौं बन्द व्यापार गर्दछ ।।१४५।।

चौबाटो बिचमा पर्ने सफा सुन्दर छन् घर ।
व्यापारीहरूको ज्यादै त्यहाँ राम्रो मिजास छ ।।१४६।।

केउरानी र तुङ्ङ्छा सांग्राङ सबको बिच ।
पर्ने, यहां सवै आई बसेकाछन् खचाखच ।।१४७।।

बुढा पुराना एकत्र बसेर गफ गर्दछन् ।
श्री षडाननका बात सुनेर कति मक्खछन् ।।१४८।।

बजार देखि क्यैमाथि गाईचरन चौरछ ।
गुरुले गाईका निम्ति राखेको यो प्रसिद्धछ ।।१४९।।

नित्यपूजा सकी माछा परेवा सब पक्षीमा ।
चारो बाँडेर पालिन्थे सन्तति झैं समाजमा ।।१५०।।

गुरुजी रहँदा सत्ययुग नै भो सवै दिन ।
द्विजातिहरूको चल्थ्यो मधुरो वेद गुञ्जन ।।१५१।।

पठन पाठनमा बटुवर्ग छ
जन शुभैशुभ गर्न तयार छ ।

हरिगयो सब अन्धपना अब
सकलमा कलमा न विलीन छ ।।१५२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्विज तथा गुरुगौरव देखियो
निगमसार सबैतिर फैलियो ।
हरिहरार्चनको महिमा खुल्यो
अब सबै वश वैदिक मार्गको ॥१५३॥

यसरी भो सहसा परिवर्तन
खुसिभई सब गाउँदथे गुन ।
हरिसरी गुरुको करुणा मिल्यो
जगतमा गत मानव ब्यूँझियो ॥१५४॥

इति तृतीय निर्माणसर्ग

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थ सर्ग

कैल्हे काहीं वयँ चमत्कार भान
कैले इच्छाबाट नै पारिजान ।
कैले खान्सा अक्षयँ पारी भारी
रक्षागर्ने दीन दुःखी सह्यारी ।।१।।

यस्ता हाम्रा ती महायोगीराज
जस्ले हाम्रो व्युँझिएथ्यो समाज ।
उन्का लीला वाक्य वा सुन्न पाए
ज्ञानी होला निश्चयँ सभ्यताले ।।२।।

येसैले भो लेखनको यो प्रयास
जे जे पाएँ सुन्न वा वयँ किताप ।
ती जन्मँको सानु हो यो संगालो
पढ्दा मिल्ला निश्चयँ नै उज्यालो ।।३।।

नन्दिकेश्वर चेलाले सोधे प्रश्न हजूर को ?
पूर्व जन्म सँक के भो ? के उद्देश्य हजूरको ? ।।४।।

यो सुनेर महाराज चुप लागेर एक छिन ।
मुसुक्क हाँसी उनैमा घुमाई दृष्टि लौ सुन ।।५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नु भो प्रश्न सोध्यौ यो न भन्ने जुवितले बुझ ।
'कार्पण्यदोष' गीता यो जप अष्टोत्तरं शत ॥६॥

शुद्धभै सुतने बेला जपी सुत्नु न बोलनू ।
अवश्यै चिन्दछौ नानी ? को रहेछु म जानन्नू ॥७॥

त्यसैगरी सुते राति जप भो उही मन्त्रको ।
व्युँझदा अरु नै श्लोक जप्तथे त्यो यही थियो ॥८॥

"कृते सनत्कुमारोऽसौ त्रेतायां षणमुखोऽभवत् ।
द्वापरे शान्तनुर्भीष्मः कलौ विप्रः षडाननः" ॥९॥

सनत्कुमार सत्यैमा त्रेतामा कार्तिकेय हो ।
भीष्म द्वापरमा ऐले षडानन हुनु भयो ॥१०॥

चेलाले गुरुको हाल चाल पाए क्रमैसंग ।
गुरुलाई खुशीपारे मिलन के बाँकी हुन्छ र ? ॥११॥

वाग्मती तटको बास पचलीघाटमा सदा ।
चेला भेला भई गर्थे सेवा संगत चाखिला ॥१२॥

साँझ पर्दा फिरे जम्मै एक मात्र त्यहाँ थिए ।
गुरूका पद ता भूमि भन्दा माथि खडा थिए ॥१३॥

छक्क पर्दै अनि सोधे के हो यस्तो ? हजूरको ।
देव झैं पृथिवी छाडी कसरी अडिनू भयो ॥१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरूले भन्नुभो "मेरा निम्ति पर्दैन टेकन ।
तथापि अरूले जस्तै टेक्दै आएँ सबै दिन ॥१५॥

मर्यादा राखनु पर्छ साधारण मनुष्य झैं ।
रामकृष्ण सबै गर्थे कर्म चेष्टा मनुष्यकै ॥१६॥

माखाझैं महमा गिर्छ सिद्धिमा लोभिने नर ।
अनेक भोगले रोकी जान सक्तैन यो पर ॥१७॥

अत्यावश्यकमा थोरै भोगगर्दछ सिद्धिको ।
नत्र साधारणै बन्दै क्रिया चल्दछ योगीको ॥१८॥

साधुको शक्ति हेरिन्छ हुन्न देवत्व हेरन ।
जसोकि[1] यसले गर्छ नरमा भ्रम धारण" ॥१९॥

पूजाको यो भयो बेला, चेलाहेरु सबै गए ।
हट्यो मानवको मेला, मेला देव-मुनी भए ॥२०॥

सन्ध्यामा देवता आई घुम्दछन् नरलोकमा ।
त्यसैले सब छाडेर गर श्री ईश चिन्तना ॥२१॥

गायत्रीजप देवार्चा गर्दा हुन्छ भलो यहाँ ।
भन्ने यो शास्त्रको बात मान्नु पर्दछ लोकमा ॥२२॥

सन्ध्यापर्‍यो देवआए देख्नु भो गुरुले जब ।
योगारूढ हुँदा होला उठेको गुरु मास्तिर ॥२३॥

१. जसोकि भन्ने वहाँको थेगो थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चेलालाई अचम्मै भो लाटिए झैं भए तिनी ।
अमृतै सरिका बात सुन्दा खुशी भए पनि ॥२४॥

अँध्यारै हुन लागेर चेला जान हतार भो ।
गए यदा कदा यस्तै थोरै सिद्धि प्रयोग भो ॥२५॥

चूडोपनयनै सारा बुझाएर समाजमा ।
दिलाका आरुवोटेको नारदे नाम चौरमा ॥२६॥

एकसौ आठ केटाको व्रतबन्ध हुँदै थियो ।
अकस्मातै हुँदा वर्षा सबैको मन आत्तियो ॥२७॥

पानीहुरी संगै आयो नजिकै असिनागिरे ।
देखेर आत्तिदै जम्मै गुरुका शरणै परे ॥२८॥

यो देखी गुरुले भन्नु भयो पर्दैन यो टर्‍यो ।
साँच्चै नै परसर्दै गो अचम्मै घटना भयो ॥२९॥

गुरुको शक्तिले वर्षा हट्यो निर्बिघ्न भोजन ।
भएको अन्त्यमा देखी सबै चकित भो जन ॥३०॥

न हो गुरुजीको शक्ति न वा बादलको छल ।
नजिकै असिना पानी पर्दा बग्थे ठूला भल ॥३१॥

ईशित्व सिद्धिले मेघलाई दूर हटाउन ।
आदेश भो कि वा अर्कै हुन गो शान्तिकारण ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक यज्ञविषे धेरै द्विज जम्मा भईरथे ।
पाठ होम सकी पानी समाते यजमानले ॥३३॥

ईश्वरार्पण "कायेनवाचा" भन्दै समाप्त भो ।
द्विजले हातको औंठी फुकाल अब दान भो ॥३४॥

भने, औंठी म ता दिन्न भन्दथे यजमान त ।
औंठी दान भयो लेऊ, भन्दथे ती पुरोहित ॥३५॥

चल्यो विवाद यसमा गुरुमा उजुरी पुग्यो ।
गुरुले औंठीको दान त्यसरी हुन्न भन्नु भो ॥३६॥

तथापि द्विवजले लोभ गरे औंठी दिनु भनी ।
आज्ञा हुँदा दिए औंठी पाए ती द्विवजले अनि ॥३७॥

न्याय दृष्टि गरे औंठी दिनु पर्दैनथ्यो तर ।
गुरु आज्ञा हुँदा दान गरिहाले सरासर ॥३८॥

द्विवज भू-देव हो, उस्को इच्छा पूर्णगरुन् सब ।
भन्ने अर्ति, दिएको हो कि वा अर्कै रहस्य छ ? ॥३९॥

द्विवजलाई दिनू दान धेरै, इच्छा भए जति ।
भन्ने श्री व्यासको वाणीको नै शिक्षा भए छ कि ? ॥४०॥

तमाखु सब जम्मा भै खान्थे छात्र लुकीकन ।
महाराज[1] वहीं पुग्नु भयो तमाखु मागन ॥४१॥

---

१. गुरुलाई महाराज पनि भन्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोठामा सबले खाँदा धुवाँ बादल झैं थियो ।
पुग्दा गुरू तुवाँलामा चन्द्रोदय समान भो ॥४२॥

रोगी झैं मुहुडा पारी समाती पेट हातले ।
पत्याउने चालगरी भन्नु भो गुरूराजले ॥४३॥

"निकै दर्द भएको छ सताइ रछ रोगले ।
मेरो व्यथा निको हुन्छ एक सर्का तमाखुले ॥४४॥

थोरै भए पनि देओ" भन्दै हात बढाउँदा ।
अकमक्क परे जम्मै बोल्ने सामर्थ्य सिद्धिदा ॥४५॥

जिल्ल पर्दै सबै भागे छाडेछन् कतिले पछि ।
मिल्थ्यो यसै गरी शिक्षा स्वयं तन्मयता बनी ॥४६॥

निर्माण पाठशालाको गर्न काठ कटाइयो ।
छिमेकीले भने–'दिन्न' गुरूले पनि सुन्नु भो ॥४७॥

विचार गर्न लाग्दामा गुरुराज उसै घरी ।
घर दन्दनि बल्नाले छिमेकी रोई घर्धरी ॥४८॥

आए शरणमा पाए दया, शान्ति भयो सब ।
साधुको करुणा पाए के के शान्ति हुँदैन र ? ।४९॥

आयो कोही बिरामीको लिएर खबरै भने ।
रोगै नसोधी झट्टै नै खवाउने औषधि दिने ॥५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकथरिका रोग दवाइ एउटैं हुने ।
अनुपाम मिलाएर खवाउँदा रोग भागने ।।५१।।

निको हुन्थे सबै रोग घोच्ने पोल्ने शरीरका ।
यसैले जनता सारा झुम्मिन्थे सब गाउँका ।।५२।।

मूगाका काजी कप्तान करवीर पुगे भने ।
अनेकौं दिन एकान्त वार्ता चल्थे न जानिने ।।५३।।

कसैले रुपयाँ छैन ठूलो खाँचो परिरछ ।
भन्दा खोजे सरी गर्दै बक्सन्थ्यो रुपयाँ सब ।।५४।।

पूजाकोठेलाई खोज भन्दा पैसा न भेटिने ।
गुरु आफैं गई खोज्दा धोक्रों नै हात लागने ।।५५।।

वहाँका साथमा त्यत्रोरूपयाँ त असम्भव ।
जस्तो लागेर झस्कन्थे देख्ने सुन्ने परस्पर ।।५६।।

हजारौंको पनि खाँचो सजिलै संग टर्दथ्यों ।
वहाँको करूणाबाट सबै दुःख हराउँथ्यो ।।५७।।

छारे रोग निको हुन्थ्यो गुरुका शरणंपरे ।
वहाँको संझना गर्ने धेरै रोगी निकाभए ।।५८।।

सुनेर रोगीको हाल चल्दथ्यो बात रोगको ।
सबैरोगहरू मध्ये हैजा नै वेशरोग हो ।।५९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा चेतना जम्मै उत्तिकै तगडा हुने ।
अरुमा सहसा होस नाश हुन्छ तुरुन्तनै ॥६०॥

गुरूबाट सुनी यस्तो सबै हैजा रूवाउँथे ।
उसैले गुरू जानूभो भन्ने सुन्दा डराउँथे ॥६१॥

सप्ताह एक चल्दैथ्यो तलै अरूण छेउमा ।
स्वयं गुरूजी नै व्यास भएको उस यज्ञमा ॥६२॥

पढ्न आएँ गुरो ! भन्दै एक छात्र पुगे त्यहाँ ।
देख्नैमा पहिचानेर सबै लक्षण छात्रमा ॥६३॥

वेशभो, पढ्न आएछौ, पाठशाला नजीकछ ।
पढ त्याहीं बसी भन्ने गुरूआज्ञा भएछ र ॥६४॥

गए छात्र, वहाँ पुग्दा गुरू नै देखिनुभयो ।
छक्क पर्दैफिरे फेरि जहाँ सप्ताह यज्ञ भो ॥६५॥

गुरूलाई त्यहीं देखे एक व्यक्ति दुबैतिर ।
केहो यो ? स्वप्न ता हैन भन्दै अल्मलिए अव ॥६६॥

धक्कमनमा दिव्य आमाको भानपर्न गो ।
वशै इन्द्रियको बेग शान्तिले चकमन्न भो ॥६७॥

बेला साँझ थियो पूजा आरतीको प्रसङ्गमा ।
मन्त्रोच्चारणमा धेरै थरिको शब्द कानमा ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेछ, छक्क भै हेर्दा बटुचार त्यहाँ थिए ।
वेश भूषा र आकार उमेर गुरू झैं थिए ।।६९।।

ब्रह्मा विष्णु महेशादि विद्यायोग समस्तको ।
हेतु श्री गुरूका पाउ सेवा नै मुख्यधर्म हो ।।७०।।

भन्दै तीन जना हेर्दा हेर्दैगायब नै भए ।
प्रसाद फूलका माला गुरूजीबाट बाँडिए ।।७१।।

जयकार गरी खाना खाएर सुकला भयो ।
गुरू सेवा सबैभन्दा अतिउत्तम मानियो ।।७२।।

अक्रूरले कृष्णलाई देखे झैं यमुना महाँ ।
देखेर गुरूजीलाई भयो आनन्द चित्तमा ।।७३।।

उद्‌देश्य पढने छोडी गुरू सेवा पटी झुके ।
पूजाकोठे रह्यो नाम सर्वदा साथी झैं रहे ।।७४।।

भक्ति ज्ञान र वैराग्य भगवद्‌भक्तको गण ।
श्रीभागवत सुन्नाका निम्ति आउँछ दिन्दिन ।।७५।।

भन्ने यो बात प्रत्यक्षै देखिंदा भक्ति बढ्न गो ।
त्यसैले सब छोडेर गुरूसेवा रूचाइयो ।।७६।।

परे शरणमा गर्थे सेवा मानेर ईश्वर ।
साधनातिर लागेर बस्न लागे तिनी अब ।।७७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लुइंटेल थरी विप्र नाम केवलनाथ हो ।
भन्छन कोही उनी अर्कै थिए सन्देह नै छ यो ।।७८।।

गर्दथे काम पूजाको गुरूका झैं जटा थिए ।
देखिन्थ्ये गुरू जस्तै ती ऐले स्वर्गतिरै गए ।।७९।।

एक चेला कुनै बेला गुरू खोज्दै गए छन ।
त्यहाँ धौत क्रिया देखे गुरूको योग साधन ।।८०।।

समाप्तिको थियो बेला सहसा त्यो समाप्त भो ।
हाँसेर गुरुले केही दया राखेर सोध्नु भो ।।८१।।

"केले तिमी यहाँ आयौ भन्ने बात कुनै छ कि ? ।
देखऱ्यौ यो भाग्यले होला वाक्यसिद्धि भने जति ।।८२।।

पुग्ला यो वरदानै भो" भन्नु भो गुरुले जब ।
फिरे चेला बिदा मागी बुझेर गुरू गौरव ।।८३।।

धन्कुटामा कुनै काम परेर गुरू आउँदा ।
वडाहाकिमका साथ बसी गर्नु भयो कुरा ।।८४।।

वेरामीलाई हेरेर धामी त्याहीं पुगीरथ्यो ।
बम बिक्रमले सोधे "वेरामीलाइं के भयो" ? ।।८५।।

नौलाको दोषले बाला रोगियो धामीले भन्यो ।
एक चल्ला भए देखि पारिदिन्छ छिटै निको ।।८६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर घरगो धामी चल्लाको खोजी भो उता ।
गुरूका साथमा सोधी जान्ने इच्छा भयो यता ॥८७॥

धामीले भन्दछन् नौलो नौलो ववँ देवता छ कि ?
यिनको नखरा के हो ? भन्ने प्रश्न सुने पछि ॥८८॥

विचारी गुरुले प्रष्टै भन्दिनु भो सवै सँग ।
जिज्ञासा शान्त गर्ने यो बात हो शास्त्र संमत ॥८९॥

नौलाको दोष भन्ने ता लोकमा चलनं छ यो ।
सधैं उदाउने सूर्य देव नै नव[१] देव हो ॥९०॥

पूजा गरे यिनै बाट रोग शान्ति हुने बुझ ।
अहिंसित भए मात्र हित गर्छ सबै तिर ॥९१॥

सुनेर सबले पूजा सविताको गरे भरे ।
रोगशान्ति भयो चल्ला उसै हात फिराइए ॥९२॥

कुनै सूर्य ग्रहणमा गरौं स्नान भनी सब ।
महाराज सँगै ओर्ले सतीघाट महाँ अब ॥९३॥

सङ्लो अरूणको टण्डा गहिरा जलमा पसी ।
स्नान दान भए जम्मै गुरूका साथमै वसी ॥९४॥

ठूलो अरूणको धार पारि श्रीमनकामना ।
चिताएको सबैपूर्ण गर्दिने जनकामना ॥९५॥

---

१. भविष्य पुराण आदित्य हृदय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवी दर्शनमा पारि जान इच्छा गरेपछि ।
गुरूलाई गरे बिन्ति सबै नम्र स्वभावली ॥९६॥

जाओ म आउँदै गर्छु भन्नु भो गुरुले जब ।
केही घुमी चढी नाऊ तर्न पारि हिंडे सब ॥९७॥

जप गर्दै महाराज त्यहीं नै वस्नु भैरथ्यो ।
पुग्दा सबै महाराज पैले नै पुग्नु भै रथ्यो ॥९८॥

देखेर सब छक्कै भै गर्न लागे मुखा मुख ।
कसोरी गुरूजी पैले आइपुग्नु भईरछ ॥९९॥

गर्दै तर्क कुनै भन्थे खराउ लाई तर्नु भो ।
कुनै रूमाल ओछ्याई यो नदी पार गर्नु भो ॥१००॥

सिद्धका सिद्धिको हाल चाल पाउन्न क्वै पनि ।
यसैले तर्कना गर्थे यो वा त्यो वा भयो भनी ॥१०१।

देवीदर्शनमा भक्तवर्गको अभिलाष भो ।
उचितै हो जाउ भन्ने आज्ञा श्रीगुरुबाट भो ॥१०२॥

विचारदा ठूलो जन्तु नरभक्षी कुनै थियो ।
गए दर्शनार्थीमा ठूलो अापद पर्दथ्यो ॥१०३॥

यो देखी प्राप्तिको सिद्धि लिइए गुरु जानु भो ।
हट्यो जन्तु भयो शान्ति देवी दर्शन पूर्ण भो । १०४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मातेका मतवालीको झगडा पर्दथ्यो कति ।
बचाउन तिनैबाट गुरु जानु भए छ कि ? ॥१०५॥

यसरी गुरु पैले नै पुग्दा छक्क सबै थिए ।
गरी दर्शन माईको सबै घर घरै फिरे ॥१०६॥

यज्ञ याग हुँदा काँही सामग्री कमी भो भने ।
नम्रतासाथ आफैं गै गुरुलाई सुनाउँथे ॥१०७॥

दयालु गुरू आफै गै स्पर्शगर्दा सबै चिज ।
सबै अघाई फर्कन्थे उत्तिकै त्यो भँडार त ॥१०८॥

सामग्री

हुन्थ्यो, प्रशस्त चिज ता सबै खाई अघाउँथे ।
धनीका घरमा जस्तै सबै सन्तुष्ट बन्दथे ॥१०९॥

काठमाण्डौमा महाराजा सँगमा चल्दथ्यो गफ ।
अहो नाउ डुबो काशीमा भन्दै गुरुजी तब ॥११०॥

सुख्खा रूमाल ली झट्दै निचोर्दा पानि तर्र भो ।
अब बाँचे सबै भन्दै रूमाल अनि राखियो ॥१११॥

सबै छक्कपरे के हो ? चाल यस्तो अचम्मको ।
भन्दै खोजीगरे प्रश्न काशीसम्मै पुऱ्याइयो ॥११२॥

आयो उत्तरकाशीको नाउ साँच्चै डुबीरथ्यो ।
एक योगी त्यहाँ आई सबैलाई बचाइयो ॥११३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उसैदिन उसैबेला भन्ने उत्तर प्रष्ट भो ।
सुन्ने सबैको गुरुमा श्रद्धाभक्ति अनन्त भो ।।११४।।

गुरुको महिमाशाली वार्ता देश विदेश गो ।
दिलाका ज्योतिले धेरै परम्परा प्रकाश भो ।।११५।।

उन्नाइससय पच्चपन्न साल आसाम बासीले ।
श्रद्धा गरेर गुरूमा निमन्त्रण दिंदा भए ।।११६।।

बताए दूतले बात चतुर्मास पुराणको ।
केही चेला लिई साथ गुरूजी पनि जानु भो ।।११७।।

शिलाङ्गमा थिए एक भक्त रायबहादुर ।
चतुर्मास पुराणैको शुरू भो उनकै घर ।११८।।

श्रोता धेरै भई सुन्थे भारतीय कथानक ।
भन्दा भन्दै कथा केही रोकिए छ अचानक ।।११९।।

हेर्दा कतै डुबे जस्तै पानीमा गुरू देखिदा ।
जटा निधार दाह्री औ वस्त्रबाट बुँदा बुँदा।। १२०।।

पानी झरेको देखिन्थो के भयो सब भन्दथे ।
राम राम भनी मौन भङ्ग श्री गुरूले गरे ।।१२१।।

बङ्गाल खाडीमा आयो आंधि जहाज डुब्न गो ।
त्यहाँ बसे र जानेको सहसा अवसान भो ।।१२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबैलाई शान्ति दिउन दयालु परमेशले ।
भन्दै गाथ पुछी ब्रह्मस्याँ भनिएको पुराणले ॥१२३॥

सबै छक्क परे, भोलि पल्टको पत्रिका महाँ ।
जहाज डुबदाको त्यो सबै हाल यथार्थमा ॥१२४॥

एक योगी बचे सारा अरूको त विनाश भो ।
बचे यिनै भनी फोटो दिएको गुरूकै थियो ॥१२५॥

पढेर पत्रिका जम्मै सबै चकित नै भए ।
परमेश्वरमा जस्तै गुरूमा भक्ति गर्दथे ॥१२६॥

शुक्ल कार्तिकमा पूर्ण चतुर्मास पुराण भो ।
चारहज्जारको थैलो दक्षिणा भेटीको भयो ॥१२७॥

सबै लगाएर दिलाका पाठशाला र मन्दिर ।
बने, पूर्ण हुँदै आयो कमी छैन रती भर ॥१२८॥

त्यो बेला चारहज्जार ऐले लाख पचास हो ।
चारपैसा दिदा जान्ने सिपालु कर्मी मिल्दथ्यो ॥१२९॥

गुरुलाई दोष दिने गाउँका एक सज्जन ।
बोल्थे जथाभावि पनि साँच्चै दोष लगाउन ॥१३०॥

प्रतिवाद वहाँसाथ गुरु क्यै गर्नुहुन्नथ्यो ।
पछि उनै छिमेकीले गाउँ नै छोडनू पऱ्यो ॥१३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै भन्दा पुगी पैले उनैका घरमा गुरु ।
हित गर्ने तपाईं झैं अरूता छैन क्वै अरू ।।१३२।।

तपाईका अदवले होशियार म बन्दथें ।
कुनै गर्नु परेकाम विचारै सँग गर्दथें ।।१३३।।

अब कस्को डर लिने साँच्चै छाडा हुने छु कि ?।
बेला बखतमा शिक्षा उपदेश दिनू पछि ।।१३४।।

भन्दै माया गरी फेटा लगी बाँधि दिनु भयो ।
गुरुको मुखमा शोक प्रशस्त संग झल्कियो ।।१३५।।

गालिले[1] गुण जन्मन्छ स्तुतिले गर्व आउँछ ।
यसैले सन्त जम्मैले गाली ज्यादा रूचाउँछ ।।१३६।।

उनै सज्जनले सोधे हिड्ने सर्सति देवको ? ।
देखाई सवितालाई यिनै हुन हेर भन्नु भो ।।१३७।

फेरि सोधे सबै खाने दिएको कुन देव हो ।
वैश्वानर यिनै भन्ने गुरूको उपदेश भो ।।१३८।।

चापागाई थिए लक्ष्मीप्रसाद एक सज्जन ।
चोरी भए संपूर्ण उनको भाँडा बर्तन औ धन ।।१३९।।

सबै भन्दा पुगी पैले गुरूको उपदेश भो ।
अनैतिक गरेकाम नाश हुन्छ मनुष्यको ।।१४०।।

---

१. कामको समालोचना वा, टिप्पणी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चोर पक्र्कं नाश होलान् दशा तिम्रो पनि टर्‍यो ।
शोक गर्नु वृथा जान लक्ष्मी ता चंचलै न हो ॥१४१॥

तिम्रो काम पनि टर्ला दृष्टिपर्छ छिमेकीको ।
यो वाणीगुरूको पाई चिन्ता दूर भएर गो ॥१४२॥

एकैछिन पछि आई छिमेकीले कुरा बुझे ।
आवश्यक थिए वस्तु लक्ष्मीजी चकितै भए ॥१४३॥

तत्कालै चोरको पत्ता लाग्यो, पक्डाउमा परो ।
फिरो संपद, त्यो सारा चोरको भय दूर भो ॥१४४॥

यसरो कहीं सिद्धि देखिए,
कहीं साधारण झैं पनि रहे ॥१४५॥

जसरी पनि लोकको हित
गुरू गर्थे न चुकी क्रमै सित ॥१४६॥

समाजसेवाख्य चतुर्थसर्गं

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पंचमसर्ग

दिला नजिकमा बस्ने छिमेकीहरूका घर ।
निमन्त्रणा हुदाँ पैले गुरु जाने सरासर ॥१॥

ठूलाबडा धनी मानी बस्नेतहरूले पनि ।
सम्मान गुरूको गर्थे महर्षि सरिका भनी ॥२॥

छोरी बिवाहको बेला भतेर बारीमा थियो ।
खाना कम हुने हो कि ? मनमा डर उब्जियो ॥३॥

गुरूका साथमा बिन्ति गरे हेरिदिनु पर्‍यो ।
गुरू गै दाहिना पारी भतेर घुमनुभयो ॥४॥

खाना कमी हुँदै हुन्न निश्चिन्त बस गै तिमी ।
गुरूका बात सुन्दामा उनी ढुक्क भए पनि ॥५॥

आए जन्ती हजारौंले खाए इच्छानुसारले ।
गाउँका सबले खाए थाङ्नें माङ्ने अनेकले ॥६॥

सबैलाई पुग्यो चीज केही कमी भएनथ्यो ।
एकै सोर सबै भन्थे गुरूको करूणा भयो ॥७॥

श्रावणी गर्दथे जम्मै गुरूका साथमा गई ।
गहिरो त्यो पोखरीको किनारामा खडा रही ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिढीमा कम्मरैसम्म पानीमा स्नान गर्दथे ।
सिढीछोडी गएदेखि जो सुकं पनि डुब्दथे ॥९॥

तथापि गुरूजी उस्तै सिढीका परिणाममा ।
वारिपारि घुमी शिक्षा गर्नु हुन्थ्यो समाजमा ॥१०॥

सोधदा यो पनि एक पौडने चाल हो भनी ।
भन्दा सबै ढुक्क पर्थे साँच्चै होला त्यसै भनी ॥११॥

लघिमा सिद्धिको हाल चाल को बुझ्नसक्तथ्यो ?
शिक्षा वैदिक गर्नामा गुरूबाट प्रयोग भो ॥१२॥

कुनै मकर संक्रान्ति न्वाहुने मनसायमा ।
झरेको जनता जम्मा थियो अरूण छेउमा ॥१३॥

न्वाहुँथे जपगर्थे औ दान पुण्य अनेकन ।
गर्दै थिए त्यहाँ आयो भोटेको झुण्ड सामुमा ॥१४॥

ठूला गुरूसरी एक अरूचेला समानका ।
थिए गुरूजीको खोज गर्दथे मिलन मन्सुवा ॥१५॥

बुझेर गुरूले गर्दा इशारा नजिकै पुगे ।
चिनापर्चा गरी आफ्नो सारा बात कही दिए ॥१६॥

तपाइंको सिद्धि हेर्ने इच्छाले आइयो यहाँ ।
देखाउने छु क्यै मेरा सिद्धि प्रभो समीपमा ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म लामा तिब्बती जान्नोस् सुनें प्रभु कुरा वहाँ ।
गर्ने दर्शन भो इच्छा अनि आएँ स्वयं यहीं ॥१८॥

सुनेर गुरूले भन्नुभयो देखाउनोस्न त ।
लामाले दाउरामागे थुपारे सबले तब ॥१९॥

त्यसै फुकेर लामाले आगो बालिदिए भरे ।
धन्य सिद्ध भनी धाप गुरूले उनमा दिए ॥२०॥

लामाले चुप्पि ढुंगामा रोपियो योग सिद्धिले ।
गुरूको मन्त्रणाबाट दण्डपाणिजीले झिके ॥२१॥

गुरूका सामुमा लामा उठेर गै खडाभए ।
उनका स्तनमा सूर्य चन्द्रमा झलल देखिए ॥२२॥

मुद्रा अभयले शान्ति गुरूबाट हुँदो भयो ।
ठूला सिद्ध भनी लामालाई हर्ष विशेष भो ॥२३॥

देखी सबै छक्क पर्दै फिरेर घरमा गए ।
गुरूका साथमा लामा केही दिन सँगै रहे ॥२४॥

लामाले गुरूको धेरै गर्दै आदर फर्किए ।
गुरूबाट पनि उनका प्रशंसा सुनिदै रहे ॥२५॥

पंचमी तीज चौथीका पूजा गुरू समीप गै ।
गर्दथे गाउँका सारा नरनारी मिलेर नै ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो जमातको बोग्ला बेग्लै सामान आउँथ्यो ।
पूजागर्दा कुनै केही चीजको कमी हुन्नथ्यो ॥२७॥

विशेष करूणा हुन्थ्यो मैयाँ शिवकुमारीमा ।
बालचेली भक्तिमती प्रष्टै हुन्थ्यो समाजमा ॥२८॥

जनै सुपारि वर्थै भेटी फूल चामल हातमा ।
लिएर जानुभो माता सानु पद्म छ साथमा ॥२९॥

छोरो पढाउने इच्छा माताजीले सुनाइयो ।
हजूर ? लौ दया होस, यो बिन्ति गुरूमा भयो ॥३०॥

तत्कालै कौमुदीपाठ पद्मलाई सुनाइयो ।
सुनेर यो कुरा बाबु ज्यादै खुसी हुनुभयो ॥३१॥

कौमुदीपाठ छोराको साथिलाई सुनाउन ।
लाउँदा पद्मले सौधे प्रत्याहार अनेकन ॥३२॥

माताले गुरूका धेरै गुण-गौरव गाइयो ।
मेधावी पद्ममा सारा मनभित्र जमीरह्यो ॥३३॥

आफैंले पनि देखेका कुरा आश्चर्यकारक ।
हुँदा गुरूजीमा भक्ति बढ्न थाल्यो निरन्तर ॥३४॥

पानको बदला चावो चढाए हुन्छ देवमा ।
भनिन्थ्यो गुरूले खोज्दा मिल्यो शिवकुमरीमा ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता प्रसंगले गर्दा गुरूज्यादै खुशी हुने ।
मैयाँ भक्तिमती भन्ने बात हुन्थ्यो समाजमा ।।३६।।

रुद्रीषडाङ्ग पूजामा आस्था गर्ने सबै जन ।
आउँथ्यो घरको आफ्नो पूजा सामान लीकन ।।३७।।

आज मेरो छ यो काम भनेर गुरुका सँग ।
निवेदन गरी गर्थे पूजा सामान अर्पण ।।३८।।

बुझेर भक्तको भाव खुसभै गुरुजी तव ।
आफैं उठेरगंगर्ने देव पूजा बराबर ।।३९।।

भेटी फूल र नैवेद्य देवमा गरी अर्पण ।
प्रसाद फूल नैवेद्य फिर्ता हुन्थ्यो क्रमैसंग ।।४०।।

छात्रलाई दिना निम्ति आधानैवेद्य राखियो ।
भन्ने सुनेर हेर्दामा आधाकै भान पदथ्यो ।।४१।।

यताछात्रहरू जम्मै प्रशस्तै सँग पाउँथे ।
उता लगेको घरमा सबैलाई पुऱ्याउँथे ।।४२।।

थोरै नैवेद्यमा आधा वहीं छाडेर आइयो ।
आधाले घरका जम्मै तृप्ति गर्नु अचम्म हो ? ।।४३।।

भनी कसैले सोधेमा हाँसी उत्तर मिल्दथ्यो ।
आधा भनी थोर राखी धेरै फिर्तागरीयको ।।४४।।

रूद्रीषडाङ्ग पूजामा आस्था गर्ने सबैजन ।
आउँथे घरको आफ्नो पूजा सामान लिकन ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज मेरो छ यो काम भनेर गुरूका संग ।
निवेदन गरी गर्थे पूजा सामान अर्पण ॥४६॥

बुझेर भक्तको भाव खुस भै गुरूजी तब ।
आफैं उठेर गै गर्ने देवपूजा बराबर ॥४७॥

भेटी फूल र नैवेद्य देवमा गरी अर्पण ।
प्रसाद फूल नैवेद्य फिर्ता हुन्थ्यो क्रमै संग ॥४८॥

छात्रलाई दिना निम्ति आधा नैवेद्य राखियो ।
भन्ने सुनेर हेर्दामा आधा कै भान पर्दथ्यो ॥४९॥

यता छात्रहरू जम्मै प्रशस्तै सँग पाउँथे ।
उता लगेको घरमा सबैलाई पुऱ्याउँथे ॥५०॥

थोरै नैवेद्यमा आधा वहीं छाडेर आइयो ।
आधाले घरका जम्मै तृप्ति गर्नु अचम्म हो ॥५१॥

भनी कसैले सोधेमा हाँसी उत्तर मिल्दथ्यो ।
आधा भनी थोरराखो धेरै फिर्ता गरियको ॥५२॥

समस्त गाँउको त्यागी, होमपूजा त्यहीं हुने ।
खडकुंडामा भिजाएका न्वाँगी चामल राखिने ॥५३॥

अरूले बाँडदा चीज न पुग्ने अनुमान भो ।
पूजाकोठे हट भनी गुरूले बाँडनु भयो ॥५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घुइँचो भित्र आएर केटाकेटी सताउँथे ।
चतुरा पद्म यिनमा नेताको काम गर्दथे ॥५५॥
माहिला भाइका साथ पद्मबस्थे सरासरी ।
मुइटं हातमा ल्याई बाँड्थे खान्थे बराबरी ॥५६॥
फेरि चामल पाएर खुशी भैं सब फिर्दथे ।
ठूला बडा र महिला क्रमैले अघि बढ्दथे ॥५७॥
हजारौं जनता आई लिदैं चामल फिर्दथे ।
बाँडेको गुरूले खाई भक्त सन्तुष्ट बन्दथे ॥५८॥
ठूलो जमातमा सोधिन् कप्तान्नीले परीक्षक ।
धेरै जनालाई पुग्यो तर चामल उतिछ ॥५९॥
बाँडिदंछ प्रशस्तै नै के अचम्म यहाँ भयो ।
सुनेर गुरूले थोरै बाँडियो भन्दिनुभयो ॥६०॥
थोरै सामान धेरैमा बाँडिदा पनि उत्ति छ ।
प्राकम्य सिद्धिले यस्ता घटना घट्न सक्त छ ॥६१॥
तपस्याले जस्को मन मलिनता दूर हुन गो ।
सुकर्मले देशान्तर पनि भएथ्यो चहकिलो ॥
उनेहाम्रा राम्रा मुनिसरि ठूला सिद्ध गुरूको ।
सबं जानी लेख्ने मनुजहरूमा शक्ति कसको ? ॥६२॥

समाजसेवाख्य पंचमवर्ग

---

१. पानको पातजस्तो खोलमा ... विशेष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठसर्ग

गाउँ वितलबं बस्ने लंसाल हरिलालको ।
देहावशानमा आई मलामीको जमात भो ॥१॥

मर्नँ लंसालको आयु थियो सत्तरी वर्षको ।
दोटी गृहिणीमा जेठीको उमेर त मिल्दथ्यो ॥२॥

रून्ने कराउने उन्का छोरा नातिहरू थिए ।
कान्छीलाई संगै पोल्ने अठोट कोही गर्दथे ॥३॥

षोउशा दुल्ही कान्छी न सन्तान कुनै थियो ।
उनीहटाइँदा सम्पन्न एकलौटी हुने भयो ॥४॥

यो दुराशा बन्धुविषे मजबूत छँदै थियो ।
तसर्थ डोलीमा राखी घाटलाने विचार भो ॥५॥

सतीको सोर ढाकेर बाजा खूब कडा बजे ।
नन्दिकेश्वर चेलाले गुरूमा उजुरी गरे ॥६॥

उनकै साथमा आई गुरूको सोधनी भयो ।
बाजा किन बजाएको दिन हो अपशोच को ॥७॥

मृत्यु भो लाश यो लान घाट लम्मा भयो सब ।
बाजा बजाउनु व्यर्थै गराई भैरवी रब ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुलहीहरू डोलामा राखिएका अहो किन ।
कि सती पोलने चेष्टा गरेको हो सबै भन ॥९॥

भन्दै गुरूजीले जम्मैलाई हेरेर सोधियो ।
इशारा गुरूको पाई बाजाको शब्द रोकियो ॥१०॥

भने सबैजनाले यो सती पारेर पोलन ।
आँटेको गुरूको राय के छ ? होस विवेचन ॥११॥

सुनेर गुरूले केही विचार गरी भन्नु भो ।
बुझ्ने सबैले पारेर सतीतत्व प्रकाश भो ॥१२॥

"अनेक योनि भोगेर नर जीवन मिल्दछ ।
शुभ कर्म गरी यस्ले क्रमैले मुक्ति पाँउछ ॥१३॥

यो बिनाश गरे धर्म अर्थ सम्पूर्ण नाश भो ।
अकारण ठूलो हत्या दोष हुन्छ मनुष्यको ॥१४॥

सबैको हित गर्दामा ठूलो पुण्य हुने बुझ ।
अरूलाई दिए दुःख पापभारि गराउँछ ॥१५॥

भोगले पाप वा पुण्य पंले जस्को समाप्त यो ।
गरेका कर्म सम्पूर्ण हरिलाई चढाइयो ॥१६॥

म, मेरो, परको शत्रु, मित्र वा सुख दुःख हो ।
भन्ने बिस्मय हर्षादि [illegible] ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्ता नारी कुनैंमात्र पतिका साथ जल्दछन् ।
सिद्ध योगी समानैं ती महिला पूजनीय हुन् ॥१८॥

अरूमा यो जबर्जस्ति गर्नु हुन्न समाजले ।
गर्दा ठूलोपाप होला नर्क बास गराउने ॥१९॥

इत्यादि गुरूकाबात सुन्दा धेरैं खुशी भए ।
सम्पत्तिको गरी चिन्ता अंशियार निमोठिए ॥२०॥

लम्साल कुलका जान्ने नारायण प्रसादले ।
भने शास्त्रैं खण्डित भो धर्ममा यो प्रहारले ॥२१॥

पहिले देखिको आफ्नो मर्यादा थाम्नु पर्दछ ।
शास्त्रको त विधानै छ सर्कार पनि मान्दछ ॥२२॥

अनि के डर भो ? मर्दा स्वर्गति पाउँछिन यिनी ।
अनेक कल्प पर्यन्तै अरून्धती समं बनी ॥२३॥

आज्ञा न होस यस्तो यो शास्त्रैंलाई विनाशन ।
ठीक पारी सक्यौं लान, हुँदै हुन्न फिराउन ॥२४॥

सुनेर गुरुले फेरि भन्नुभो सब सामुमा ।
कहाँ कहाँ कता के के कति वात छ शास्त्रमा ॥२५॥

के सबै तिमीले जान्यौ अथवा हामि जान्दछौं ।
अवला विधवालाई मार्न यो जिद्दि गर्दछौ ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वनबास गए राम मरे राजा घरै महाँ ।
वसिष्ठले गराएथे सदगति सरयू महाँ ॥२७॥

रानी तिनै बचाएथे के बुझेर वसिष्ठले।
स्वर्गीय सुखमा वास्ता गरिनन् किन कुन्तीले ॥२८॥

हजारौं कृष्णका रानी फिराए किन पार्थले।
विधवा धर्म के निम्ति भनेको धर्मशास्त्रले ॥२९॥

यी सबै तिर हेर्दामा शास्त्र सिद्धान्त फुर्दछ।
विधवाको गरे रक्षा पुण्य कल्याण मिल्दछ ॥३०॥

सबैका घटमा ईश भई व्यापक बस्त छ।
जीवहत्या गरे आत्म हत्याको दोष लाग्दछ ॥३१॥

बचाए ईशकोपूजागरेको फल मिल्दछ।
यो देह कपडा झैं हो जीवात्मा यस भित्र छ ॥३२॥

नरले कपडा जस्तै जीवले देह फेर्द छ।
फेराउंदा जबर्जस्ति ठूलो अन्याय पर्दछ ॥३३॥

आफ्नो समयमा आफैं देह फेर्दछ जीवले।
स्वर्ग वा नर्क वा जो-जो मिल्छ भोग्दछ कर्मले ॥३४॥

ज्यूंदै लगेर आगामा होमनु पाप कर्म हो।
यें बुझेर वशिष्टादि हरूले त्यो हटाइयो ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो सुर्क महारोगी पनि चाहन्छ बाँचन ।
अवला महिला केले गर्दछिन् मर्न चाहना ॥३६॥

वेदले ~~यदि~~ पनि यै भन्छ "जीवेम: शरद: शतम्" ।
पति मर्दै यिनी केले भन्दिहुन् अहिल्यै मरूम् ॥३७॥

पतिको शोकले भन्दा पोलिने डर धेर छ ।
यसैले यिनमा चिन्ता खेद शोक प्रशस्त छ ॥३८॥

कर्मका खेलले नारी अथवा नर बन्द छ ।
दुवै जोडा मिलाएर दैवले सृष्टि गर्द छ ॥३९॥

यो मर्त्य लोकमा मर्छ सबै प्राणी क्रमै सँग ।
भवितव्य बिना कोही न एकै साथ मर्दछ ॥४०॥

दाह संस्कार मर्नेको बाँचेकाले गराउनू ।
शिक्षादीक्षा गरी आफ्ना सन्तानहरू पालनू ॥४१॥

कर्तव्य उसको हुन्छ मर्नु वा मारनू दुवै ।
बलात्कार अनाचार हुन्छ, गर्नु हुँदैन है ॥४२॥

गुरुको यो मीठो वाणी सबैले मञ्जुरी गरे ।
डोलीबाट सती वर्लो गुरुका शरणै परिन् ॥४३॥

सबैलाई सुनाएर गुरूले भन्नुभो अब ।
यहाँबाट सती पोल्न हुँदै हुन्न सधैं भर ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तारै देशबाटै यो अनाचार हटाउन ।
प्रयास गरिने नैछ राजा सम्म पुर्‍याउन ।।४५।।

यो सुनेर खुशी साथ मलामी घाट तर्फ गो ।
दिङ्लाबाट सती पोल्ने त्यहींबाट हटेर गो ।।४६।।

केही अगाडि देखीनै "जबर्जस्ति नपोलनू ।
साच्चै सती भई जानेलाई चाहिं नरोकनू" ।।४७।।

भन्ने सर्कारको नीति देशमा लागु भै रथ्यो ।
पछाडि चन्द्र संशेरबाट दोटै निषेध भो ।।४८।।

तीन सर्कार त्यो बेला चन्द्र संसेरजी पनि ।
गुरुका साथमा बात कुरा कानी गरौं भनी ।।४९।।

भक्त मण्डलमा साँच्चै भक्त जस्ता बनिकन ।
गएर सोधदा निस्क्यो गीता-ज्ञान विवेचन ।।५०।।

मन्त्रीको चाकडी गर्ने दर्शनार्थी निकैथिए ।
सिपाही खुफिया आठ पहरे सब वंरिए ।।५१।।

ठूलो समाज जम्मा भो ज्ञान गंगा नुहाउन ।
यता ता भक्तको घेरा बसेकै छ सबैदिन ।।५२।।

मिलाएर सबैलाई राखियो, गुरु बीचमा ।
रहनूभो, बसे मन्त्री सामु थोरै नजीकमा ।।५३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजारौं जनता श्रोता अनि भार्दार छन् कति ।
ठूला-भला सबै सुन्न चाख राख्ने भए जति ॥५४॥

धेरै जम्मा भएकाले भेला मेला समान भो ।
सिपाहीले गरे रक्षा सभा त्यो चकमन्न भो ॥५५॥

गुरुका साथमा प्रश्न चन्द्र संशेरको भयो ।
मुक्तिक्षेत्र त काशी हो, हैन नेपाल देश यो ॥५६॥

भन्दछन्, शास्त्रके भन्छ र गुरुको राय हो कसो ? ।
तपाईंले पनि काशी बासनै गर्नु वेश हो ॥५७॥

सुनेर गुरुले केही विचार गरी भन्नु भो ।
विद्या, ज्ञान, तपो मुक्ति क्षेत्र काशी विशेष हो ॥५८॥

श्री विश्वनाथको बास, गंगा उत्तर बाहिनी ।
समस्त तीर्थको रास सकिदैन सबै गनी ॥५९॥

त्यो काशीनगरी बस्छ शिवजीका त्रिशूलमा ।
शिवको गणले रक्षा गर्छ मानव भेषका ॥६०॥

यस्ता अरू पनि क्षेत्र घुम्दा पाइन्छ देशमा ।
शास्त्रले गणना गर्छ साँचो बात छ शास्त्रमा ॥६१॥

"अयोध्या मथुरा माया काशी काञ्ची अवन्तिका ।
पुरी द्वारावती सप्त नगरी मोक्षदायिका" ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्षका निम्तिमा मोक्षपुरीको बास वेश छ ।
धर्मार्थकामका निम्ति अन्यत्र पनि योग्य छ ॥६३॥

कर्म प्रधान यो लोक हुँदा कर्म सधैं भरी ।
गर्नु पर्दछ शास्त्रीय मतको पालना गरी ॥६४॥

न्याय, नीति, दया, धर्म, हरि सेवा जहाँ भयो ।
साधु संगतले जसको मनोमालिन्य दूर भो ॥६५॥

कुनै विषयमा छैन ममता लेश वा कण ।
सदाचारी उही व्यक्ति तोड्न सक्तछ बन्धन ॥६६॥

निष्काम कर्म गर्नाले मुक्ति सर्वत्र मिल्दछ ।
सकामले पापपुण्य बढी मोक्ष हराउँछ ॥६७॥

आत्म दर्शनका निम्ति जप आचार पद्धति ।
श्रद्धा सन्तोष एकान्त सेवीले पाँउछन् गति ॥६८॥

काश्यादि तीर्थ सेवीले जसरी मुक्ति पाँउछ ।
ज्ञानी कर्मिष्ठ निर्लिप्त उसरी मुक्त बन्दछ ॥६९॥

योगाभ्यास सधैं गर्ने हरिको गरी चिन्तन ।
सत्कर्म रत जो सोही जन हो मुक्ति भाजन ॥७०॥

महूँ, मेरो सबैवस्तु भन्ने हो दृढ बन्धन ।
शरीर पनि यो आफ्नै ह्वैन भन्ने बुझिकन ॥७१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ममता छोडी जो गर्छ सधैं श्रीब्रह्म चिन्तन ।
सोही मनुज भो मुक्त न छोडे पर्छ बन्धन ।।७२।।

जनता ममता वद्ध चौरासीलाख घुम्दछ ।
ममतामुक्त योगीको सिधैं ब्रह्मप्रवेश छ ।।७३।।

चौरासीमा सधैं घुम्न अथवा मुक्ति पाउन ।
शास्त्रको मत हो जान ममता मुख्य कारण ।।७४।।

स्नानले मुक्ति मिल्दैन ज्ञानले मात्र मिल्दछ ।
यसैले साधु एकान्त बसी ज्ञान बढाँउछ ।।७५।।

जल जन्तु सबै तर्थे स्नानले यदि तर्दथ्यो ।
विना कर्म, विना ज्ञान सहसा तर्न सक्छ को ? ।।७६।।

विभूति लाउंदै तर्छ भन्ने एक[1] पुराण छ ।
विनाज्ञान विभूतिले अर्को[2] तर्दैन भन्दछ ।।७७।।

पुराण व्यासको वाणी व्यङ्ग्य लक्ष्याभिधेयको ।
वृत्तिले सबमा ज्ञान गराउन अनेक भो ।।७८।।

भाव शुद्ध गरी कर्मनिष्ठाले ज्ञान पाउँछ ।
कर्महीन भए दोटै भुक्ति मुक्ति गुमाउँछ ।।७९।।

तसर्थ कर्मका निम्ति विभूति धारणा गर ।
त्रिपुण्ड्रमा सधैं बस्छन् ब्रह्मा विष्णु महेश्वराः ।।८०।।

१. देवी भागवत २. गरूड पुराण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेष मात्र लिने, कर्म न गर्ने नष्ट भ्रष्ट भो ।
आडम्बरी उही जान, यही नै मुख्य भूल हो ॥८१॥

विषयीको शुद्धि गर्न तीर्थको दरकार छ ।
साधुको सङ्गले तीर्थ पवित्र-नर बन्दछ ॥८२॥
पुराण वेद वेदान्त रामरी बुझ्नु पर्दछ

शिवपूजा साधुसेवा यीको दोटा मुख्य कर्म छ ।।८३
साधु को महिमा धेरै ठूलो हो बुझ्नु पर्दछ ~~॥८३॥~~

~~पुराण वेद वेदान्त रामरी बुझ्नु पर्दछ ।~~
आचार उसको हेर लोक भन्दा अलग्ग छ ॥८४॥

कीरा सजान विषयी भोगमा नै रमाउँछ ।
नौ ढोके पुरमा योगी न फस्छ न फसाउँछ ॥८५॥

अरूको देहको शुद्धि स्नानले हुन सक्त छ ।
योगीले कुल्चदैमात्र तिनै लोक पवित्र छ ॥८६॥

नित्य मुक्त छ योगी त्यो विषयी नित्य बद्ध छ ।
फलाशाविषयीमाछ योगीमा त्यो हराउँछ ॥८७॥

विषयी विषयाशक्ति नर्कमा छट्पटाउँछ ।
ज्ञान गङ्गा विषे योगी गोतालाई रमाउँछ ॥८८॥

न्यायले देशको रक्षा गर्ने भूपति देव हो ।
सुशासन गराएमा राजर्षि पदभागि भो ॥८९॥

साधुको वेदको धर्म शास्त्रको मत खोजने ।
प्रजाहरू सुःखी पार्न सधैं यत्न गरी लिने ॥९०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाराजसरी धर्म जिज्ञासु को कहाँ छ र ? ।
यसैले गर्दछु बिन्ति ख्यालहोस बराबर ॥९१॥

सतीजाने प्रथाबन्द गर्नु आवश्यकै भयो ।
दासप्रथा पनि उस्तै रोग सामाजिकी छ यो ॥९२॥

यो हटाए भलो होला राजा रैति सबैतिर ।
नहटाए सबैदेश हुन्छ आपदको घर ॥९३॥

ज्युँदो मानिस आगामा होमनू धर्म होइन ।
मनुष्यले मनुष्यैको नगरुन किन–वेचन ॥९४॥

सर्कारको कडा दृष्टि परेमा हटने छयो ।
मौकामा पुण्यको भागी हुने यो शुभ योग हो ॥९५॥

इत्यादिगुरूगीताले त्यो समाज अघाईं गो ।
गुरूको सांझको संध्या गर्ने बेला पनि भयो ॥९७॥

समुद्रबाट घैलाले पानीझैं यो सबै सुनी ।
उठ्यो समाज सहृष्ट परा सांच्चैनै ठीक हो मनी ॥९७॥

यसरी कति शासकै पनि
गुरूका सङ्गतले गुणी बनी ।
जनता बीचको कुरीति गो
सहसा दास सती प्रथा हट्यो ॥९८॥

गुरूगीताख्य–षष्ठःसर्गः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तमसर्ग

यसरी काठमाण्डौमा धेरै भक्त हुँदा भए ।
उनैले पाठशालाको प्रबन्ध बरिलो गरे ॥१॥

फिरेर फेरि दिलामा बस्नु भो गुरुक्यै दिन ।
पाठशाला भने जस्तै चल्नाले ढुक्क भो मन ॥२॥

चौबिसवार गायत्री पुरश्चरण गर्नु भो ।
उपदेश र शिक्षाले देशै उज्वल पार्नु भो ॥३॥

क्रमले घुमदै आयो उनान्सत्तरि साल जो ।
त्यो बेला बटुली चेला उपदेश अनेक भो ॥४॥

मेरो जाने भयो बेला यसपल्ट म फिर्दिन ।
गुठी औ पाठशालाको सबैले गर्नु रक्षण ॥५॥

अनेक थरिको हावा बहने छ समाजमा ।
गर्नेछ उसले बाधा सबै धर्म र कर्ममा ॥६॥

यसको धान अन्यत्रै खर्च गर्ने प्रयासमा ।
लान कोसिस गर्ने छन लोभिई यस धानमा ॥७॥

न दिनू लान हेर्नू यो पाठशाला सबै मिली ।
अन्त्यमा यसकै हुन्छ जित, जाला ढली कलि ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मांसमद्यहरू यस्मा गर्लान् कोसिस लानको ।
यो ब्रह्मतीर्थसंस्थामा त्यो ज्यादै नै निषिद्ध हो ॥९॥

शिवराम, परब्रह्म, परमेश्वर एक हो ।
पार्वती जानकी ब्रह्मबोधिनीत्रिति शक्ति हो ॥१०॥

यिनको गरनू सेवा भावना शुद्ध बन्दछ ।
योग वा ज्ञान वा भक्ति त्यहीं बिश्रान्ति गर्दछ ॥११॥

साधुकोसंगले, विद्याज्ञानले, गुरु भक्तिले ।
सत्कर्म नम्रताबाट भव तर्छ मनुष्यले ॥१२॥

गणेश, सूर्य, दुर्गा, श्री शिव, विष्णु स्वरूपले ।
सधैं ईश्वरको पूजा गर्नु पर्छ गृहस्थले ॥१३॥

पितृतर्पण पूजाले बलिवैश्यादि कर्मले ।
देव पितृ मुनीश्वर्को तृप्ति गर्छ गृहस्थले ॥१४॥

गो सेवा साधुको सेवा ईशभक्ति निरन्तर ।
वेदाध्ययन गायत्रीजप पूजा सधैं गर ॥१५॥

माया संपत्ति हो जान यस्लो गिर्छ ठूलो पनि ।
भक्त अक्रूर भागेथे हाम्रो यो मणि हो भनी ॥१६॥

सुख दुःखादि हो द्वन्द्व यसैले सब बद्ध छ ।
सुखमा मख्ख भै दुःखमा चिन्ता गर्नु त व्यर्थ छ ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न छोडे आफनु धर्म सिद्ध बन्दछ मानव ।
पर धर्मावलम्वीत हुन सक्तछ दानव ॥१८॥

रास्त्रै भए पनि हुन्छ पर धर्म भयावह ।
दोषी भए पनि आफ्नो धर्म तत्पर भै गर ॥१९॥

जुन देव विषे झुक्छ चित्त त्यो इष्ट माननू ।
दीक्षामन्त्रलिई उस्कै ध्यान गर्नुन छाडनू ।२०॥

तीर्थ जानू, सधैं साधु सेवा, श्री रामसेवन ।
गायत्रीजपले बन्छ सशक्त नर जीवन ॥२१॥

गृहस्थले गृहस्थैको कर्म गर्नु प्रयत्नले ।
अनन्त सुख मिल्ने छ सदाचार सधैं गरे ॥२२॥

वेदाध्यायी सदातुष्ट गायत्री जपमा रत ।
परोपकारमा जस्को सधैं चित्त रमाउछ ॥२३॥

ब्रह्मचिन्तनमा श्रद्धा अगाध गुरू भक्ति छ ।
परमेश्वर झैं त्यस्तो द्विजाति पूजनीय छ॥२४॥

पढेको ज्ञान सम्पन्न द्विज देव समान छ ।
नररूप धरी घुम्ने भूदेव कहलाउँछ ॥२५॥

आठैबर्षमहां जस्को चूडोपयननै भयो ।
वेदवेदाङ्गको पाठ गायत्री जप साथ भो ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चिस वर्ष सम्मैनै अखण्ड ब्रह्मचर्य छ ।
सदाचार र सद्भाव जसमा परिपूर्ण छ ॥२७॥

विषयेच्छा कतै काहीं नगर्ने सिद्ध साधु हो ।
सिद्धि सेवक झैं होलान् देवतुल्य मनुष्य हो ॥२८॥

ब्रह्मचिन्तनले विप्र पूजनीय नमस्य भो ।
नगर्ने वैदिकी निष्ठा जपादि शूद्रतुल्य हो ॥२९॥

दश दिक्पालको अंश राजामा मौजवात छ ।
उनैको शासनैबाट देशमा शान्ति बन्द छ ॥३०॥

नहुँदा भूप सारा यो लोक आफैं विनाशिने ।
चोर डाका फटाहाले न्याय-नीति हराउने ॥३१॥

हुँदा, भूपतिमा श्रद्धा सबैलो गर्नु पर्दछ ।
जसलो लोक मर्यादा धर्म कर्म बचाउँछ ॥३२॥

राजा प्रजा देश चुस्ने वंश आफैं बिलाउँछ ।
अपकीर्ति र निन्दाले शान मान हराउँछ ॥३३॥

अत्यन्त झरिलो राजा देशमा एक जन्मला ।
उसले एक धक्कामा सबै टुङ्गो लगाउला ॥३४॥

वेद स्वरूप हो विप्र, राजा देव स्वरूप हो ।
यी दुवैको योग मिली मर्यादा बन्छ लोकको ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिली बचाउनू आफ्नो भाषा-भेश र देशको ।
नेपालीहरुमा यस्ले बढ्ला मान विशेषको ॥३६॥

कल्याणकारिणी यस्मा दृष्टि पर्दछ भूपको ।
उद्योग शिक्षा दीक्षाले होला उन्नत देश यो ॥३७॥

राजानुसारनै हुन्छन् सत्य, त्रेता र द्वापर ।
व्यवस्था दृढ पारेमा कलिजान्छ हटीपर ॥३८॥

परिस्थिति विषे राजा बद्ध हुन्न कसै गरी ।
राजाको वशमा हुन्छ परिस्थिति सधैं भरि ॥३९॥

जस्तो गराउने इच्छा राजाले गर्छचाहना ।
उस्तै मुलुकमा होला राजा नै काल कारण ॥४०॥

योगीको महिमा धेरै ठूलो सम्झनु पर्दछ ।
श्रद्धा भक्ति सकेसम्म उनमा पर्नु पर्दछ ॥४१॥

हुनता पेटका निम्ति पनि भेशबदल्दछन् ।
आफू अरू सबैलाइ अन्धकारै गराउँछन ॥४२॥

त्यस्तालाई दिनू शिक्षा नरिसाई प्रयत्नले ।
सप्रे त्यो गुरुको पुण्य पाउला उपदेशले ॥४३॥

जसको सङ्गले पाप-पुण्य गर्दछ लोकले ।
त्यसको फल भोग्नेछ उपदेशक वर्गले ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो भए पनि साधु-भेश पूज्य नमस्य छ ।
तर सिद्धान्त वा शक्ति अत्यन्त मननीय छ ।।४५।।

लोक कल्याणको काम गर्ने सज्जन वर्ग हो ।
समाज हितमा जस्को योगदान सधैं रह्यो ।।४६।।

त्यो सन्त हो गुणग्राही कृतज्ञ हुनुपर्दछ ।
त्यस्ताको मान मर्यादा सधैं रहनुपर्दछ ।।४७।।

सुकर्म गरने सानै पनि उत्तम मानव ।
कुकर्मरत हो उच्च जातनै पनि दानव ।।४८।।

स्पृश्यास्पृश्य ठूलो-सानू द्विजादि-शूद्र सम्मको ।
छुटयाउने कसी जान सुकर्म र कुकर्म हो ।।४९।।

गृहस्थाश्रमले सेवा सबैको हुन सक्त छ ।
यसले देवको पूजा पितृयज्ञ गराउँछ ।।५०।।

नँगी[१], योगी र सन्यासी यसैको भर पर्दछन् ।
ठूला याग ठूला दान यसैले गर्न सक्त छ ।।५१।।

वेद वेदान्तको सार योगयाग र दानको
पालना गर्न सक्ने यो गृहस्थाश्रम एक हो ।।५२।।

यसले वेदको रक्षा दीक्षा सत्कर्म तर्फको ।
साधुसन्त महाँ भिक्षा दिने एक गृहस्थ हो ।।५३।।

१. फैरी लगाई घुम्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञले, देवपूजाले, गायत्रीजप, दानले ।
श्रुति स्मृति र आचार रक्षा गर्छ गृहस्थले ॥५४॥

विद्याध्ययन गर्ने यो तपस्वी छात्रवर्ग हो ।
तपस्या यसको पूरा हुँदा रक्षित शास्त्र भो ॥५५॥

शास्त्रीय शिक्षा सबले सुखैले पाउने भयो ।
जगेडा यसको गर्दा होला सम्पूर्णमा भलो ॥५६॥

छात्रले वेद वेदाङ्ग यथार्थ सँगलो पढुन ।
दुराचार सबै फाली विद्यार्जन सधैं गरुन् ॥५७॥

गुरु भक्ति र गायत्री रत आश्रित ईशमा ।
हुँदैं पचिवस बर्षे जो बस्तछन ब्रह्मचर्यमा ॥५८॥

यस्तामा ब्रह्मको ज्ञान आफै आफ उदाउँछ ।
योग, सन्यास, गार्हस्थ अनि एक समाउँछ ॥५९॥

पैलो जीवनको ढोका यही नै ब्रह्मचर्य हो ।
यसको पालना गर्दा सबै काम सुसिद्ध भो ॥६०॥

दोस्रो गृहस्थ हो जस्मा तिनै आश्रम टिक्तछ ।
धर्मार्थकामका साथै यस्ले मुक्ति दिलाँउछ ॥६१॥

त्यागाभ्यास हुने तेस्रो वानप्रस्थ कहिन्छ जो ।
यसको ममता त्यागी तीर्थ भ्रमण कर्म हो ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वन प्रस्थान गर्दानै वानप्रस्थ कहिन्छ यो ।
त्यागी विषय, श्रद्धाले गर्नू खोजिमहेशको ॥६३॥

चौथो सन्यास हो जम्मै त्यागी दण्ड लियो भने ।
नारायण स्वरूपै भो शास्त्रले पनि मानिने ॥६४॥

यी सबै पूज्य मानिन्छन् गर्छ पूजा गृहस्थले ।
अनन्तपुण्यको भागी हुनेछ शुभ कर्मले ॥६५॥

दाम्पत्यलो गृहस्थीको सुख सौभाग्य मिल्दछ ।
गृहिणी साथमा राखी धर्मार्थ काम बन्दछ ॥६६॥

सदाचारवती नम्र दयालु गृहिणी भए ।
गृहस्थका सबै दुःख विपत्ति दूर भै गए ॥६७॥

सती पतिव्रता नारी नमस्या योगी झैं बुझ ।
ती नारीमा सधैं पूज्य भावना गरने गर ॥६८॥

पतिव्रता दुबै वंशलाई उज्वल पार्दछिन ।
देवता ऋषि वा सिद्ध उनिदेखि डराउँछन् ॥६९॥

जसका घरमा साध्वीसतीको बास पर्दछ ।
त्यो गृहस्थ बडो भाग्यशाली हो बुझ्नुपर्दछ ॥७०॥

जो सेवा पतिको गर्ने हितै मात्र चिताउने ।
उनै पतिव्रता मध्ये पहिले गणना हुने ॥७१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहिणी घरकी लक्ष्मी समानै सम्झने गर ।
तिनी खुशी भए बढ्छ स्वास्थ्य आयु निरन्तर ॥७२॥

एक नारीवती ब्रह्मचारीनै कहालाउँछ ।
यसले धर्म कामार्थ मोक्ष हासिल गर्दछ ॥७३॥

धेरै हुनाले सद्बुद्धि सबैमा गर्नुपर्दछ ।
काखा पाखा गर्नथाले नर्क भागी बनाउँछ ।७४॥

नारी पुरुषको प्रेम जहाँ निर्मल शुद्ध छ ।
त्यहाँ सुख र ऐश्वर्य स्वर्गतुल्य अनन्त छ ॥७५॥

यी मातृ शक्तिको व्याख्या गर्छन् व्यास पुराणमा ।
श्रद्धा, बुद्धि, दया, शान्ति सबै नारी स्वरूपमा ॥७६॥

तसर्थ यिनको मान विशेष हुनुपर्दछ ।
नारीकै आडपाएर गृहस्थाश्रम चल्दछ ॥७७॥

यसरी गुरुले धेरै उपदेश दिनू भयो ।
सुनेकै भरमा धेरै सदाचार बढेर गो ॥७८॥

गुरुका जीवनी भित्र अनेक घटना घटे ।
वहांको करूणापाई कतिका विपदै हटे ॥७९॥

यस्ता महापुरुषको लेखिएनकि जीवनी ।
सबैलाई शान्ति दिने मृत संजीवनी बनी ॥८०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपय गुरुका यी वाक्य पियूष जस्ता ।
सुनी सब जन देख्थे मार्ग आफ्नो खुलस्ता ॥
अरूपछि पनि फेरी पाउँला सुन्न भन्थे ।
अकरूणनरभक्षी कालको ख्याल गर्थे ॥८१॥

यसरी थरि थरीको वोध पारी सबैमा ।
दिनुभई गुरुगीता भक्त चेलाहरूमा ॥
अब गुरु हिड्नूभो गाउँ त्यो छोडिदैं गो ।
क्रमसँग पर जाँदा बाग्मती पौचनू भो ॥८२॥

अलिकतिजन साथै लागिहाले पछाडि ।
अरू सब घर फर्के गाउँ दिंला पहाडी ॥
निज-निज, सुत-नारीलाई सारा सुनाए ।
समय-समयमा ती बात सम्झी रमाए ॥८३॥

कति नगर र गाँउ-गाँउ घुम्नू भएथ्यो ।
मिहिनत गरी दिंला तीर्थ झैं पारिएथ्यो ॥
द्विज गुरु निगमैको सार जस्ले खुलायो ।
हरि सकल कुरीति सभ्य शिक्षा उदायो ॥८४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उही गुरु सब छोडी जानु भो हाय दूर ।
कतिपय जनताको चित्त साथै लिएर ॥
नजिक पनि छ टाढा सम्झना छैन जस्को ।
परछ तर समीपै हुन्छ जो सम्झिनेको ।।८५।।

पशुपति पद चिन्ता बाग्मती स्नान गर्दै ।
शरणगत सबैको दुःख दारिद्रय हर्दै ॥

गुरु बसनु हुँदामा कल्पवृक्षै समान ।
सकलजन सुखी भै मानु भो स्वर्ग धाम ।।८६।।

सगीतयात्राख्य सप्तम सर्गः ।

☐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टम सर्गः

पचलीघाटमा बस्ता मन्त्री राणा अनेकन ।
आएर गर्दथे सेवा भक्ति भाव बडाउन ।।१।।

धर्मका शास्त्रका राजनीतिका र गृहस्थका ।
सदाचार र गायत्री जप औ यज्ञ यागका ।।२।।

चर्चा अनेक थरिका चल्दथे गुरुजी सँग ।
विवेचना सुनी फिर्थे बहुतै खुश भै सब ।।३।।

उदाहरण दृष्टान्त अनेकथरि चल्दथे ।
सुनेर दुनियाँ जम्मै हर्ष गद्‌गद बन्दथे ।।४।।

त्यसैको सार संक्षेप लेख्ने मेरो प्रयाश हो ।
पढी पाठकले लेला हंस झैं दूध पानीको ।।५।।

धर्मका नाममा धेरै थरिका मार्ग खुल्दछन् ।
अवैदिक सबै त्यस्ता धर्मले भ्रष्टपार्दछन ।।६।।

सबैको मूल हो वेद, धर्मकर्म अनेकन ।
वेदकै विधिले गर्नु स्वेच्छाचारी न भै कन ।।७।।

आफ्नो अवस्था हेरेर यज्ञ याग सधैं गर ।
दान, पुण्य, सदावर्त पर्व वा नित्यनै गर ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुराण वेदका बात सबैनै सत्य सम्झनू ।
पालना उनको गर्दै अरूलाई सिकाउनू ॥९॥

गृहस्थाश्रमको राम्रो पालना हुनगो भने ।
वेद धर्म सदाचार हुन जानेछ फैलने ॥१०॥

छोरालाई दिनू अर्ति धर्म नीति अनेकन ।
कुनै पनि अनाचार उबाट नगराउन ॥११॥

अधर्म र अनाचार अन्याय न गरोस् क्यै ।
त्यस्ता मानिसमा श्रद्धा हुनजान्छ जतातते ॥१२॥

खेती व्यापार धन्धा छन् जीविकाका हजारन ।
एकमा चाख राखेर आफैं थाल्छ कमाउन ॥१३॥

आचार धर्मको शिक्षा अवस्यै दिनुपर्दछ ।
जीविका निम्तिमा आफैं चाखली गर्न थाल्दछ ॥१४॥

पिताको श्रेयबढला सपूत पुत्र भै दिए ।
गुरुको गौरव हुने शिष्य सज्जन भो भने ॥१५॥

रजोवती हुनू भन्दा पैले कन्या रमा सरी ।
सम्झनू, यिनको दान पुण्य दायी सधैं भरी ॥१६॥

हुन्छ, गर्नु सकेसम्म भोगाशा न पलाउँदै ।
नत्र त्यो पुण्यको भाग जान्छ उसमा बिलाउँदै ॥१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनाचार पनि काहीं हुन सक्छ समाजमा ।
वर्णसाङ्कर्य वा गर्भपात या पुग्छ मृत्युमा ॥१८॥

छोरी तसर्थ मौकैमा विवाहिता गराउनू ।
शिक्षा र सान्त्वना सम्पत् दिदै खुस गराउनु ॥१९॥

कर्म प्रधान यो लोक कार्य गर्नु सधैंभरी ।
क्षत्रीबाट बने विप्र विश्वामित्र क्रिया गरी ॥२०॥

रामकृष्णहरू कर्म गर्दै शिक्षा दिदैगए ।
सद्भावले कर्मगर्ने सबै सद्गतिमा पुगे ॥२१॥

तल्लो जात पनि राम्रो कर्मले पूज्य बन्दछ ।
शवरीको भक्ति गाथा पुराण पनि गाउँछ ॥२२॥

कुकर्म छाड़ी सत्कर्म गर्ने व्यक्ति पवित्र छ ।
निराशा पिंगला भित्र ज्ञान ज्योति उदाउँछ ॥२३॥

सन्यासीले पनि नित्य कर्म गर्नु, नछोडनू ।
यज्ञ, दान, दया, धर्म सधैंभरी गरी लिनू ॥२४॥

सत्यभाव रजोभाव तामसी गुण तीन छन् ।
तिनैले नरका कर्म फल भिन्न गराउँछन् ॥२५॥

सत्वले ज्ञान उब्जन्छ रजो तृष्णा बढाउँछ ।
मोह मात्सर्यका काम तमो गुण गराउँछ ॥२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रद्धा र विधि निष्ठाले निस्काम जति कर्म भो ।
अनन्त सुखदायी ती क्रिया सात्विक पक्ष हो ॥२७॥

दम्भले कामना राखी गरिने राजसी भयो ।
विनाविधि भएको त्यो कर्म तामसतर्फ गो ॥२८॥

श्रद्धा विना गरेका ती यज्ञ-दान क्रिया सब ।
अनर्थकारी नै हुन्छन फल हुन्न रती भर ॥२९॥

यज्ञको देवता जस्तै लोकमा विप्र सम्झनू ।
आज्ञानुसार उनको ब्यवहार चलाउनू ॥३०॥

राजा हुन देशको प्राण धर्म प्राण द्विजाती हुन् ।
तसर्थ यी दुवै व्यक्ति लोकका पूजनीय छन् ॥३१॥

राजाको पहिलो भाग श्राद्ध, पर्व र यज्ञमा ।
लगाउँने विधानै छ त्यसै गर्नु समाजमा ॥३२॥

देवान्श भूप जानेर श्रद्धा गर्नु सधैं भर ।
छोरै सम्झेर राजाले प्रजापालनु पर्दछ ॥३३॥

अन्याय देशमा काहीं नहुने नै गराउनू ।
नीति र प्रतिभाद्वारा शत्रुलाई दबाउनू ॥३४॥

अहिंसाबाट नै शान्ति होस भर्सक देशमा ।
नत्र दण्डचलाएर गरून भूपति शासन ॥३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृषि, वाणिज्य, शस्त्रास्त्र, न्याय, नीति प्रजा सब ।
सुव्यवस्था गराएर सर्वदा पारनू स्थिर ॥३६॥

साम, दाम, दण्ड, भेद नीतिले राज्य रक्षण ।
गर्ने, प्रजा हित सधैं राजा राजर्षिमा गन ॥३७॥

राज्य आश्रम हो त्यसको शासन राजकर्म हो ।
सुशासन गरे राजा राजर्षिपद भागी भो ॥३८॥

मुलुकै भरमा पूरा दब्दबा भूपको रहे ।
बिरोधी पक्ष उसका दास तुल्य हुँदा भए ॥३९॥

सिंहासनस्थ राजा औ त्रिकालज्ञ मुनीश्वर ।
समान जानी उनमा भक्ति श्रद्धा सधैं गर ॥४०॥

वेद यज्ञ तपोनिष्ठा विप्रकर्तव्य सम्झनू ।
यसमा सर्वदा लागी ज्ञान योग बढाउनु ॥४१॥

अहिंसा सत्य सद्भाव दयाले परिपूर्ण जो ।
निरहंमान कर्मिष्ठ सन्त साधु तपस्वि हो ॥४२॥

अनेक ज्ञानले पूर्ण रामायण र भारत ।
बुझेर पढनू यस्ले गर्दैला ब्रह्म पारख ॥४३॥

पुराणहरू धेरै छन् श्रीमद्भागवती कथा ।
भित्र पाइन्छ गम्भीर ज्ञान अध्यात्मिको ज्यथा ॥४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकथरिका भक्तहरूको छ कथानक ।
सुन्ने सुनाउने जान्छन दिव्यधाम निरापद ॥४५॥

हरि सान्निध्य गर्ने यो भक्तिधारा बहाउँछ ।
धर्मार्थादिहरूजस्तै यो पाँचौं पुरुषार्थ छ ॥४६॥

हटाउँछ महापाप ताप शान्ति गराउँछ ।
यो भागवतको राय कलिकोप उढाउँछ ॥४७॥

गीता हो शास्त्रको सार अनेकौं योग वर्णन ।
गर्दै निस्कामनाबाट देखाउँछ निरञ्जन ॥४८॥

अनेकथरी गीताको शास्त्र गर्दछ वर्णन ।
सबैमा भगवद्गीता मुख्य देखिन्छ लोकमा ॥४९॥

अरूयोगहरू जस्तै भक्ति योग विशेष छ ।
अबला वनिता सारा योग यो लिन सक्तछ ॥५०॥

गायत्रीमन्त्रले ब्रह्मोपासना द्विज गर्दछ ।
विकट ब्रह्मको ज्ञान गीताले नै खुलाउँछ ॥५१॥

यो भक्ति योगले सिद्ध हुन सक्तछ मानव ।
त्रिकालज्ञ बनी भक्त मित्र-मित्रै रमाउँछ ॥५२॥

चारवेद—महाचार महावाक्यहरू छन ।
यिनमा एकको आश्रा भक्तले गर्छ दिन-दिन ॥५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युक्ताहार, बिहारी भै गर्नु चिन्तन ईशको ।
अवश्य उसमा पर्ला दिव्य दृष्टि महेशको ॥५४॥

गीता, गंगा, र गायत्री, गोविन्द सब एक हो ।
विनको आश्रय गर्दा नरजन्म पवित्र भो ॥५५॥

दया हो सत्यको मूल, तपस्या सत्यवाणी हो ।
शास्त्र देखाउने बाटो, ब्रह्म गन्तव्य ठाउँ हो ॥५६॥

ॐकार धनु हो, आत्मा बाण हो, ब्रह्म लक्ष्य हो ।
सावधान भई ताकी लक्ष्य छोडनु बाण त्यो ५७॥

त्रिगुणातीन चिन्मात्रा ब्रह्ममा तवलीन भो ।
मर्ने र जन्मने दुःख सधैंका लागि दूर भो ॥५८॥

छिनो हृदयको ग्रन्थि सबै संशय दूर भो ।
पाप पुण्य हटे सारा ब्रह्मरूप झलल्ल भो ॥५९॥

यज्ञयाग सदाचार तपस्या हरि चिन्तन ।
सबैको सार यै नै हो ब्रह्मबोध गराउँन ॥६०॥

द्वन्द्व मोह सबै नाघी त्यो परम्पदमा पुग्यो ।
त्यस्ताका नामले मात्रै दुबै कुल पवित्र भो ॥६१॥

नर जीवनको सार मूख्य जानेर यो गर ।
यसैगरी भए धेरै, भक्त, साधु मुनीश्वर ॥६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसैको निम्तिमा साधु सङ्गको दरकार छ।
श्रुति स्मृति पुराणादि यही बाटो बताउँछन् ॥६३॥

पवित्र भावना राखी प्रभुका पद सम्झनू।
सुख, दुःखादि हो द्वन्द्व ती देखी नडराउनू ॥६४॥

बोलिको कामहो नित्यै हरिको गुणगाउनू।
हातको हरिसेवा वा साधुसेवा समाउनू ॥६५॥

पाउले तीर्थ यात्रा वा देव मन्दिर धाउनू।
मनले परमात्माको रूप ध्यान धरी लिनू ॥६६॥

साधुका-हरिका पाउ वीच यो शिरलत्रियोस।
शास्त्र, साधु र सत्कर्म चर्चाले मन शुद्ध होस ॥६७॥

अनेक योनिभोगेर यो मनुष्य शरीरभो।
मुख्य उद्देश्य यसको मोक्ष हासिल गर्नु हो ॥६८॥

अरूकाम सबै गौण मुक्ति नै मुख्य सम्झनू।
यसै निम्ति सधैं आफ्नो शक्ति युक्ति लगाउनू ॥६९॥

अध्यात्म कर्म छोडेर विषयै तिर जो पसो।
माखा झैं महको, उसको जिन्दगी बरबाद भो ॥७०॥

एकै इन्द्रियले मत्स्यमृगादि मृत्युपाउँछन्।
पाँच इन्द्रियको बेग नर के गरी रोक्तछन ? ॥७१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधु संगतले शास्त्र चर्चाले गुरु भक्तिले ।
सदाचार र निष्ठाले रोकिने छ बिवेकले ॥७२॥

सावधान भई गर्नु यत्न रोकिन्छ इन्द्रिय ।
क्रमैले बढदै जाला ज्ञानको ज्योति निर्मल ॥७३॥

उपदेश यसै प्रकारले, सुनिसारा जन खुशी भै फिरे ।
शातसंगतिको पवित्रता क्रमले बढ्न गयो यथार्थता ॥७४॥

इति गुरुगीताख्य अष्टम सर्गः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नवमसर्ग

जब भक्तहरू पुगे त्यहाँ
अनि सोधे धरी भक्ति भावना
तब योग र भक्ति देशको
महिमाको उपदेश निस्कियो ॥१॥

गुरुबार लिनू शिक्षा ब्रह्मचिन्तन कर्ममा ।
गुरूमा हरिमा गर्नू समानै भक्ति भावना ॥२॥

नदी-नाला, लता-वृक्ष, डाँडा-पर्वत जे जति ।
यी सबैमा ईशसत्ता रहेको छ यथास्थिति ॥३॥

त्यो परब्रह्म सर्वत्र बस्छ व्यापकरूपले ।
उसैको महिमा व्याख्या गर्छन् वेदपुराणले ॥४॥

सबैको घटमा साक्षीरूपले बस्छ ईश्वर ।
ध्यान भक्तिसदा गर्नू उसैको भई सुस्थिर ॥५॥

प्रभातमा सधैं जागा हुनू ब्रह्ममुहूर्तमा ।
पद्मासन कसी गर्नू प्रभुको पद चिन्तन ॥६॥

उसैको पाउमा सेतो गंगा धारा चिताउनू ।
त्यसैमा गर्नू स्नानदि देह शुद्ध गराउनू ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयाकाशमा राम्रो फूलेको पद्म सम्झनू ।
उसैमा प्रभुको राम्रो दिव्यरूप चिताउनू ॥८॥

पूजा ध्यान धरी गर्नू स्तुति, अर्पण कर्मको ।
गर्नु शरणमा जान, संझनू दिव्य धाम हो ॥९॥

क्षमा याचनाका साथै राखी हृदय बिचमा ।
खोली आसन शौचादि गर्नु स्नान सदादिन ॥१०॥

अनेक नामका देव उनका रूप भिन्न छन ।
शास्त्रोक्तविधिले इष्ट देवको भक्ति गर्दछन् ॥११॥

एक ईश्वरको पैले पाँचरूप विभाग भो ।
पञ्चायतन हो नाम वेदकै यो बिधान हो ॥१२॥

कार्यानुसार उनको रूप भेद अनेक भो ।
यसरी देवको संख्या अनगिन्ति बढेर गो ॥१३॥

यो बुझेर सधैं गर्नू ब्रह्मचिन्तन भक्तिले ।
गन्तव्य स्थान एकै हो मुक्ति मिल्दछ जुक्तिले ॥१४॥

यो ठूलो हो र यो सानू भन्नु मूर्खपना बुझ ।
बिराटपरमात्माको भक्ति पूजा सधैं गर ॥१५॥

प्रकृतित्रिगुणी हुन्छिन् देव निर्गुण छन सब ।
कार्यका निम्तिमा लिन्छन् देवले गुण गौरव ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७

तामसी राजसी भन्दा सत्यसेवा प्रशस्य छ ।
प्रसस्त फलको भागी हुन्छ त्यो सत्य सेवक ॥१७॥

अनेक हरिका नाम विधिले शास्त्र गाउँछ ।
हजारौं नामको काम एकै राम गराउँछ ॥१८॥

चार स्वरूपले राम लोक कल्याण गर्दछन् ।
नारायण स्वरूपैले सर्वदा तप गर्दछन् ॥१९॥

बिराटरूपले लोकधारणा गरने यिनी ।
धर्मरक्षार्थ धरने अवतारहरू पनि ॥२०॥

शेषशायी भई ब्रह्मालाई शिक्षा दिने यिनै ।
सृष्टि-स्थिति र संहार गर्ने हुन् देवता तिनै ॥२१॥

व्यापक ब्रह्मसबको घटमा परिपूर्ण छ ।
यस्तो श्रीरामको सत्ता अनन्तर अगाध० छ ॥२२॥

एकसौआठ जपनाले राम नाम विपत्तिमा ।
शान्ति होला महामन्त्र राम नाम छ लोकमा ॥२३॥

आत्तिएर पुकारेमा रामदर्शन मिल्दछ ।
सबै दुःख र सन्ताप आँफै आँफ बिलाउँछ ॥२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यान भक्ति क्रिया योग सन्यास चक्रचिन्तन ।
अनेक थरि बाटाछन परमात्मा चिनाउन ॥२५॥

नियमी भं सदागर्नू प्राणायाम बराबर ।
देख्ने छ उसले आफैं आफूमा जगदीश्वर ॥२६॥

यो कर्म भूमि नै देह कर्म खातिर जन्मियो ।
स्वकर्म नगरे यस्को जन्म वैफल्य नै भयो ॥२७॥

आत्मज्ञानार्थका निम्ति पाएको नै शरीर हो ।
त्यो छोडी विषयाशक्ति रहनुचाँहि भूल हो ॥२८॥

नेति धौति क्रिया नौली शुद्ध गर्छन शरीर यो ।
खेचरी त्राटकैबाट समाधि शुरूवात भो ॥२९॥

अमीष्टदेवतालाई तत्वमस्यादिले बुझ ।
युक्त/हारबिहारीले पाउला जगदीश्वर ॥३०॥

साधनारत योगीको क्रमैले सिद्धि मिल्दछ ।
यसरी योगले सिद्ध भवसागर तर्दछ ॥३१॥

प्राचीनदेखिको देश नेपाल 'नयपाल' हो ।
न्याय भूप सदाचार यसमा यै विशेष भो ॥३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेनाम मुनिले पाले तब नेपाल नाम भो।
उनैको शासनापाई पूर्ण हिन्दूत्वको छ यो ॥३३॥

शास्त्र संमतको राजा, न्याय सत्य यथार्थ छ।
वेद वेदाङ्गको सार सदाचार पवित्र छ ॥३४॥

यसै कारणले देश विशेष गरिमा युत।
साधना गर्नका लागि अत्यन्त उपयुक्त छ ॥३५॥

लोक रक्षार्थका निम्ति गिरिजा साथ शङ्कर।
घुम्दा देख्नु भयो श्लेष्मान्तक जंगल सुन्दर ॥३६॥

वनशोभा थियो राम्रो फलपुष्प बनस्पति।
सबैको सुषमा देखी हर्ष भो मनमा अति ॥३७॥

रूखको आडपाएर तरूणी झैं सबैलता।
फूले-फलेर फैलेका गृहिणी झैं गृहस्थका ॥३८॥

मृगिणी-मृगकासाथ, भ्रमरी-भ्रमरा सँग।
कोयली पोथिका साथ रमेका छन सबै तिर ॥३९॥

सरर्र वँहदा हावा फूल बर्बर झर्दछ।
व्यापी श्री परमात्माको मानौं पूजन गर्दछ ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हल्लिएका लता पुष्प गर्छन स्वागत प्राणिको ।
आतिथ्यको क्रिया गर्ने मानों सभ्य गृहस्थ हो ॥४१॥

बाग्मतीको जलाधार बग्दा कल्कल गर्दछ ।
अमृतं सरिका चीसा जलका कण छर्दछ ॥ ॥४२॥

यस्तो प्रकृतिको चाल देखी शङ्कर खूश भैं ।
बस्नुभो सुतको चाल हेर्ने स्नेही गृहस्थ झैं ॥४३॥

त्यो आफ्नो दिव्यतालाई छिपाई मृग भैकन ।
पार्वती मृगिणी पारी खेल्नु भो शिव क्यै दिन ॥४४॥

जगतैका पिता-माता यो धरातलमा झरे ।
नजानी शिवको पत्ता देवता छक्कनै परे ॥४५॥

शिव पार्षद ती जम्मै मृग औ मृगिणी भए ।
साधारणतया कोही पनि चिन्न असक्त थे ॥४६॥

देवताहरूले बिन्ति हरिका साथमा गरे ।
व्यापी विष्णु हुँदा उन्ले इशारा सबमा गरे ॥४७॥

जमात देवको आई मृगरूप महेशको ।
परे शरणमा पाए दया दृष्टि महेशको ॥४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुभो शिवले फेरि सम्बोधन गरी कन ।
पशुरूप धरी मैले गरें क्रीडा अनेकन ।।४९।।

पशुको पनि भै ज्योति लिङ्गरूप म धर्दछु ।
समस्त भक्तका साथ म सधैं यहीं बस्तछु ।।५०।।

मेरा भक्त सबैदेव आसपास यहाँ बसुन ।
यो भूमिलाई कैलाश तुल्य पुण्यवती गरून् ।।५१।।

यो महादेवको आज्ञा सबैले मञ्जुरी गरे ।
ठाउँ रोजेर आ-आफ्नों बासमा देवता रहे ।।५२।।

काली, नारायण तथा विनायक र भैरव ।
समस्त देव बस्नाले तीर्थ भो बस्न लायक ।।५३।।

गुह्येश्वरी सिद्धपीठ पासमै छ मृगस्थली ।
पवित्र यो तपोभूमि देखी डराउला कलि ।।५४।।

काशी समान यो तीर्थ पवित्र पुण्यदायी छ ।
यो भूमि उर्वरा, सर्प यहाँ निर्विष बन्दछ ।।५५।।

थोरै भए पनि जग्गा धेरैको काम गर्दछ ।
गोरूले जोतने काम यहाँ ज्यादै निषेध छ ।।५६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाग्मतीझैं बहेकाछन ठूला साना नदीहरू ।
साधकी सिद्ध भन याहीं यस्को व्याख्या कति गरूँ ॥५७॥

अनेक महिमा यस्को शास्त्र गर्दछ वर्णन ।
एक-एक गरी जम्मै सकिदैन बनाउँन ॥५८॥

अज्ञानपूर्ण यो सारा जीवात्मा पशुतुल्य हो ।
ज्ञानले उसको गर्दा उद्धारपति नै भयो ॥५९॥

पशुपति भयो नाम यसैले तव शम्भुको ।
पशुपतक्षेत्र यो ठाँउ अति उत्तम मानियो ॥६०॥

यो तीर्थमा बसेकाले हिंसा दुष्कर्म छोडनू ।
गुह्येश्वरी सँगै शम्भु पदलाई नबिर्सनू ॥६१॥

कर्तव्य आफनू राम्रो यत्न साथ सधैं गर ।
यो लोक परलोकैमा कर्मले हित गर्दछ ॥६२॥

यस्ता अनेक थरिका रसिला बात चल्दथे ।
भक्तमण्डल आएर गुरूलाई झुराउँथे ॥६३॥

सबै नै बसमा पर्थे औषधिउपदेशले ।
दर्शनैले भई खुश कति आनन्द मान्दथे ॥६४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसलाई छ जे खाँचो सो त्यहीं गई पाउँथे ।
कल्पवृक्ष समानैका गरूको गुन आउँथे ॥६५॥

बाग्मती तटमा यस्तै चर्चाले दिन बित्तथे ।
हजारौं भक्त आएर सेवा संगति गर्दथे ॥६६॥

उन्नाइससहे साल त्रिहत्तर भयो जब ।
एकाशी बर्ष मैन्हाले साल टेकी रथ्यो तब ॥६७॥

बार मंगल हो मैन्हा ज्येष्ठकृष्ण त्रयोदशी ।
ब्रह्मकर्म भएपूरा पचली घाटमा बसी ॥६८॥

स्नान संध्या देवपूजा सधैं झैं गरी सक्नुभो ।
भिक्षा निमित्त आएका योगीजी देखिनू भयो ॥६९॥

हेरा हेर दुवैबाट हुंदा मित्र सरी गरी ।
अत्यन्त प्रेमका बात गर्नथाले सँगै रही ॥७०॥

भक्त मण्डल त्यो वेला नहुँदा शून्य आश्रम।
थियो, चेलाहरू गर्थे आफ्नै काम घमाधम ॥७१॥

अस्पष्ट गुन्गुने भने चेलाले पनि सुन्दथे ।
तर अन्तिमवेला यो भन्ने ज्ञान विहीन थे ॥७२॥

शालिग्राम शिला लाने इशारा भिक्षुले गरे ।
छिटै नै देह छोडेर तिमिले आउनू भरे ॥७३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाञ्चभौतिक यो देह मिलोस पञ्चभूतमा ।
तपस्याको फलमन्त्र पाउला दिव्यलोकमा ॥७४॥

साधुको बात गुरुले खुश भै मञ्जुरी गरी ।
एकै छिन भए बात योग तर्फ परि-थरी ॥७५॥

गायत्रीबाट स्वप्नामा मिलेको चार चक्रको ।
शालिग्राम सँधै पुज्ने साधुलाई चढाइयो ॥७६॥

म आउँछु छिटै भन्दै उनलाई विदागरी ।
बसेर थाल्नु भो गर्न प्राणयात्रा बराबरी ॥७७॥

हतारबाट त्यो वेला पूजाकोठे पुगेछन ।
सधैं झैं माझ्ना निम्ति जम्मा पारेर बर्तन ॥७८॥

निस्किएर भने छैनन् शालिग्राम कता गए ।
के छैनन् र ? भयो मर्जी छैनन भन्दै उनी फिरे ॥७९॥

हेर्दामा गुरुको चाल रूप नै बदला भयो ।
चेलाको मनमा झस्का अनौठासँग पर्न गो ॥८०॥

मिलेन उत्तरै केही हैजाका चिन्ह देखिए ।
पानीमा लानु नै मुख्य उपचार विचार भो ॥८१॥

अरूरोगहरू भन्दा गुरूको यो थियो प्रिय ।
इच्छाले ल्याइएको हो कि वा अर्को रहस्य छ ॥८२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने तर्क सँगै चेष्टा क्रमैले बवला भयो ।
जे भए पनि पानीमा लानु नै वेश देखियो ॥८३॥

बोली बन्द थियो चेत उत्तिकै तगडा थिए ।
इसारा केहि मिल्ने हो कि भन्ने आश गर्दथे ॥८४॥

इसारा नमिलेकाले चेला चौपट्ट आत्तिए ।
जम्मा भई उठाएर बाग्मती जलमा लगे ॥८५॥

पानीमा अग्निझैं रोग आफैं शान्त हुँदै गयो ।
अब शान्त भयो भन्ने चेलामा भान पर्न गो ॥८६॥

प्राण पूरकले तानी आरोह अवरोहको ।
क्रमैले बनियो कुरुम अवरेचक बन्द भो ॥८७॥

आरोहक्रमले प्राण ऊर्ध्वगामी हुँदैगयो ।
छिनैमा मुखको ज्योति धप्धपाकार देखियो ॥८८॥

देखेर सबले यस्तो अनौठाको परिस्थिति ।
थाले कीर्तन क्यै गर्न गर्दै श्रीपदमा मति ॥८९॥

राम-राम, हरे-राम, शिव-शंकर, हे हरे ।
भन्ने ध्वनी सँगै हाम्रा गुरूका चेतना उँडे ॥९०॥

हैजाको निहुँ पारेर समाधिबाट जानु भो ।
अकाट्य दैवको लेखा हुँदा सोही पुराभयो ॥९१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विलामा जन्मिएको त्यो दिव्यमूर्ति कलेवर ।
शिक्षा-दीक्षा तपस्याले वेशै पारेर उज्वल ॥९२॥

अनेकौं शिष्यमा धेरै ज्ञान गंगा वहाउँदै ।
वैदिकी कर्मको निष्ठा चेलाबाट गराउँदै ॥९३॥

रहने गुरुको आजै यसरी अवसान भो ।
हेर्दा हेर्दै उही मूर्ति पंचभूत महाँ मिल्यो ॥९४॥

मधुरो शब्दको तान आकाशभरी गुञ्जियो ।
सिद्ध स्वागतमा बज्ने मानू मंगल वाद्य हो ॥९५॥

सूर्यको चम्कने कान्ति एकै छिन फिका भयो ।
भक्त स्वागतमा नम्र मानू सभ्य गृहस्थ हो ॥९६॥

बागमती जलको धारा रोए झैं भान गर्दथ्यो ।
लता वृक्ष सबैबाट आँशु झैं फूल झर्दथ्यो ॥९७॥

हावाको सिर्सिरे चाल आत्तिएझैं हुरी भयो ।
पचली घाटको भूमि केही कामे समान भो ॥९८॥

शोकले भरिए जस्तै त्यो कुटीर पटाङ्गिनी ।
आसनी शयनागार पुस्तकालयमा पनि ॥९९॥

हावा समान यो हाल सहरैभरि फैलियो ।
भक्त मण्डलको तांती भाँति-भाँती त्यहाँ पुग्यो ॥१००॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उही आश्रम त्यैं ढोका आसनी उहि खाली छ ।
उही पटाङ्गिनी भक्त बस्ने सम्पूर्ण शून्य छ ॥१०१॥

गुरूको देह देखेर सबै चकित नै भए ।
कालको चाल यस्तो भो कति मूर्छा पनि परे ॥१०२॥

शाहवंशी र राणाका परिवार पनि गए ।
साधु, सन्त तथा भक्त धेरै जम्मा हुँदा भए ॥१०३॥

बत्ती निभी अँध्यारो झैं गुरुको भो प्रयाणले ।
तर जस्तो पनि खप्नु पर्छ यो नर देहले ॥१०४॥

सद्गति गर्नका निम्ति तयारी हुन गो तव ।
अन्त्य दर्शन भो, राखे चिता जल्न गयो अब ॥१०५॥

श्री खण्ड तुलसी साथै घ्यू कपूर प्रशस्त भो ।
यसैमा दाह संस्कार तत्कालैमा समाप्त भो १०६॥

बमबिक्रमकी रानीबाट यो हुकुमै भयो ।
त्रयोदशाहको भोज उनैले गरिने भयो ॥१०७॥

भतिजाहरू ड़ाकेर सम्पत्ति गुरूको दिनू ।
तव सम्म कुटी बन्द गरी हेर्चाह गर्दिनू ॥१०८॥

त्यसरीनै भयो काम दान भोज प्रशस्त भो ।
यसरी गुरुको लीला यहीं आएर टुङ्गियो ॥१०९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रवि-शशिग्रह तारा झुल्कि अस्ताउँदै छन् ।
कतिपय उपदेष्टा सन्त जन्मेर जान्छन् ।।
नियतिवश परेका राम श्री कृष्ण हेर ।
भनी सब घर फर्के चित्त शान्तै गरेर ।।११०।।

इति नवमसर्ग ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार-परिकर श्लोक ५

चाहे योग गरेर सिद्धगतिले घुम्दै रहोस मानव ।
चाहे लोक विनाशि कर्महरूले आफै बनोस दानव ।
आफ्नो भोग जतिछ उत्ति उसकोयो लोकमा बास छ।
जस्तै होस परन्तु भोग सकिँदा तत्काल अस्ताउँछ ।।१।।

आए वीर पराक्रमी कतिजना फेरी बिलीनै भए ।
दैवाधीन मनुष्यझैं रघुपति श्री कृष्ण जस्ता गए ।
जस्ले गर्दछ वेशकाम जन त्यो ज्यूदैंछ मर्ने पनि ।
जो गर्दैन अनर्थजीवितपनि मुर्दा समाने उनी ।।२।।

देशै उज्वल पार्नकाम हुनगो जन्मै षडानन्दको ।
त्यसमा खलबल पारी-हानि गरने साँच्चै महांमूर्ख हो ।
येसैले सबले यथार्थ गुरूको उद्देश्य अन्सारको ।
गर्नूकर्म नगर्नु लोभ उसमा कर्तव्य हाउँनेछ यो ।।३।।

धारा पाटि तलाउ सत्तलसबै पैले समानै रहुन् ।
बिद्यावैभवबाट छात्रहरूले देशै उज्यालो गरून् ।
त्यो आदर्श हिमाल झैं चहकिलो निष्ठा सदाचारको ।
पाईयो जनता उसै तरहले सौभाग्यशाली बनोस् ।।४।।

न कबि हुँन	म दिग्गज पण्डित
न गुरूदर्शन	भाग्य यहाँ र छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पैले झैं आज फेरि श्रुतिमधुरधुनी देशमा गुंजियोस
आवाल ब्रह्मचारी सरिद्विजबटुमा सिद्धि सौभाग्य होस ।
शिक्षाले गाँउँ-गाँउँ घर-घर र कुनालाई पारी उज्यालो
बत्तीझैं विश्वमाने चहक दिन सकौं वैदिकी सभ्यताको ॥५॥
कोही आकाशमा ती ग्रहनगर पुगी सोखलेदिन् बिताउन्
कोही भूलोक नष्टैं गरनु सुख बुझी एटमै वं बनाउन् ।
हामी त्यो दिव्यवेदध्वनि सँग फुरने ज्योतिले विश्वलाई
देखाऊँ वा सिकाउँ यम नियम सँगै जीव जोत्रेशलाई ॥६॥
जीवात्मा भावलिङ्गात्मक थरि-थरि भै भौतिकदेहधारि
गर्दै छट्पट् घुमेको सुख सयल विना निन्तिमै रन्थनाई
व्यक्ताव्यक्तज्ञ केही न बुझिकन डुब्यो त्रैगुणी भेलमात्यो
शिक्षा निष्ठा र आस्था बिनु बुझन उसै शक्ति सामर्थ्य कस्को ।७।
त्यै शिक्षा शुद्ध निष्ठार्जित हृदय विषे भक्तिले योगलेवा
तत्वज्ञानी हुनामा सरल सरल हो वैदिकी कर्मनिष्ठा ।
एसैलाई जगाउँ, यहिंछ सुख सबै शारदी चन्द्रमा झैं
देला आनन्द सारादुखहरू तृणमा नाशला अग्निले झैं ॥८॥
ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्ण मुदच्यते
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥९॥
ॐ शान्तिः ॐ शान्तिः
ॐ शान्तिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

श्रीः

मन्तव्य–१

यद् यद् विभूतिमत्सत्त्वं श्रीमदूर्जित मेववा
तत्तदेवाभिगच्छ त्वं मम तेजोंऽश सम्भवम् ॥

गीता १०/....

विद्वद्वर पण्डित भोग्यप्रसाद भण्डारीज्यूले लेख्नु भएको सत्साहित्य 'षडानन-चरित' उहाँकै मुखश्रीबाट आद्योपान्त श्रवण गर्ने अवसर प्राप्त भयो । अति आनन्द लाग्यो ।

श्रीमद्भागवदंशांश स्वरूप, श्री शंकरावतार नै संझनु पर्ने, तपोनिष्ठ, आबाल ब्रह्मचारी १०८ श्रीपरमगुरु षडानन्द अधिकारीज्यूको तपः पूत जीवनी, सच्चरित्र र समाज कल्याणकारी, विद्या, शिक्षा, धर्म-संस्कृति संबन्धी विविध सत्कर्महरू मैले अघि बालक-कालमा नै सुन्ने मौका पाएको थिएँ । पछि उमेर बढ्दै जाँदा उहाँका अरू सच्चरित्र, सिद्धिहरू समेत बुझ्न, सुन्न पाइयो । उहाँको निस्काम कर्मयोगको वटवृक्ष अझ बढ्दै गएको, झाँगिदै गएको र सर्व साधारणलाई समान रूपले शीतल छहारी दिदै आएको कुरा पनि कतै लुके छिपेको थिएन । गुरुमहाराज नेपाल पूर्व दिला भन्ने डाँडा (उदयाचल) बाट उदाउनु भएको थियो जसले अविद्या-अन्धकार हटाई विद्याको प्रकाश फैलाएर सारा उज्यालो पार्नु भयो । देशको पूर्वीभागको उहाँ पहिलो व्यक्ति हुनु हुन्छ । जसले धर्मको, सदाचारको, वैदिक परम्परागत उपासना पद्धतिको र विद्या-शिक्षाको प्रचार-प्रसारका लागि आफ्नो सम्पूर्ण अलभ्य जीवन नै लगाई दियो, समर्पित गरिदियो । विद्वान्, सदाचारी, धर्मनिष्ठ, सत्यनिष्ठ पुरुषहरूको नितांत आवश्यकता आइपरेको घडीमा उहाँले दिलामा शिक्षाको केन्द्र संस्कृत विद्यालयको स्थापना गर्नु भयो । मन्दिर–देवालयहरू बनाई देवी-देवताहरूको प्रतिष्ठा गराउनु भयो । स्थापित यी संस्थाहरूको पछि संमको लागि गुठीको राम्रो बन्दोबस्त गरिदिनुभयो । त्यहाँ धार्मिक मेलाहरूको आयोजना गरी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गराई धार्मिक र सांस्कृतिक जागृति जनमानसमा जमाइदिनु भयो। आजभन्दा झण्डै सयवर्ष अघि दिलामा यसरी आजकै जस्तो चौतर्फी विकासको आलोक विना कुनै सरकारी दान-अनुदान, पूरापूर जनसहयोग जुटाई फैलाउनु भयो। यो उहाँको अति ठूलो काम हो र ज्यादै टड्कारो दूरदर्शिता हो। यस दृष्टिले हेर्दा :— भगवान् श्री कृष्णले गीतामा बताउनु भएको आफ्नो अवतारको प्रयोजन यहाँ साकार हुन आउँछ :—

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारतः
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥

यस्ता पूर्ण निस्काम कर्मयोगी, लोकोपकारी महापुरुषको जीवनी लेखिनु अति आवश्यक थियो, यद्यपि, उहाँका बारेमा, केही न केही त प्रकाशित न भएको हैन, तर यस प्रकारको इतिहास संमत काव्यको भने दर्शन पाइएको थिएन। यो काम पूरा हुनगयो यो 'चरित'को निर्माणले।

यस रचनाको कथावस्तु ज्यादै व्यापक र विश्लेषणले भरिएको छ। गुरुमहाराजका जीवनका झलकहरू ठाउँ-ठाउँमा प्रत्यक्ष भएर उत्रिएका छन्। उहाँको शिक्षाका वाणीहरू र सिद्धान्तका सिद्धिका कुराहरूले काव्यको कले-वर गरिमामय बन्नपुगेको छ। समाजको कसिगर फोहोर—मैला-दास-प्रथा, सती-प्रथा आदि बढारी हटाउन उहाँबाट भएका प्रयत्न र प्रक्रियाहरूको प्रसंगले काव्यको व्यापकता स्पष्टिएको छ र गुरुमहाराजको विचार व्यक्तिएको छ। काव्य ज्यादै सरल छ। रसीलो शैलीमा छ र प्रवाहमय छ। त्यत्ति हुँदा हुँदै पनि प्रसंगानुसार चाहिने ठाउँमा गंभीरता पनि उत्तिकै वर्णनीय रूपमा विद्वान् कविज्यूले सजिलै प्रस्तुत गर्नु भएको छ। उहाँको धीरता र विद्वताको प्रशंसा गर्नै पर्छ र यस्तो अनमोल काव्य प्रस्तुत गर्नु भए र उहाँले नेपाली र नेपाली-साहित्यलाई ठूलो गुन् लगाउनु भएको छ। आशा छ यसबाट सबैलाई लाभ हुनेछ। म कविज्यूको हृदयदेखि समुन्नति चाहन्छु।

शालिग्राम पोखरेल

धरान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य–२

पूर्व ४ नं. भोजपुर मध्ये गडीगाउँ र वर्तमान कोशी अञ्चल अन्तर्गत केउरानी पञ्चायतमा पर्ने गडीगाउँमा जन्म हुँदा जसले गर्भै टुहुरो उपाधि पायो, उसै व्यक्तिले पछि भविष्यमा यसै ग्रन्थमा लेखिए अनुसार तपस्या; पठन-पाठन, तीर्थयात्रा र देश पर्यटन पछि पनि "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" यो उक्ति अनुसार आफ्नो जन्मभूमि दिङ्लामा न आई राष्ट्र उन्नतिको मूलजरो शिक्षा ठहराई तगोवलको सिद्धिले ग्रामीण जनताको सहयोग प्राप्त गरी १९३२ सालमा गडीगाउँ कैलाश मन्नेठाउँमा संस्कृत विद्यालय खडा गरी देश र विदेशमा पनि विद्याको प्रकाश गराई रूढि अन्ध विश्वास हटाउनुभयो। त्यस्ता प्रातः स्मरणीय पूज्यगुरू महाराज षडानन अधिकारीज्यूका भेटे सुने सम्मका केही कार्यकलाप जीवन घटना हरुको संकलन पाण्डुलिपि आद्योपान्त मैले हेरें। यसका लेखक पं. भोग्यप्रसाद भण्डारीज्यूलाई र यो कार्यमा प्रेरणा गर्ने अनुसन्धानमा सहयोग गर्ने, सबै महानुभावहरूलाई म आफ्नो हृदयै देखि स्वागत गर्दछु।

त्यस्ता अलौकिक सिद्धि र शक्ति भएका गुरूमहाराजका सदुपदेश र यसमा लेखिएका वहाँका जीवन घटनाले पाठक वर्गको सन्देह हटोस र देश-निर्माणका साथै आत्मोन्नति गर्ने सुबुद्धि विवेक मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु।

—पं दुर्गा प्रसाद लंसाल
धरान १५ वाँझागरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिङ्लाको परिचय

तुंलिङटारको उत्तरमा रहेको सतीघाटबाट अरुण तरेर दिला जांदा बाटामा बाक्लो शालको वन छ। यसलाई चौरासी पत्रे पनि भन्दछन्। त्यसमा पसेपछि हराइन्छ। तर षडानन्द गुरुको स्मरण गर्ने पार हुन्छ। वहाँको संझनाले ठूला ठूला विपत्ति पनि टर्दछन् भन्ने किंवदन्ती त्यता हुँदो अझै जीवितै छ।

नर्मदेश्वर स्थापना भएको कैलाशमा पं० हरिहर चापागाईज्यू १२,१५ जना बटु जम्मागरी वेद पढाउनु हुन्छ। वहांबाट प्राप्त भएको यो श्लोकानुसारै- "सदैव त्रिनेत्रे पयो विल्वदात्री तथा भोजने वालकानां चधात्री। स्वयं सेविकाऽध्यापिका शान्ति देवी त्रिनेत्राश्रमस्यत्रिकार्यं करोति" ती बटु-हरूको भोजन, अध्यापन र शिव पूजन समेत शान्ति देवीबाट हुन्छ।

साइनवोर्डमा यो श्लोक लेखेको छ—

"धर्मो रक्षति रक्षित" मनीगुठी संस्थानले लेखियो।
गायत्री प्रति धर्मपत्र गुरुको दिङ्ला गुठीमा छ यो॥
तेही धर्म लिएर आश्रम रह्यो कैलाशमा वेदको।
त्याहीं दर्शन नर्मदेश्वर गरौं जौं मार्ग त्यै शान्तिको॥

षडानन्द संस्कृत प्रधान पाठशालाको गुठीबाट १३६ मुरीधान लगेर यो आश्रम चल्दैछ (१०० मुरी) त्यस्तै केही। धान अरुण मा. (इंग्लिश) विद्यालयमा जांदैछ। श्रावणी गर्दा स्नान गर्ने पोखरीमा पानी छैन। राममन्दिर अगाडि को थम्बामा निम्न श्लोक छ—

कर्णेलराजपदभू रयिजानकीश
गंगाबहादुर इति प्रथितो विनीतः
पादे निवेदयति वायुसुतं त्वदीये
सङ्कष्ट भञ्जन समुद्धर भक्तमेनम्। (संवत् १९७४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो श्लोक अनुसार यहाँ हनुमानको मूर्ति हुनु पर्ने छैन। गोचरन साँधु रि-दैछ, नारदे (नारान) चोरजंगलले घेर्दैछ। यस्ता विषयमा सम्बन्धित निकायको दृष्टि जानु आवश्यक छ।

कैलाश भन्दा केहीतल अरुण माध्यमिक (इंग्लिश) विद्यालय, षडानन्द संस्कृत प्रधान पाठशाला, हेल्थ पोष्टछन्। प्रधान पाठशालामा पाँच-सात छात्र-लाई केही धान वृत्तिको रूपमा दिइन्छ। यो भन्दा केहीतल राम मन्दिर षडेश्वर शिव मन्दिर, राधाकृष्ण मन्दिर, अरुशिवलिंगहरू र छात्रावास छन्। यसै पटाङ्गिनीमा मण्डप छ। त्यहाँ षडानन्दगुरुको मूर्ति कुंदिए कोशिला लेख छ। अगल बगलमा दुईमानिसका चित्रहरू पनि अङ्कित छन्। मूर्ति भन्दा तल तिर निम्न प्रकारको शिलालेख छ :–पूर्वपाटामा

आवाल ब्रह्मचारीषडानन्द १९६६ को शिलालेख—

श्री गणेशाय नमः श्रीसीतारामशिवादिभ्यो नमः ॥
रुक्मिणीगर्भजातेन लक्ष्मीनारायणस्य च।
पुत्रेण श्रीषडानन्दशर्मणा ब्रह्मचारिणा ॥१॥
सीताराम शिवादीनां कृतं स्थापन मुत्तमम्।
विद्यार्थिपाठनार्थाय पाठशालाकृता पुनः ॥२॥
कीर्तिरक्षणकं यै र्यैः क्रियते शास्त्रवर्गितम्
तत्कीर्तिरक्षणादस्तु सर्वेषां पुण्यवर्धनम् ॥३॥

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री षडानन्द प्रधान पाठशालाको संस्थापनामा योगदान दिने महानुभावहरूको विवरणयुक्त शिलालेख—

तपसील

१. देवताका मन्दिर पाठशाला पाटि बगैंचा वन् भएको तावापत्रमा लेखियाको डाँडो समेत जग्गा–१ रामरुँटि रैंकर ४ गुठि विर्ता ७ गरी मुरी ११ सीतारुँटि गुठि विर्तामुरि ७ देवी चरणको दान विर्ता मुरि १५ पंडित नन्दिकेश्वरको दान घोविधारा मनि विर्तामुरि /२ ऐ.को पाटिको जगेरा मरूवा व्यासि विर्ता षेत मुरि–१२ पंडित शिवलालहरूको अर्पन गुठि मार्से रैंकर–/६/६ पं यज्ञनिधिको दान क्यौरेनी वीर्ता षेत मुरि /२ ऐ. को दातव्य वडहरे-रैंकर मुरी /४४ सुवे. जिवनाथको दान घोविधारा मनी विर्ता षेत मुरि /–/५ ऐ. को दातव्य आंवोटे र मुलपानीको सट्टा आंवोटे सिरान समेत रैंकर मुरि –/१८/८ ऐ. को प्र घैंया रुंटो षेत /./५ वषत बहादुरले रूपैंया ९०० मा राजिनामा गरिदियको सांरां सालमा षेत पाषो वन कुरिया रैंकर सोहानी छाप ४ तिरि जीम्मावालको भाग जग्गा १ रविलालको अर्पन पर्ने विर्ता षेत मुरि /./१० पंडित गंगाधरको दान कमेरे विर्ता षेत मुरि–/१ सांल्मा व्यांसि शिवलालको दान घर विह्लौटो मुरि–२५ ऐ. इन्द्रमायाका दानका सट्टा स्मेत टार विह्रायाको वीर्ता मुरि–२५ रू १००१ मा हिरालालले सालमा फार्सी दियाको विर्ता षेत मुरी–/.५० ऐ. मा दफे रूपैंया ८०० को हिरालालको विर्ता फार्सा षेत मु.–/४२ ऐ. रूपैंया ४०१ को हेमलालको फार्सा विर्ता षेत मुरि–/३० ऐ. मा रूपैंया १०१ को अरिमर्दनको फार्सा षेत मुरी–/४ ऐ. मा नीज पोखऱ्यालहरूपाट विनका विर्ता पाषाको आयस्ता मुरी–२ ।

विचारी जमानसिंको दान मार्से षेत मुरि /३/ ऐ. मरूवा इन्द्रवेलास वीर्ता षेत–/१/ चन्द्रलालको रूपैंयां १०१ मा फार्सा लियाको मार्से पाषो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विर्ता पेत मुरि–/३/ पद्मलालको दानमरूवा षेत विर्ता षेत मुरि /./१५/ डिल्लीरामको दान मरूवा विर्ता षेत मुरी–/२/ पंडित तुलसीरामको दान विर्ता षेत मुरी–/./१०/ राधाकृष्नके दान भडारी चौर विर्ता षेत मुरी /./१० लक्ष्मी प्रसादको दातव्य रैंकर तित्रे धोत्रे छेउ समेत मुरि /२१

३. श्रीकान्त हरिचरं लगाएत्का न्यौपानेहरूले रु–२२०० मा फार्सा दियाको सालमा पाषो र विर्ता माटो नया समेत षेत १/३६ ऐ हरूपट्टिवाट कीनेका गाउ पाषाका आयेस्ता मुरि—१ लमछुवा रु. ४२५ को धनपतिहरूका फार्सा विर्ता ढुंगे षेत मुरि–/१० ऐ. मा रुपैंया १२०८ को बलभद्रहरूका फार्सा रैंकर मुरि–२५ विर्ता मुरि–/२५ रूंटि षेत मुरि–/५० गोपी (कृस्न) हरूको दान विर्ता पाषा वस्तिका आयस्ता मुरि १/१० रघुनाथ पं० भीमलाल जदुनाथहरूको दान सती रूंटो विर्ता षेत मुरि /४ इन्द्र बेलासको दान मरूवा बगर विर्ता षेत /१ कोते नारद देविचरंहरूका दानको सट्टा मार्से विर्ता षेत मुरि–/१ डि. नन्दिकेशरको दान गौडे विर्ता षेत मुरि–/४ जङ्गशेर जयनारायण र सीजना तीनको दान षत्र्यां विर्ता षेत मुरि–/२/ पंडित देवि प्रसादको दातव्य स्याम्पांङ मुत्याहा रैंकर षेत मुरि /२

यतापट्टि नअटाएको पल्ला पीठमा छ।

देवशर्मा दाहालले श्रीलाई चढायाको कं. रु. २० अछता।

(पश्चिम पाटोमा)

श्री आबालब्रह्मचारी पण्डित षडानन्द उपाध्यायको तस्वीर (शिरमा)

म आवाल ब्रह्मचारी पण्डित षडानन्द आफूले अर्पन गरेका नगद मोहोरू १०२२ गोपीकृस्नको अर्पन मोहोरू ८९ लक्ष्मीप्रसादको अर्पन मोहोरू ३९ गरि जम्मा मोहोरू ११५० लगानी जग्गावाट सैंकडा मुरि ४ का दरले आउने आयेस्ता धान मुरि–४६.

१. विस्नुदत्तको दान सट्टा पहरे र दिदी विह्लौटो समेत विर्ता षेत मुरी /४ चम्पाधरको दानवारी छेउ विर्ता षेत पाषा /./५ दंडिमा धौ विस्नुदत्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रर्भाषर रामनाथहरूको दान खेतब्रारी ३० ठांउको आयेस्ता मुरि /१ पंडित शिवलालले थापेका रामेश्वरको पूजा र कोठाको जेगेरालाई अर्पन गरेको गुठमार्से पेत रैंकर मुरी /६/१० पंडित जयधमंले थापेका जयधर्मेश्वर पूजालाई राखेको गुठ मार्से रैंकर पेत मुरी /२५–

२. रुपैया ३४७।। मा सम्सेम्ले राजिनामा कटहरेको सट्टा तुंगेछा पाषो स्मेत रैंकर पेत मुरी /६ रुपैंया ४०० मा अगमसिंहसित लिएको बडहरे पेत स्मेत ज्मा मुरी–/१४/१० सांरां सोन्हान-भित्र चौतारा मूलवाटा उत्तरको गाईका निमित्त गोचरन रापेको कसैले जोत खन् गर्न नहुने बाँझो जग्गा....१

ज० वलभद्र वस्त्यातले राधाकृश्न निमित्त अर्पन गरेको गुठ मार्से पुछार कुस्मापरको मट्टा नगाको ३ पलाको घां.मु.४ र ल रूतिषा ? सिहां चिलाउन्या मु० १ समेत ज्या रैं० मु०–/५.

३. हेमलालका छोरा समेतको दातव्य (व्य) रैंकर षेत मुरी–/./१० रुपैंया ७० मा नरधोज राइले दियाको भांटार मुरी /२ सालयाको गणसको आरूबोटे रैंकर मुरी/५ राम्चे पेत मुरी १/२४ मध्यको वलभद्र वस्त्यातको दातव्यको सट्टा मुरी /४ र नरवं वस्त्यातको दातव्य मुरी /३ गरि रैंकर पेत मुरी /१० श्री वोली राइको दातव्य विस रूपा रैंकर पेत मुरी /९ श्री प्रसादको दातव्य तुम्लिम्मा रैंकर षेत मुरी /१०.

धर्मानन्दपाध्याका दातव्य डुडे छेउ रैंकर षेन मुरि—/१

धर्म पत्रिका कागजमा लेखियावमोजिका शिलापत्रका माथि लेखियाका जग्गाहरूका १ सालको आयस्ता धान ज्मा मुरी–३३६/१ यस ज्मावाट भयाको चर्षएकको देहाय बमोजि षर्च ज्मा धान मुरी ३१६/१

१. निन्य पूजा गर्ने ब्राह्मणके धान मुरी २४/२
पाठशाला विछयौनाके रादि (डि) वालिष्ठा मकारि कामतके धान मुरी २/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मौजदात कागत जाँचनेके धान मुरी ३/
मंदिर पाठशाला पखलि चुहुने मत्केको बनाउनेके धां मु. २/१०
वगैंचा टहलुवाके धां मुरी ५/६
वि. जमानसि वस्न्यात्ले पाटिका जगेरालाई राखेको रवाकसीला
रैकने मुरी .. .. /१८
२. नैमित्त्य पूजा षर्चके धान मुरी........................ ७/
मंदिर पाठशालाको लिपस् झारूबडारूके धान मुरी...... .. ६/
देशी परदेशी अभ्यागतका सीधा धर्म मुरी...... . ... ४/१३
विद्यार्थीहरूलाई मैन्हा मैन्हामा सीधा बाँडने धान मुरि १४०
विद्यार्थीहरूलाई न्वागीके धां मु. पाथि ...... /१५
३. डाँडामा नर्मदेश्वरका पूजा र पूजा गर्नेके धान मुरी.... ... ... ५
पाठशालामा पठाउने पंडितके धान मुरी ६३/४
परीक्षा गर्ने पंडित के धान मुरी ६/३
गुठिकाम गर्ने र जीम्मावालके धान मुरी ३१/२/
पाठशालामा अह्लायाको काम गर्ने सिपाहीके धा. मु. ५/
जिम्मा ....

परि आएको १/२/३ तरफको (सीताराम षडेश्वर पाठशालाको काम
जीर्णोद्धारके जगेरा धान मुरी १८/

१. रु. १५५० बाहेक थप रु. २५० मु. ४ का दरले चतुर्मास पुरां भन्ने
पंडितके वर्ष १ के धा. मु........................ १०/
रामकृश्न पाध्याको अर्पन मरूवा कदम्बोटे विर्ता पेत मु. ... १/
२. राइट विश्नुप्रसादको दातव्ये ठ (थ) प् धान मुरी रैके....१
शिलापत्र राखेका मंडप्छाउतके धां. मु. १

म आबाल ब्रह्मचारी पंडित षडानन्द पाण्येका गाथषडा छंउँज्याल जन्मदिन मार्गशुक्ल पंचमीमा र मेरा देहान्त भया पछि एकोदिष्टका दिनमा ब्राह्मण विद्यार्थी पुरोहितहरूलाई दक्षीणा भोजनके साल-साल वर्ष १ के धान मु. २

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४

(पूर्व पाटाको दाँयाँ किनारमा)

सही शिलापत्र म आबाल ब्रह्मचारी पंडित षडानन्दशर्मणः संमति (वाँया किनारमा) यो शिलापत्र विगार्न्यालाई पंचमहापातक लागन्या छ (पश्चिम पाटाको वाँयाँ किनारमा)।

य: स्वदत्तां परैर्दत्ता हरेत सुरविप्रयो: ।
वृत्ति स जायते विऽभुग् वर्षाणामयुतायुतम् ॥

सम्बत १६६६ सालमा (आ) षाड १७ गते वार ४ लिखितम् शुभ (वाँयाँमा) श्री नेपाल पारंको वकुवहाल वस्ने राजाके वंश हर्षयान्को छोरा रत्नमान कालिगरले मालिकका आज्ञाऽनुसार यो शिलापत्रका अक्षर काटेको हो शुभम् ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पुस्तकको प्रकाशनार्थ आर्थिक सहयोग गर्नु हुने महानुभावहरूको नामावली

क्रं सं.	नाम, थर, ठेगाना	रकम
१.	वृहदाध्यात्मिक परिषदको खातामा रहेको शीघ्र भरना गर्नेगरी श्री भोग्यप्रसाद भण्डारी धरान—१६ ह	७२५/
२.	श्रीमती तुलसी शर्मा धरान – १९	५००/
३.	श्रीमती ॐ कुमारी आचार्य धरान -१२	५०१/
४.	श्री दीपबहादुर बस्नेत, धरान –५	१५१/
५	श्री धर्मराजराई, धरान--१९	१५१/
६.	श्री हरिराज बराल, धरान – १२	१०१/
७.	श्री रघुनाथ राय, धरान—५	१०१/
८	मनमोहन कर्माचार्य, धरान –५	१०१/
९.	श्रीकृष्णराज मास्के, धरान--५	१०१/
१०.	श्री खेमराज निरौला, धरान--१०	१०१
११.	श्री पं. दीननाथ पौडेल धरान--५	१०१/
१२	श्री पं. गणेश प्रसाद सुवेदी. धरान--७	१०१/
१३.	श्री बसन्त कुमार कर्माचार्य,	१०१/
१४.	श्री नन्दकुमारी ताम्राकार, धरान	१०१/
१५.	श्री नन्दु खान,	१०१/
१६.	श्री मोहन प्रसाद ताम्राकार,	१०१/
१७	श्री कृष्ण प्रसाद ताम्राकार,	१०१/
१८.	श्री मदन बहादुर बस्नेत, धरान—५	१०१/
१९	श्री बालकुमारी बस्नेत, धरान--५	१०१/
२०.	श्री शालिग्राम पोखरेल, धरान—५	१०१/
२१.	श्री हेमन्तराज अर्याल, धरान--७	१०१/
२२.	श्री रामनाथ बाँस्तोला धरान--४	१०१/
२३.	श्री हरिनाथ बाँस्तोला, धरान--४	१०१/
२४.	श्री विश्वनाथ बाँस्तोला धरान--८	१०१/

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

२५. श्री मुक्ति
२६. श्री वैजन
२७. श्री डम्ब
२८. श्रीमती
२९. श्री तेजन
३०. श्री लेखन
३१. श्री कोश
३२. श्री भानु
३३. श्री पिरुल
३४. श्री क. व
३५. श्री हीरा
३६. श्री छवि
३७ श्री पं न
३८. श्री मातु
३९. श्री ८ॐ ?
४०. श्री गंगाव
४१. श्री रुद्रन
४२. श्री मेघन
४३. श्री अभि
४४. श्री पं. दु
४५. श्री गोपीकृष्ण गौतम, धरान—१४
४६. श्री राधा कृष्ण बराल, धरान १२ ५१/
४७ श्री कालुराम सोनी, धरान—२ ५१/
४८. श्री पं. दुर्गा लंसाल, धरान—१५ ३१/
४९. श्री पं, विष्णु प्रसाद ढकाल, धरान — ५/
५०. श्री हरि प्रसाद भण्डारी, धमौरा—४ ५/
५१. सनातन धर्म सेवा समिति, धरान शाखा १०००(प्रस्तावित)/-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No. 17053

Class No 891.491 Book No BHA

Author भण्डारी, भोग्यप्रसाद

Title बाडानन्द-चरित महाकाव्य

Due on	Borrower's Name	Returned on

891.491
BHA

17053

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको परिचय

भोग्य प्रसाद भण्डारी

१. जन्म :—वि. सं. १९८६, सिभुवा, धनकुटा, कोशी अंचल, नेपाल ।

२. पिता :—स्व० पं० श्री नरपति भण्डारी,

३. माता :—श्रीमती हरिमायादेवी भण्डारी,

४. शिक्षा :—साहित्याचार्य, (वाराणसी),

५. पेशा :—प्राध्यापन,

६. पद :—उप—प्राध्यापक,

७. क्याम्पस :—पिण्डेश्वर (संस्कृत महाविद्यालय) विद्यापीठ,

८. सेवा र अनुभव :—करीव ३० वर्षको प्राध्यापन अनुभव ।

९. प्रकाशित कृति :—१. विष्णुमहिम्नस्तोत्रको नेपाली अनुवाद } एउटै पुस्त-
२. गंगालहरीको नेपाली अनुवाद } को रूप
३. फुटकर कविता :—विभिन्न पत्रपत्रिकाहरूमा ।

१०. अप्रकाशित कृति :—गेय रामायण ।

११. धर्मपत्नी :—१. स्व० श्रीमती ढककुमारीदेवी भण्डारी ।
२. श्रीमती गीतादेवी भण्डारी ।

१२. सन्तान :—पुत्र–४, पुत्री–१ ।

१३. स्थायी ठेगाना :—सन्मार्ग, धरान–१६, सुन्सरी, कोशी अंचल नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu